सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० वैशाख २०८३, बिहीबार (23 Apr 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ गृहमन्त्री सुधन गुरुङका २८ दिन

अप्रत्याशित आगमन, आक्रामक कदम, विवादित बहिर्गमन



राजीनामापछि मन्त्रालयबाट बाहिरिँदै गुरुङ । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

■ राजीनामा दिँदै गुरुङले भने- रामराज्यको चाहना राख्नेहरूले त्याग र नैतिक साहस पनि देखाउन सक्नुपर्छ

मसँग सम्बन्धित विषयमा निष्पक्ष छानबिन होस्, पदमा रहँदा स्वार्थको द्वन्द्व नदेखियोस् र त्यसमा कुनै असर नपरोस् भन्ने उद्देश्यले मैले आजकै मितिदेखि लागू हुने गरी गृहमन्त्री पदबाट राजीनामा दिएको छु । मैले आफ्नोतर्फबाट नैतिक जिम्मेवारी निर्वाह गरेको छु । यदि हामी साँच्चै परिवर्तन चाहन्छौं भने सत्य, इमानदारी र आत्मशुद्धिको बाटोमा सबै उभिनैपर्छ । रामराज्यको चाहना राख्नेहरूले त्याग र नैतिक साहस पनि देखाउन सक्नुपर्छ ।

नयाँ पत्रिका

बिचौलिया समूहसँग कारोबारमा जोडिएको आरोप लागेपछि गृहमन्त्री सुधन गुरुङले २८ दिनमै पदबाट राजीनामा दिएका छन् । बुधबार राजीनामा दिँदै उनले आफूमाथि लागेका आरोपमाथि छानबिनका लागि मार्गप्रशस्त गरेको बताएका छन् । रास्वपा सरकारको एक महिना नपुग्दै राजीनामा दिने गुरुङ दोस्रो मन्त्री हुन् ।

यसअघि श्रीमतीलाई स्वास्थ्य बिमा बोर्डको सदस्यतामा निरन्तरता दिने विवादित निर्णयका कारण श्रममन्त्री दीपककुमार साहको मन्त्री पद गुमेको थियो । प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले उनलाई नियुक्त भएको १३ दिनमै २६ चैतमा पदमुक्त गरेका थिए ।

बालेन सरकारमा गृहमन्त्रीका रूपमा गुरुङको आगमनलाई अप्रत्याशित ठानिएको थियो । गृहमन्त्री बनेलगत्तै निवर्तमान प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकलाई जेन-जी आन्दोलनमा युवाहरूको ज्यान लिएको कसुरमा पक्राउ गरेर हिरासतमा पुऱ्याएका गुरुङ एकपछि अर्को आक्रामक कदम चाल्दै थिए । उनी गृहमन्त्री बनेपछि नै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले विगतमा पुराना दलभित्र खेलेर सरकार बनाउनेदेखि गिराउनेसम्मको शक्तिशाली बिचौलिया दीपक भट्टलाई पक्राउ गऱ्यो । तर, गृहमन्त्री गुरुङ नै भट्टसँग सेयरलगायत कारोबारमा जोडिएको आरोप

» पृष्ठ २ मा क्रमशः

गृहमन्त्रीको राजीनामाबारे रास्वपा महामन्त्री **कवीन्द्र बुर्लाकोटी** भन्छन्-

सरकारमा रहने व्यक्ति विवादरहित हुनुपर्छ भन्ने नै मूल सन्देश हो



गृहमन्त्रीसँग जोडिएर विवाद आएदेखि नै त्यस विषयमा पार्टी सभापति र प्रधानमन्त्रीबिच तथा दुवैसँग गृहमन्त्रीको पनि केही चरणमा छलफल भयो । विवादित विषयमा अल्झिनुभन्दा नैतिकताका हिसाबले राजीनामा दिने भन्ने सल्लाहमै राजीनामा आएको हो । उहाँ (सुधन गुरुङ)ले पार्टीले गर्ने निर्णय र छानबिनमा सहयोग रहन्छ भन्नुभएको छ । आरोप लाग्दैमा कोही दोषी हुँदैन । छानबिनबाट आरोपको पुष्टि भएन वा गलत कार्यमा संलग्नता नदेखिए आवश्यकताअनुसार पूर्ववत् वा अर्को कुनै जिम्मेवारीमा ल्याउन बाधा हुँदैन । मुख्यतः सरकारमा रहने व्यक्ति विवादरहित हुनुपर्छ भन्ने नै मूल सन्देश हो । विवाद उत्पन्न भएपछि नैतिकताको विषय हुन्छ । कतिपय यस्ता विषयले आमजनतामा नकारात्मक असर पर्न जाने हुन्छ भने सुशासनको मामिलामा पनि आघात पर्छ । खाली रहेको गृहमन्त्री पद अब केही समय प्रधानमन्त्रीले आफैँसँग राख्नुहुन्छ । त्यसपछि उहाँले नै उपयुक्त पात्रलाई जिम्मेवारी दिनुहुन्छ ।

दुई हजार 'पहुँचवाला' कर्मचारी दुई वर्षभन्दा लामो समयदेखि सिंहदरबारभित्रै

काठमाडौं उपत्यकाभित्र घुमी-घुमी जागिर खाने साढे चार हजार


राजनीतिक-प्रशासनिक पहुँचका आधारमा सिंहदरबारको चौघेराभित्रै वा उपत्यकामै घुमी-घुमी जागिर खाने 'रैथाने कर्मचारी'माथि कडाइ गर्ने सरकारको तयारी

■ संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल भन्छिन्-

कोही राजधानीमा मात्रै बसिरहने, कोही वर्षौंदेखि दुर्गममा खटिनुपर्ने अवस्थाको अन्त्य गर्छौं



सरकारले दुई वर्षभन्दा लामो समयदेखि सिंहदरबार र उपत्यकाभित्र मात्रै कार्यरत रहेका कर्मचारीहरूको सबै विवरण विश्लेषण गरिरहेको छ । केही 'अफिसर'हरूलाई स्थानीय तहहरूमा खटाई पनि सकेका छौं । बाँकी रहेकाहरूलाई पनि प्रदेश र जिल्लामा खटाउँछौं । कोही कर्मचारी राजधानीमा मात्रै बसिरहने, कोही वर्षौंदेखि दुर्गममा खटिनुपर्ने अवस्थाको हामी अन्त्य गर्छौं ।



सुवास भट्ट/नयाँ पत्रिका

निजामती सेवा ऐन र नियमावलीअनुसार कर्मचारीको सरुवा अवधि दुई वर्ष तोकिएको छ । तर, व्यवहारमा भने यो व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन, विशेषगरी पहुँचवाला कर्मचारीका हकमा ।

मुलुकको प्रशासकीय केन्द्र सिंहदरबारभित्रै एउटै वा विभिन्न मन्त्रालय घुम्दै लामो समयदेखि कार्यरत कर्मचारीहरूको संख्या उल्लेख्य छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त तथ्यांकअनुसार सिंहदरबारभित्र दुई वर्षभन्दा बढी समयदेखि कार्यरत कर्मचारीको संख्या एक हजार ९३५ छ ।

■ कमजोर छ कानुन कार्यान्वयनको अवस्था

तीमध्ये अधिकांश कर्मचारी विगतदेखि नै विभिन्न राजनीतिक दल, प्रभावशाली नेता तथा उच्च प्रशासकसँग निकट सम्बन्ध राख्दै आएका र सोही प्रभावका आधारमा आफूले रोजेको मन्त्रालय तथा कार्यालयमा निरन्तर कार्यरत रहेको पाइएको छ । पाँच वर्षभन्दा बढी समयदेखि काठमाडौं उपत्यकाभित्र किला गाढेर बस्ने कर्मचारीको संख्या अरू ठुलो छ । प्राप्त विवरणअनुसार यस्तो संख्या चार हजार ४७५ छ ।

राजनीतिक-प्रशासनिक पहुँच पुऱ्याएर सिंहदरबारको चौघेराभित्रै वा उपत्यकामै घुमी-घुमी जागिर खाने 'रैथाने कर्मचारी'माथि भने अब कडाइ गर्ने सरकारको तयारी छ । सरकारले सरुवा प्रणाली व्यवस्थित गर्ने प्रयासस्वरूप

» पृष्ठ २ मा क्रमशः

सरुवा व्यवस्थापन गर्न विगतमा कार्यदल बनाइए, तर प्रतिवेदन कार्यान्वयन गरिएनन्

निजामती कर्मचारीको सरुवालाई प्रणालीगत व्यवस्थित बनाउन विगतमा पनि पहल भएका थिए । तत्कालीन सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले २९ जेठ ०८० मा मन्त्रालयकै सहसचिव बलराम रिज्यालको संयोजकत्वमा कार्यदल गठन गरेका थिए । ३१ असारमा कार्यदलले बुझाएको प्रतिवेदनले सरुवा व्यवस्थापनका चुनौतीसमेत औंल्याएर समाधानका लागि सुझावसमेत दिएको थियो । तर, प्रतिवेदन कार्यान्वयनमा लगिएन ।

कार्यदलले योग्यता, तालिम र अनुभवका आधारमा सरुवा गर्न नसकिएको, आवधिक रूपमा कर्मचारीको सरुवा नभएको, सरुवालाई पूर्वानुमानयोग्य बनाउन नसकिएको, कर्मचारीको जिम्मेवारीमा न्याय गर्न नसकिएको, भौगोलिक क्षेत्रगत रूपमा न्यायोचित सरुवा गर्न नसकिएको, काज सरुवालाई वैज्ञानिक बनाउन नसकिएकोलगायत समस्या औंल्याएको थियो । यस्तै, आफूअनुकूल प्रमुख प्रशासकीय अधिकृत लैजान स्थानीय तहका प्रमुखहरू मन्त्रालयमा धाइरहने प्रवृत्ति, सरुवामा प्रशासनिक विवेक, विधि र पद्धतिभन्दा अन्य तत्त्वले प्रभाव पर्ने गरेको, तीनै तहमा अवधि नपुग्दै सरुवा हुने, सरुवा भएको कार्यालयमा हाजिर नभई पुनः सरुवा हुन खोज्ने, सरुवा भएर पनि रमाना नलिने, सरुवा भएपछि कार्यालयमा हाजिर नै नभई कानुनविपरीत साबिककै कार्यालयबाट पुनः सरुवा माग्ने वा सरुवा रद्द वा सरुवा संशोधनमा लाग्नेलगायत समस्या पनि कार्यदलले औंल्याएको थियो ।

कार्यदलले सरुवा प्रणाली व्यवस्थित हुन नसक्दा सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष असर परेको ठहर गर्दै समाधान गर्न मुख्य सात सुझाव दिएको थियो । त्यसमा तीन वर्षभन्दा बढी काठमाडौं उपत्यकाभित्र रहेका कर्मचारीलाई कार्य-ज्येष्ठताका आधारमा बाहिर सरुवा गर्नुपर्नेलगायतका सुझाव थिए ।

यस्तै, सरुवा व्यवस्थापनका लागि मापदण्ड बनाउन भन्दै गत वर्ष पनि मन्त्रालयले अर्को समिति गठन गरेको थियो । सरुवा मापदण्ड तयार गर्नका लागि मन्त्रालयले कर्मचारी प्रशासन महाशाखाका तत्कालीन प्रमुख सहसचिव विष्णुप्रसाद ज्ञवालीको संयोजकत्वमा समिति बनाएको थियो । समितिले पुराना मापदण्ड खारेज गर्दै 'सरुवा, काज तथा कामकाजसम्बन्धी मापदण्ड' जारी गरेको थियो । अवधि नपुगी कर्मचारीको सरुवा नगर्ने व्यवस्था मापदण्डमा थियो । यही मापदण्डले प्रदेश सचिवलाई एक वर्ष र स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतलाई दुई वर्षका लागि खटाउने व्यवस्था गरेको थियो । तर, यसको पनि पालना भएन ।

■ डढेलोको धुवाँ मिसिएको प्रदूषणले ढाक्यो काठमाडौं



वर्षा नहुनाले वायुमण्डलमा धुलो तैरिरहेका बेला डढेलोको धुवाँ पनि मिसिएपछि प्रदूषित काठमाडौं । बुधबार साँझ एयर क्वालिटी इन्डेक्स (वायुको गुणस्तर) २५५ पुगेर काठमाडौं विश्वकै प्रदूषित सहर बनेको छ । विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार एक्युआई २५० भन्दा माथि पुग्नु मानव स्वास्थ्यका लागि निकै अस्वस्थकर मानिन्छ । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

कर्नर किक

● रवि मिश्र



ओइ, ओइ...!
१०१ रुप्याँ लँगौटीको भन्सार नतिरी लुईत्त भागेर देशलाई टाट पल्टाउने ?

कांग्रेसमा आन्तरिक एकता चुनौतीपूर्ण



१४औं महाधिवेशन पक्षधरले १५ वैशाखमा बोलायो निवर्तमान केन्द्रीय सदस्य र जिल्ला सभापतिको भेला, संस्थापन पक्ष भन्छ- अब भागबन्डाको राजनीति हुँदैन

(विस्तृत पृष्ठ ३)

टिक्न कठिन इजरायल-लेबनान युद्धविराम

हिजबुल्लाहलाई निःशस्त्रीकरण गर्ने इजरायलको अप्राप्य लक्ष्यले लेबनानमा द्वन्द्व जुनसुकै बेला पुनः सुरु हुने खतरा छ

(विस्तृत पृष्ठ ५)

सुदूरपश्चिममा १८ हजार १४९ मेगावाटको सम्भावना, तर उत्पादन १७७ मेगावाट मात्रै

अन्तरदेशीय विद्युत् व्यापारका लागि सुदूरपश्चिम रणनीतिक क्षेत्र, तर उच्च हिमाली तथा पहाडी क्षेत्र हुँदा भौतिक पूर्वाधारको पहुँच विस्तार गर्न चुनौती

(विस्तृत पृष्ठ ६)

अब एक सातामै क्युआरसहितको लाइसेन्स


टेकराज थामी/नयाँ पत्रिका


सवारीचालक अनुमतिपत्रका लागि लिइने (ड्राइभिङ लाइसेन्स) परीक्षा उत्तीर्ण गरेका सेवाग्राहीले अब कम्तीमा सात दिनभित्र लाइसेन्स लिन सक्ने भएका छन् । सुरक्षण मुद्रण केन्द्रबाट लाइसेन्स छाप्न सुरु गरिएसँगै सेवाग्राहीले परीक्षा उत्तीर्ण गरेको सात दिनभित्र लाइसेन्स लिन सक्ने अवस्था तयार भएको सम्बन्धित निकायका अधिकारीले जनाएका छन् । गत २१ कात्तिकयता छापिएका लाइसेन्स क्युआरसहितका छन् ।

यातायात व्यवस्था विभागका सूचना अधिकारी गणेशमानसिंह राईका अनुसार मुलुकभरका आवेदन केन्द्रमा पुग्नुपर्ने र छापिएका लाइसेन्स सम्बन्धित कार्यालयमा पुऱ्याउनुपर्ने भएकाले राजस्व तिरेको कम्तीमा सात दिनभित्र सेवाग्राहीले लाइसेन्स पाउन सक्नेछन् । २१ कात्तिकदेखि मुद्रण केन्द्रबाट लाइसेन्स छाप्न सुरु भएको छ । मुद्रण केन्द्र काभ्रे पनौती नपा-५ मा रहेको छ ।

'पनौतीमा रहेको मुद्रण केन्द्रमा लाइसेन्स छपाइ सुरु भएको छ । मुलुकभरबाट संकलन भएका आवेदन केन्द्रमा पुग्नुपर्छ । छपाइ भएका लाइसेन्स सम्बन्धित कार्यालयमा पठाउनुपर्छ,' सूचना अधिकारी राईले भने, 'सबै प्रक्रिया पूरा गरेर लाइसेन्स सम्बन्धित कार्यालयमा पुग्न कम्तीमा एक साता लाग्न सक्छ ।

» पृष्ठ २ मा क्रमशः





■ यातायात व्यवस्था विभागका सूचना अधिकारी **गणेशमानसिंह राई** भन्छन्-



पनौतीमा रहेको मुद्रण केन्द्रमा लाइसेन्स छपाइ सुरु भएको छ । मुलुकभरबाट संकलन भएका आवेदन केन्द्रमा पुग्नुपर्छ । छपाइ भएका लाइसेन्स सम्बन्धित कार्यालयमा पठाउनुपर्छ । सबै प्रक्रिया पूरा गरेर लाइसेन्स सम्बन्धित कार्यालयमा पुग्न कम्तीमा एक साता लाग्न सक्छ । त्यसलगत्तै सेवाग्राहीले लाइसेन्स पाउन सक्छन् ।

■ कुन कार्यालयमा कति लाइसेन्स पुगे ?

कार्यालय	संख्या	कार्यालय	संख्या	कार्यालय	संख्या
चाबहिल	१७८४१७	सर्लाही	१४१७७	इलाम	४३८६
भक्तपुर	१७९५९८	ठुलो भञ्याङ	४०२७६	परासी	८४१०
ओखलढुंगा	११८९	रौतहट	१६७३८	सुर्खेत	२७१०
राजविराज	४५७३	उदयपुर	३५१९	जुम्ला	१०४३
रुकुम पश्चिम	१५९३	धनकुटा	३३२२	बनेपा	७०६७
डडेलधुरा	१७०३	तनहुँ	१७३०२	खुर्कोट	१९२४
डोटी	७७२	कावासोती	१८५२२	पाल्पा	७३६८
इटहरी	९४००५	झापा	६८४४८	कुल	६,७७,०६२

१७ वैशाखमा संघीय संसद्को बजेट अधिवेशन

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले आगामी १७ वैशाखका लागि संघीय संसद्को बजेट अधिवेशन आह्वान गरेका छन् । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अधिवेशन आह्वान गर्ने संवैधानिक व्यवस्था छ ।

राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यका अनुसार दुवै सदनको बैठक १७ वैशाखको दिउँसो २ बजेका लागि आह्वान गरिएको छ । यसै अधिवेशनमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत हुन्छ । बजेट १५ जेठमा पेस गर्ने संवैधानिक व्यवस्था छ । त्यसअघि सरकारले नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने हुन्छ ।

२१ फागुनको निर्वाचनपछि बनेको नयाँ प्रतिनिधिसभाको पहिलो अधिवेशन १९ चैतमा सुरु भएर गत २७ चैतमा अन्त्य भएको थियो । अधिवेशनले सभामुख, उपसभामुख र संसदीय समिति चयन गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले झन्डै दुईतिहाइ जित निकालेपछि प्रतिनिधिसभाको शक्ति सन्तुलनमा व्यापक परिवर्तन आएको छ । राष्ट्रिय सभामा भने पुरानै दलको दबदबा छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ अधिकांश निजी र सामुदायिक विद्यालयमा धमाधम भर्ना

पालिका संघदेखि मेयर्स फोरमसम्मले पालना गरेनन् केन्द्र सरकारको निर्णय

शिवहरि घिमिरे/नयाँ पत्रिका

संघ सरकारले १५ वैशाखदेखि भर्ना र २१ वैशाखदेखि नियमित कक्षा सञ्चालन गर्ने गरी ल्याएको नियम लागू नहुने देखिएको छ। अधिकांश निजी विद्यालयहरूले पठनपाठन सुरु गरिसकेका छन् भने सामुदायिक विद्यालयले समेत भर्ना थालिसकेका छन्। संघ सरकारले तोकेको समयमा शैक्षिक सत्र सुरु गर्दा ढिलो हुने भन्दै पालिका संघदेखि मेयर्स फोरमसम्मले विद्यालयलाई भर्ना र कक्षा सञ्चालन गर्न अनुमति दिएका छन्। अहिले विद्यालय शिक्षा स्थानीय तहमातहत छ।

'संघ सरकारले भनेको नियमअनुसार विद्यालय सञ्चालन गर्दा विद्यार्थी निजीतिर दौडिन्छन्, निजीले ४/५ गतेदेखि नै भर्ना गर्ने, तर हामीले १५ वैशाखसम्म कुरेर बस्दा विद्यार्थी र अभिभावक अन्योलमा पर्छन्,' काठमाडौं महानगरपालिकामा रहेको एक सामुदायिक विद्यालयका शिक्षकले भने, 'केन्द्र सरकारले हचुवाको भरमा भर्ना र मिति समय तोक्नु हुँदैनथ्यो।'

हाल देशभर मन्टेसरीसहित १३ हजार निजी विद्यालय छन्। त्यस्तै, सामुदायिक विद्यालयको संख्या २५ हजार हाराहारी छ। यीमध्ये अधिकांश विद्यालयहरूले भर्ना कार्यक्रम सञ्चालन गरिरहेका छन्। सामुदायिक विद्यालयहरूले केन्द्र सरकारभन्दा पनि पालिकाहरूको निर्देशनअनुसार भर्ना गरिरहेका छन्।

नयाँ बानेश्वरस्थित रत्नराज्य स्कुलका एक शिक्षकले पनि केन्द्र सरकारले भर्नाका लागि तोकेको समय अव्यावहारिक रहेको बताए। 'हामीले सरकारले भर्नाका लागि दिएको समय कुर्दा ढिलो हुन्छ, अभिभावकहरूले नै छिटो कक्षा सञ्चालन गर्नुपर्‍यो भनिरहनुभएको छ, अर्को कुरा संविधानले नै माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारले सञ्चालन गर्ने भनेको छ,' उनले भने, 'तर केन्द्र सरकारले स्थानीय सरकार, विद्यार्थी र अभिभावक नै असहमत हुने गरी कदम चाल्नु गलत थियो।'

२२ चैतमा बसेको मन्त्रिपरिषद् बैठकले शैक्षिक सत्र ०८३ को भर्ना अभियान १५ वैशाख र पठनपाठन २१ वैशाखदेखि गर्ने निर्णय गरेको थियो। तर, उक्त निर्णय अधिकांश विद्यालयले पालना नगरेको पाइएको छ। शिक्षा नियमावली, २०५९ को नियम ८४ को उपनियम (१) मा विद्यालयको शैक्षिक सत्र १ वैशाखदेखि चैत्र मसान्तसम्म कायम रहने उल्लेख छ। नेपालको संविधान २०७२ को अनुसूची- ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सूचीअन्तर्गत रहने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा आधारभूत र माध्यमिक शिक्षाअन्तर्गत २३ कार्यहरू उल्लेख गरिएको छ। जसमध्ये दफा ११ ज (२) मा सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमनसम्बन्धी अधिकार स्थानीय तहको जिम्मेवारीभित्र पर्ने उल्लेख छ।



■ पालिकादेखि मेयर्स फोरमसम्मले के भने ?

विद्यालयको भर्ना र नियमित पढाइ शिक्षा मन्त्रालयले पर धकेलेको भन्दै पालिकाहरू नै असहमति जनाउँदै अएका छन्। नगरपालिका संघ र गाउँपालिका महासंघले विज्ञप्ति जारी गरेर संघ सरकारको निर्णय अव्यावहारिक र संविधानविपरीत भएको भन्दै आपत्ति जनाएका छन्। त्यस्तै, काठमाडौं उपत्यका मेयर्स फोरमले पनि विद्यालय ढिलो सञ्चालन गर्नु गलत रहेको भन्दै संघ सरकारको ध्यानाकर्षण गराएको छ। फोरमले ९ वैशाखदेखि भर्ना र १५ वैशाखदेखि नियमित पठनपाठन गर्ने निर्णय गरेको छ। '१५ वैशाखदेखि नियमित रूपमा पठनपाठन सञ्चालन गर्न/गराउन काठमाडौं उपत्यका मेयर्स फोरमको ९ वैशाखमा बसेको बैठकको निर्णयानुसार उपत्यकाभित्रका सबै पालिकाहरूलाई अनुरोध गर्ने निर्णय गरियो,' विज्ञप्तिमा भनिएको छ।

हाल गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ, शिक्षक महासंघ, प्याब्सन, एनप्याब्सन, अभिभावक संघसमेतका सरोकारवाला निकायहरूले शैक्षिक सत्रको समयावधि बदल्ने संघ सरकारको कदमको विरोध गरिरहेका छन्। पालिकाहरूकै निर्देशनअनुसार अधिकांश विद्यालयहरूले भर्ना र पठनपाठन सुरु गरेका छन्।

धनगढी उपमहानगरपालिका, भक्तपुर नगरपालिका, बुटवल उपमहानगरपालिका, सूर्यविनायक नगरपालिकालगायतले ४ वैशाखदेखि नै सामुदायिक विद्यालयमा भर्ना सुरु गरेका थिए। देशका अधिकांश विद्यालयले ६ वैशाखदेखि भर्ना थालेका थिए। हाल विद्यालयमा भइरहेको भर्ना र शैक्षिक गतिविधिका कार्यक्रममाथि शिक्षा मन्त्रालयले अनुगमनसमेत गर्न सकेको छैन। धमाधम भर्ना खुलाएपछि अधिकांश निजी विद्यालयको ढोकामा पनि अभिभावक र विद्यार्थीको भिड देखिने गरेको छ। कैयौं निजी विद्यालयहरूले ४ वैशाखदेखि नै भर्ना थालेका थिए।

प्याब्सनका अध्यक्ष कृष्णप्रसाद अधिकारी सरकारले विनाकारण धेरै दिन बिदा गरेका कारण निजी विद्यालयहरूले उक्त नियम नमानेको बताए। 'पढाइको दिन घटाउने नियम राम्रो होइन, त्यसैले हामीले धमाधम भर्ना गरिरहेका छौं,' उनले भने, '१५ वैशाखदेखि देशभरका सबै निजी विद्यालयमा पढाइ हुन्छ। कतिपयले अहिले नै पढाइ सुरु गरिसक्नुभएको छ।'

नेपाल अभिभावक महासंघका निवर्तमान अध्यक्ष सुप्रभात भण्डारीले संघ सरकारले शिक्षामा संविधानअनुसार पालिकालाई नै स्वतन्त्रता दिनुपर्ने बताए। 'विद्यालय तहको शिक्षा सञ्चालनको सबै अधिकार पालिकालाई छ, विशेष परिस्थितिमा संघ सरकारले नै व्यवस्थापन गर्ने हो, तर अहिले त्यस्तो विषम परिस्थिति थिएन,' उनले भने, 'पढाउने स्वतन्त्रता पालिका र विद्यालयलाई दिनुपर्छ। शैक्षिक सत्र ढिलो सुरु गर्दा पढाएर नसकिने अवस्था हुन्छ, त्यसैले शिक्षा मन्त्रालयको निर्णय अपरिपक्व छ।'

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले विद्यार्थीका सिकाइ र सहजताका लागि संघ सरकारले गरेको निर्णय पालना गर्नुपर्ने बताए। 'केन्द्र सरकारले गरेको निर्णय पालना गर्नुपर्छ, हामीले त विद्यार्थीलाई बिचमा केही समय आराम होस्, मन लागेको खेलकुद वा अन्य क्रियाकलाप सिकून् भनेर यस्तो निर्णय गरेका हौं,' उनले भने, 'केन्द्र सरकारको निर्णय पालना गर्दैनौं भन्न मिल्दैन।'

विद्यालय पोसाक र स्टेसनरीमा ब्रह्मलुट

निजी विद्यालयहरूले भर्ना कार्यक्रममा ब्रह्मलुट मच्चाउने गरेका छन्। अधिकांश निजी विद्यालयले तोकिएकै स्थानमा पोसाक सिलाउनुपर्ने र कापीकिताब किन्न बाध्य बनाएको गुनासो अभिभावकहरूबाट आउने गरेको छ।

'विद्यालयले तोकेको ठाउँमा अन्य पसलमा भन्दा महँगो हुन्छ, विद्यालयको पोसाक सिलाउँदा पनि अन्तभन्दा महँगो हुन्छ,' तीनकुनेस्थित भिएस निकेतन स्कुलमा कक्षा १ मा अध्ययरत एक विद्यार्थीका अभिभावकले सुनाए, 'अन्त एक हजार पाँच सयमा पाइने सर्ट-पाइन्टलाई निजी विद्यालयहरूले तोकेको टेलरमा दुई हजार पाँच सय लिन्छ, एक दर्जन कापीको मूल्य तीन हजार लिएको छ, यसबारेमा कसलाई गुनासो गर्नु ?'

सम्पत्ति छानबिन आयोगले थाल्यो काम

एक वर्षको कार्यकाल तोकिएको आयोगले सार्वजनिक पदमा रहेका, सेवानिवृत्त वा पदबाट हटिसकेका पदाधिकारी र तिनका परिवारको नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण संकलन गरी सूक्ष्म जाँचबुझ गर्ने

नयाँ पत्रिका

०६२/६३ पछिका उच्चपदस्थ राजनीतिक तथा प्रशासनिक पदाधिकारीहरूको सम्पत्ति छानबिनका लागि सर्वोच्च अदालतका पूर्वन्यायाधीशको नेतृत्वमा गठित आयोगले बुधबारदेखि काम थालेको छ। एक वर्ष कार्यकाल पाएको आयोगले केशरमहलमा कार्यालय स्थापना गरेर काम अघि बढाएको हो। २ वैशाखमा बसेको मन्त्रिपरिषद् बैठकले पाँच सदस्यीय उच्चस्तरीय आयोग गठन गर्ने निर्णय गरेको थियो।

आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारीले कायममुकायम (कामु) प्रधानन्यायाधीश सपना प्रधान मल्लसमक्ष पद तथा गोपनीयताको शपथ लिए। अन्य सदस्यहरू तत्कालीन पुनरावेदन अदालतका पूर्वमुख्यन्यायाधीश पुरुषोत्तम पराजुली, उच्च अदालतका पूर्वन्यायाधीश चण्डीराज ढकाल, पूर्वप्रहरी नायब महानिरीक्षक गणेश केसी र चार्टर्ड एकाउन्टेन्ट प्रकाश लम्साललाई अध्यक्ष भण्डारीले शपथ गराए।

प्रधानमन्त्री सचिवालयका अनुसार जाँचबुझ ऐन, २०२६ बमोजिम कार्यसम्पादन गर्ने जिम्मेवारी पाएको यस आयोगको कार्यसम्पादन सर्त (टिओआर)समेत स्वीकृत भइसकेको छ। एक वर्षको कार्यकाल तोकिएको यस आयोगले सार्वजनिक पदमा रहेका, सेवानिवृत्त वा पदबाट हटिसकेका पदाधिकारी र तिनका परिवारको नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण संकलन गरी सूक्ष्म जाँचबुझ गर्नेछ।

आयोगले कुनै पनि व्यक्तिको अनुसन्धान सम्पन्न हुनासाथ प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने प्रावधान छ। त्यसलाई सरकारले ४५ दिनभित्र अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्नेछ। पूर्ण रूपमा स्वतन्त्र, निष्पक्ष र व्यावसायिक ढंगले कार्य गर्ने प्रतिबद्धतासहित दबाब वा प्रभावमा नपरी जिम्मेवारी पूरा गर्नुपर्ने दायित्व आयोगलाई सुम्पिएको छ।

आयोगले लिखित, मौखिक, विद्युतीय माध्यम, सामाजिक सञ्जाल वा अन्य जुनसुकै माध्यमबाट पनि उजुरी संकलन गर्नेछ। कार्यसम्पादनको सिलसिलामा आयोगले आवश्यकताअनुसार विभिन्न क्षेत्रका विज्ञहरूको सल्लाह लिन सक्ने प्रावधान कार्यसर्तमा छ। तर, स्वार्थको द्वन्द्व भएका विज्ञहरूलाई भने आमन्त्रण गर्न नपाइने सर्त छ।

हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोगका लागि आवश्यक ३२ जना कर्मचारीको छनोट (स्क्रिनिङ) गरिरहेको सचिवालयले जनाएको छ। आयोगको कामलाई पारदर्शी बनाउन त्यहाँ खटिने कर्मचारीले समेत कार्यभार सम्हालेको एक साताभित्र आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ। गत १३ चैतमा मन्त्रिपरिषद् बैठकबाट स्वीकृत 'शासकीय सुधारसम्बन्धी सय कार्यसूची'को बुँदा नम्बर ४३ मा उल्लिखित भ्रष्टाचारविरोधी प्रतिबद्धताअनुरूप आयोग गठन भएको हो।

नबिल बैंक लिमिटेड, ललितपुर शाखा, ललितपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८३/०१/१०)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै बास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबै लाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल
ऋणीको नाम र ठेगानाको विवरण
ऋणी.अर्जुन बहादुर थापाको नाती, डम्बर बहादुर थापाको छोरा, मोरङ्ग जिल्ला उर्लाबारी न.पा वडा नं. ०२ स्थायी ठेगाना भएको **चिरञ्जीवि थापा** (नागरिकता ना.प्र.न.०५-०२-७६-०६४०६, जारी मिति २०७६/१२/०६, जिल्ला मोरङ्ग)।
व्यक्तिगत जमानतकर्ताहरुको विवरण
ओम बहादुर दाहालकी छोरी, डम्बर बहादुर थापाकी बुहारी, चिरञ्जीवि थापाकी पत्नी, मोरङ्ग जिल्ला उर्लाबारी न.पा वडा नं. ०२ स्थायी ठेगाना भएकी **रचना दाहाल** (नागरिकता ना.प्र.न २८१/१७५, जारी मिति २०५६/०५/०९, जिल्ला मोरङ्ग)।
धितोको विवरण
चिरञ्जीवि थापाको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला डुकुछाप गा.वि.स वडा नं. ०७ स्थीत कित्ता नं. ७० र ६९ जग्गा क्षेत्रफल क्रमशः १-३-०-० र २-१२-०-० रोपनी भएको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

२४ घण्टामा २८ जिल्लाका ३०९ ठाउँमा डढेलो


नयाँ पत्रिका

वर्षा नहुनाले वायुमण्डलमा धुलो तैरिरहेका वेला डढेलोको धुवाँ पनि मिसिएपछि प्रदूषित काठमाडौं। बुधबार साँझ एयर क्वालिटी इन्डेक्स (वायुको गुणस्तर) २५५ पुगेर काठमाडौं विश्वकै प्रदूषित सहर बनेको छ। विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार एक्युआई २५० भन्दा माथि पुग्नु मानव स्वास्थ्यका लागि निकै अस्वस्थकर मानिन्छ।

वातावरण विभागको वायु प्रदूषणको अवस्थाको अभिलेख राख्ने अनलाइन पोर्टल 'पोलुसन-जिओभि-डट-एनपी' हेर्दा पनि काठमाडौं उपत्यका, खोँच र तराईमा प्रदूषण उच्च देखिन्छ। मौसम सुक्खा हुँदा प्रदूषणको मात्रा बढिरहेका बेला डढेलोको धुवाँ पनि मिसिएकाले काठमाडौंको आकाश तुवाँलोले ढाकेको वातावरण विभागका वातावरण निरीक्षक गोविन्द लामिछानेले बताए। फागुनमा पनि प्रदूषण बढेको थियो। तर, यो बिचमा पानी पर्दा घटेको थियो।

देशभर तापक्रम बढेको र वर्षा हुन नसकेकाले आगलागीका घटना बढिरहेका वेला प्रदूषण पनि बढेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् रोजन लामिछानेले बताए। नासाको मोडिज भूउपग्रहको तथ्यांकले पश्चिम तराईका वनजंगलमा अत्यधिक डढेलो देखाउँछ। २८ जिल्लाका ३०९ ठाउँमा डढेलो देखिन्छ। जसमध्ये सबैभन्दा बढी दाङमा ४६, सल्यानमा २९ तथा बर्दिया, बाँके र चितवनमा २३-२३ ठाउँमा छ। 'पश्चिम क्षेत्रमा डढेलो बढेको छ, यसको धुवाँ पनि काठमाडौं आएको देखिन्छ,' मौसमविद् लामिछानेले भने, 'काठमाडौंको प्रदूषण घट्न वर्षा वा ठुलो हावा चल्नुपर्छ। अहिले एक्टिभ सिस्टम छैन, त्यही भएर तुवाँलो देखिन्छ।' उनका अनुसार आगामी शुक्रबार पहाडी क्षेत्रमा हल्का वर्षाको सम्भावना छ।

डढेलोको धुवाँ छिरेपछि प्रदूषणले ढाक्यो काठमाडौं



दुई हजार...

पृष्ठ १ बाट क्रमशः

कर्मचारी कहाँ-कति समय कार्यरत छन् भन्ने विवरण विश्लेषण गरिरहेको छ। संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले कोही कर्मचारी पहुँचका आधारमा राजधानीमा मात्रै बसिरहने र कोही वर्षौंदेखि दुर्गममा खटिनुपर्ने अवस्थाको अन्त्य गर्न सरकार लागिपरेको बताइन्। 'सरकारले दुई वर्षभन्दा लामो समयदेखि सिंहदरबार र उपत्यकाभित्र मात्रै कार्यरत रहेका कर्मचारीहरूको सबै विवरण विश्लेषण गरिरहेको छ। केही 'अफिसर'हरूलाई स्थानीय तहहरूमा खटाई पनि सकेका छौं। बाँकी रहेकाहरूलाई पनि प्रदेश र जिल्लामा खटाउँछौं,' उनले भनिन्, 'कोही कर्मचारी राजधानीमा मात्रै बसिरहने, कोही वर्षौंदेखि दुर्गममा खटिनुपर्ने अवस्थाको हामी अन्त्य गर्छौं।'

केही दिनअघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारीहरूको विवरण पनि माग गरेको थियो। जसमा सिंहदरबारमा एउटै कार्यालयमा दुई वर्षभन्दा बढी तथा काठमाडौं उपत्यकाभित्र पाँच वर्ष वा सोभन्दा बढी समयदेखि कार्यरत कर्मचारीको विवरण प्रधानमन्त्री कार्यालयले मागेको थियो।

मन्त्रालयले आफूमातहतको निजामती किताबखानाबाट झिकाएको विवरण प्रधानमन्त्री कार्यालयमा पठाइसकेको छ। त्यसमा कर्मचारीको नामसहितको विवरण उल्लेख छ। 'विवरण हेर्ने काम भइरहेको छ। कर्मचारीलाई न्याय हुने गरी सरुवाको प्रणाली बसाउने प्रयास भइरहेको छ। कानुनबमोजिम अवधि पुगेकालाई सरुवा गर्ने तयारी सरकारको छ,' प्रधानमन्त्री कार्यालयका एक अधिकारीले नयाँ पत्रिकासँग भने।

मुलुकले अपनाएको संघीय व्यवस्थाले स्रोत र अधिकारको विनियोजन गरेर प्रदेश र स्थानीय तहमा पुर्‍याएको छ। कर्मचारीमा भने सकेसम्म सिंहदरबार, काठमाडौं उपत्यका वा सहरी सुगम क्षेत्रका कार्यालयमै बस्न रुचाउने प्रवृत्ति छ। त्यसकै नतिजास्वरूप सिंहदरबारका मन्त्रालयमा काज र अतिरिक्तमा ठुलो संख्यामा कर्मचारी छन्। दुर्गम क्षेत्र, पालिका र जिल्ला प्रशासनमा कर्मचारीको चरम अभाव छ। वर्षौंदेखि दुर्गम, ग्रामीण र बाहिरी जिल्लामा बसेका कर्मचारीको संख्या ठुलो छ। विधि र थिति नहुँदा पहुँच पुर्‍याउन नचाहने र नसक्ने उल्लेख्य संख्याका कर्मचारी पेलानमा छन्। उनीहरू अवसरबाट समेत वञ्चित छन्।

कानुन कार्यान्वयन कमजोर

निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० ले कर्मचारीलाई विविध भौगोलिक क्षेत्र र कार्यानुभव दिलाउन विभिन्न निकायमा पदस्थापन तथा सरुवाको व्यवस्था गरेका छन्। यी प्रावधानअनुसार संघीय निजामती सेवाका दरबन्दी भएका निकायमा सरुवा गर्ने तथा प्रदेश र स्थानीय तहमा कामकाजका लागि खटाउने जिम्मेवारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको हो। सेवा-समूह सञ्चालन गर्ने निकायहरूले भने आफ्ना कर्मचारीको आन्तरिक सरुवा व्यवस्थापन गर्छन्।

सचिव र सहसचिवको सरुवा मन्त्रिपरिषद्ले गर्ने व्यवस्था छ भने सहसचिवलाई अन्तरमहाशाखा वा निकायमा सरुवा गर्न मन्त्रीस्तरीय निर्णय पर्याप्त हुन्छ। पछिल्लो समय प्रदेश सरकारले पनि मातहतका निकायमा कर्मचारी सरुवा गर्न थालेका छन्।

ऐनको दफा १८ ले सरुवासम्बन्धी स्पष्ट व्यवस्था गरेको छ। उपदफा (३) अनुसार वर्षमा एकपटक समयतालिकाअनुसार भौगोलिक आधारमा डेढदेखि दुई वर्षका लागि सरुवा गर्नुपर्ने व्यवस्था छ। त्यस्तै, काजमा खटाउँदा पनि एक वर्षमा तीन महिनाभन्दा बढी अवधि राख्न नपाइने प्रावधान छ।

नियमावलीको नियम ३६ देखि ४१ सम्म सरुवासम्बन्धी विस्तृत व्यवस्था गरिएको छ। नियम ३६ ले सरुवाको समयतालिका, आधार र प्रक्रिया स्पष्ट रूपमा तोकेको छ। तर, यी व्यवस्था मुख्यतः सहसचिव र सचिवबाहेकका कर्मचारीमा मात्र लागू हुने भएकाले उच्च तहका कर्मचारीको सरुवा अझै अस्थिर र चुनौतीपूर्ण छ। ऐन र नियमावलीका अतिरिक्त सेवा सञ्चालन गर्ने हरेकजसो मन्त्रालय तथा निकायले सरुवा मापदण्ड बनाएका छन्। तर, मापदण्ड बनाउने निकायबाट त्यसको पूर्ण पालान हुने गरेको छैन।

अप्रत्याशित आगमन...

पृष्ठ १ बाट क्रमशः

लागेपछि उनी प्रश्नको घेरामा परेका थिए। यही वेला धितोपत्र बोर्डको जाँचबुझ समितिको अनुसन्धानमा भट्टले ब्रोकरसँग मिलेमतो गरी परिवार र आफूआबद्ध संस्थामार्फत कृत्रिम रूपमा सेयर मूल्य उचाल्न चलखेल गरेको भेटिएपछि गुरुङमाथि पनि थप संकट थपिएको थियो।

विपक्षी दलहरू र जनस्तरबाट समेत उनको राजीनामाको माग आउन थालेपछि दबाबमा परेका प्रधानमन्त्री बालेन र रास्वपा सभापति रवि लामिछानेले अन्ततः मार्गप्रशस्त गर्न निर्देशन दिएका थिए। बालेन र लामिछानेसँगको पटक-पटकको छलफलपछि उनले राजीनामा दिएका हुन्।

प्रधानमन्त्रीलाई राजीनामा बुझाएका गुरुङले त्यसबारे सामाजिक सञ्जाल फेसबुकमै आफ्नो धारणा राखेका छन्। 'मसँग सम्बन्धित विषयमा निष्पक्ष छानबिन होस्, पदमा रहँदा स्वार्थको द्वन्द्व नदेखियोस् र त्यसमा कुनै असर नपरोस् भन्ने उद्देश्यले मैले आजकै मितिदेखि लागू हुने गरी गृहमन्त्री पदबाट राजीनामा दिएको छु,' उनले लेखेका छन्, 'मैले आफ्नोतर्फबाट नैतिक जिम्मेवारी निर्वाह गरेको छु।'

पछिल्ला दिनहरूमा नागरिकस्तरबाट आफ्नो सेयरलगायतका विषयमा उठेका प्रश्न, टिप्पणी र जनचासोलाई गम्भीर रूपमा लिएको पनि गुरुङले बताएका छन्। आफ्ना लागि पदभन्दा ठुलो नैतिकता भएको र जनविश्वासभन्दा ठुलो शक्ति कुनै नहुने पनि उनले प्रस्ट्याएका छन्। 'यदि हामी साँच्चै परिवर्तन चाहन्छौं भने सत्य, इमानदारी र आत्मशुद्धिको बाटोमा सबै उभिनैपर्छ,' उनले भनेका छन्, 'रामराज्यको चाहना राख्नेहरूले त्याग र नैतिक साहस पनि देखाउन सक्नुपर्छ।' सञ्चारमाध्यममाथि पनि प्रश्न उठाउँदै उनले 'मिडियाकर्मी साथीहरूको कहाँ-कहाँ स्विट (स्वेट) सेयर छ बिस्तारै आउला' भनेका छन्।

गृहमन्त्री गुरुङको राजीनामालाई रास्वपा महामन्त्री तथा सांसद कवीन्द्र बुर्लाकोटीले यो विषय प्रधानमन्त्रीको क्षेत्राधिकारभित्रको विषय भनेका छन्। तर, गृहमन्त्रीसहित प्रधानमन्त्रीले पार्टी सभापति रवि लामिछानेसँग आवश्यक सल्लाह गरेर राजीनामाको निर्णय आएको उनले बताए।

'विवादित विषयमा अल्झिनुभन्दा नैतिकताका हिसाबले राजीनामा दिने भन्ने सरसल्लाहमै राजीनामा आएको हो,' उनले भने, 'उहाँ (सुधन गुरुङ)ले पार्टीले गर्ने निर्णय र छानबिनमा सहयोग रहन्छ भन्नुभएको छ।'

गृहमन्त्रीसँग जोडिएर विवाद आएदेखि नै त्यस विषयमा पार्टी सभापति र प्रधानमन्त्रीबिच तथा दुवैसँग गृहमन्त्रीको पनि केही चरणमा छलफल भएको उनले बताए। आरोप लाग्दैमा कोही दोषी नहुने भन्दै बुर्लाकोटीले आगामी दिनमा हुने छानबिनको निष्कर्षका आधारमा अघि बढ्ने पनि बताए। छानबिनबाट आरोपको पुष्टि भएन वा गलत कार्यमा संलग्नता नदेखिए आवश्यकताअनुसार पूर्ववत् वा अर्को कुनै जिम्मेवारीमा ल्याउन बाधा नहुने पनि महामन्त्री बुर्लाकोटीले बताए।

'सरकारमा रहने व्यक्ति विवादरहित हुनुपर्छ भन्ने नै मूल सन्देश हो। विवाद उत्पन्न भएपछि नैतिकताको विषय हुन्छ। कतिपय यस्ता विषयले आमजनतामा नकारात्मक असर पर्न जाने हुन्छ भने सुशासनको मामिलामा पनि आघात पर्छ,' उनले भने, 'यसर्थ, सरकार विवादरहित हुनुपर्छ र बनाउनुपर्छ। विवादले सरकार सञ्चालनमा सहजता हुँदैन, यस्तो विवाद नहोस् भन्ने अपेक्षा हो।'

गुरुङले राजीनामा दिएपछि खाली रहेको गृहमन्त्री पद तत्कालका लागि प्रधानमन्त्री शाहले नै राखेका छन्। हाल रक्षा मन्त्रालय पनि प्रधानमन्त्रीमातहत नै छ।

पदबाट राजीनामा दिएपछि गृह मन्त्रालयले आयोजना गरेको बिदाइ कार्यक्रममा गुरुङले आफूले असल नियतले काम गरेको र त्यसले मन्त्रालयको इज्जत बढेको बताए। त्यसक्रममा उनले गृह प्रशासनमा कार्यरत कर्मचारीको प्रशंसा गरेका थिए।

गुरुङमाथिको विवाद के हो ?

विगत केही महिनायता सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले चर्चित बिचौलिया दीपक भट्ट र उनीसँग कारोबारमा साझेदार देखिएका शंकर समूहमाथि छानबिन गरिरहेको छ। अन्तरिम सरकारकै पालामा गत मंसिरदेखि उनीहरूमाथि विभागले छानबिन गर्दै आएको थियो। यसैक्रममा गत १९ चैतमा विभागको आग्रहमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले भट्टलाई पक्राउ गरेको थियो।भट्टसहित शंकर समूहका सुलभ अग्रवाल पनि अहिले हिरासतमा छन्।

भट्ट र अग्रवाललगायतको समूहले हिमालयन रिइन्स्योरेन्स र यसका सहायक कम्पनीबाट अर्बौं रकम दुरुपयोग गरेको भेटिएको छ। छानबिन अन्तिम चरणमा पुग्दा भट्टसँग गुरुङको पनि शंकास्पद कारोबार देखिएको भन्दै विवाद उठेको छ।

भट्टको दबाब र छनोटमा ०७९ मंसिरमा नेपाल बिमा प्राधिकरणले सात लघुबिमा कम्पनीलाई सञ्चालन अनुमति दिएको थियो। त्यसमध्ये लघु जीवन बिमा व्यवसायतर्फ गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड, क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड र लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड थिए। त्यस्तै, निर्जीवन बिमा व्यवसायतर्फ ट्रस्ट माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड, स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड थिए। लाइसेन्स वितरण प्रक्रियामा मात्र होइन, ती कम्पनीको सेयर कारोबारमाथि पनि प्रश्न र विवाद उठेको छ।

तिनै कम्पनीमध्येको स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडमा गुरुङको २५ लाख मूल्यको २५ हजार कित्ता सेयर देखिएको कागज बाहिरिएको छ। यसका अतिरिक्त भट्टसँग सान्निध्य रहेको र ठुला कारोबारमा संलग्न भएको आरोप गुरुङमाथि छ। केही समयअघि गुरुङले सरकारलाई बुझाएको सम्पत्ति विवरणमा देखिएको सम्पत्तिउपर पनि छानबिन गर्नुपर्ने आवाज उठेको थियो। यद्यपि, भट्टसँगको सम्बन्ध र विवादित तथा गैरकानुनी कारोबारमा गुरुङको संलग्नता यकिन भने भइसकेको छैन। यसैको छानबिनको माग चौतर्फी उठेपछि उनले गृहमन्त्रीबाट राजीनामा दिएका हुन्।

अब एक...

पृष्ठ १ बाट क्रमशः

त्यसलगत्तै सेवाग्राहीले लाइसेन्स पाउन सक्छन्।' २१ कात्तिकदेखि नै मुद्रण केन्द्रले क्युआर कोडसहितको लाइसेन्स छपाइ गर्न थालेको छ। त्यसयता ६ लाख ७७ हजार ०६२ लाइसेन्स छापिसकिएको छ। तीमध्ये धेरैजसो वितरणसमेत भैसकेका छन्। अझै २२ लाख २२ हजार ९३८ लाइसेन्स छाप्न बाँकी छ। मुद्रण केन्द्र र विभागबिच गत साता बाँकी सबै लाइसेन्स छपाइ गर्ने नयाँ सम्झौता भएपछि छपाइले गति लिएको छ।

विभागका अनुसार मुद्रण केन्द्रले दैनिक ४० हजार लाइसेन्स एकैदिन छपाइ गर्न सक्छ। यही गतिमा काम अघि बढे बाँकी रहेको लाइसेन्स छाप्न करिब दुई महिना लाग्छ। अहिले मुद्रण केन्द्रमा अति जरुरी, नियमित र विगतका बाँकी गरी तीन खालका लाइसेन्स छपाइ हुँदै आएको छ। मुलुकभरका यातायात व्यवस्था कार्यालयमा प्रत्येक दिन नयाँ र नवीकरण गरी लाइसेन्सका लागि कम्तीमा पाँच हजार आवेदन पर्ने गर्छन्।

सवारी तथा यातायात व्यवस्था नियमावली, ०५४ को दफा २०(क) अनुसार सरकारले क्युआर कोड राखेर विद्युतीय लाइसेन्स जारी गर्न सक्छ। उक्त दफामा छ, 'सवारीचालक अनुमतिपत्र विद्युतीय परिचयपत्र (इलेक्ट्रिक स्मार्ट कार्ड वा क्युआर कोडसहितको कार्ड)को रूपमा लिनुपर्नेछ।'

ऐनमा रहेको सोही व्यवस्थाअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ०८१ को माघमा नै क्युआर कोडसहितको विद्युतीय लाइसेन्स जारी गर्ने निर्णय गरेको थियो। निर्णयलगत्तै त्यस्ता लाइसेन्स छपाइ गर्न ०८१ को चैतमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबिच सैद्धान्तिक सहमति भएको थियो।

सहमतिपछि लाइसेन्स छपाइ गर्न यातायात मन्त्रालयमातहतको यातायात व्यवस्था विभाग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमातहतको मुद्रण केन्द्रबिच १४ जेठ ०८१ मा सम्झौता भएको थियो। परीक्षणका लागि भन्दै त्यस वेला क्युआर कोडसहितका १२ लाख लाइसेन्स छपाइ गर्न सम्झौता भएको थियो। विभागका सूचना अधिकारी राईका अनुसार सातदेखि आठ लाख जति त्यस्ता लाइसेन्स छपाइ भएका छन्।

पनौतीस्थित सुरक्षण मुद्रण केन्द्रको कार्यालय अनुमगन गर्न पुगेका सञ्चार तथा सूचना प्रविधिमन्त्री विक्रम तिमिल्सिनाले गत ४ वैशाखमा अब २४ घण्टाभित्रै सेवाग्राहीले लाइसेन्स प्राप्त गर्न सक्ने बताएका थिए।

कांग्रेसमा आन्तरिक एकता चुनौतीपूर्ण

१४औँ महाधिवेशन पक्षधरले १५ वैशाखमा बोलायो निवर्तमान केन्द्रीय सदस्य र जिल्ला सभापतिको भेला, संस्थापन पक्ष भन्छ- अब भागबन्डाको राजनीति हुँदैन

प्रेम गौतम / नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल कांग्रेसमा आन्तरिक एकताको विषय चुनौतीपूर्ण बनेको छ। सर्वोच्च अदालतले विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको कार्यसमितिलाई मान्यता दिएपछि १४औँ महाधिवेशन पक्षधर राजनीतिक रूपमा अघि बढेको छ। सभापति गगन थापाले निवर्तमान सभापति पूर्णबहादुर खड्कासँग उनकै निवास गोल्फुटारमा पुगेर गत आइतबार साँझ भेटेसँगै संवादहीनताको अन्त्य भएको छ। तर, आन्तरिक एकताका लागि त्यसयता ठोस छलफल हुन सकेको छैन। खड्कालाई थापाले सहमतिको प्रस्तावसहित आउने बताएका थिए। पार्टीका पूर्वनिर्धारित कार्यक्रममा व्यस्त भएकाले आन्तरिक एकताको विषयमा थप छलफल हुन बाँकी रहेको थापानिकट एक नेताले बताए। 'पार्टीलाई मिलाएरै लाने कोसिस छ। मूल नेतृत्वले सबैलाई मिलाएरै लानुपर्छ भन्नेमा सभापतिज्यू स्पष्ट हुनुहुन्छ,' ती नेताले भने।

कांग्रेस प्रवक्ता देवराज चालिसे विधानको व्यवस्थामा टेकेर फरक मतलाई समेत स्वागत गर्दै अघि बढ्ने बताउँछन्। तर, विधान र मर्यादाभित्र सबै बस्नुपर्नेमा उनले जोड दिए। 'विधानले व्यवस्था गरेअनुसार सबैलाई समेटेर अगाडि बढ्न चाहन्छौं। प्रजातन्त्रमा फरक मत राखेकै कारण आग्रह, पूर्वाग्रह राखिँदैन। फरक विचार नभई मतको परीक्षण पनि हुँदैन। फरक मतलाई हमेसा स्वागत गर्छौं, समेट्छौं। तर, विधानले व्यवस्था गरेको प्रणाली र मर्यादाभित्र हुनुपर्छ,' उनले भने, 'कमिटी विस्तार गर्ने सम्भावना पनि छँदै छ। महाधिवेशनलाई निष्पक्ष बनाउन प्रतिबद्ध छौं। महाधिवेशनमा प्रतिस्पर्धा गर्ने र नेतृत्वमा आउने कुरा छँदै छ।' सबैलाई सहमतिमा ल्याउन अधिकतम प्रयास गर्ने, तर धुर्की र धम्कीले पार्टी नचल्नेमा आफूहरू स्पष्ट रहेको उनले बताए। 'पार्टी पद्धतिले चल्छ, धुर्की र धम्कीले चल्दैन। कांग्रेस एउटै हो। महाधिवेशन पनि एउटै हुन्छ। बहसहरू पार्टीकेन्द्रित हुनुपर्छ, व्यक्तिकेन्द्रित होइन,' उनले भने।

कांग्रेसमा विगतदेखि नै संस्थापन र इतर पक्षले सहमतिमा भागबन्डा गर्दै आएका छन्। तर, समय र परिस्थिति फेरिएको भन्दै संस्थापन पक्ष अब भागबन्डाको राजनीति नचल्ने दाबी गर्छ। 'अब भागबन्डाको राजनीति हुँदैन। त्यसरी चल्दा पनि चल्दैन। विचारको बहस गर्ने हो, कार्यक्रमको बहस गर्ने हो। विचारले नै शक्ति निर्माण गर्ने हो,' चालिसेले भने।

१४औँ महाधिवेशन पक्षधरहरूले भने सभापति थापाकै कोर्टमा बल फ्याँकेको छ। कुनै पनि माग नराख्ने र सभापति थापाले ल्याएको प्रस्ताव हेरेर अघि बढ्ने उनीहरूको रणनीति छ। १५ वैशाखमा १४औँ महाधिवेशन पक्षधर केन्द्रीय सदस्यहरू र जिल्ला सभापतिहरूको भेला बोलाइएको छ। 'हामी माग राख्दैनौं। हाम्रो मुख्य कुरा १५औँ महाधिवेशन कसरी गर्ने भन्ने हो। अदालतले शेरबहादुर देउवा र पूर्णबहादुर खड्काले दायर गरेको रिट खारेज गरेको हो, राजनीतिक अधिकार त हाम्रो छ नि। के गर्छौं, के गर्दैनौं भन्ने हाम्रो कुरा हो,' नेता विमलेन्द्र निधि भने, 'केही दिनअघि गगन थापा र पूर्णबहादुर खड्काबिच छलफल भयो। थापाले प्रस्ताव ल्याउँछु भन्नुभएको रहेछ। प्रस्ताव आएपछि छलफल गर्छौं। उहाँहरूकै भनाइ मान्ने हो भने पनि ४६ प्रतिशतलाई कसरी मिलाउनुहुन्छ, त्यो उहाँहरूको कुरा हो। उहाँहरूले कस्तो प्रस्ताव ल्याउनुहुन्छ, त्यस आधारमा अगाडिको बाटो तय हुन्छ।' २ माघमा थापा नेतृत्वको कार्यसमितिलाई मान्यता दिने निर्वाचन आयोगको निर्णयविरुद्ध निवर्तमान सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति खड्काले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। वैशाख पहिलो हप्ता रिट खारेज गरिदिएपछि थापाले सहमतिको प्रयास थालेका हुन्।



कोइरालासँग पनि छलफल गर्ने

सभापति थापाले नेता डा. शेखर कोइरालासँग पनि छलफल गर्ने भएका छन्। सबै सिनियर नेतालाई मिलाएर लैजान सभापति अग्रसर रहेको उनीनिकट नेताहरूले बताएका छन्। 'पार्टीमा विभिन्न रूपमा छलफल भइरहेका हुन्छन्। पार्टीभित्रका आन्तरिक विषय सबै नापतौल गरेर प्रचार गर्नुपर्छ भन्ने पनि छैन। यो आन्तरिक कुरा हो। आपसमा कुराकानी भइरहेको छ,' प्रवक्ता चालिसेले भने। कोइराला पक्षले पार्टीलाई एकताबद्ध बनाउने जिम्मेवारी सभापतिकै भएको निष्कर्ष निकालेको छ। 'एकताबद्धबाहेक कांग्रेसको विकल्प छैन। मुख्य कुरा सभापतिले सबै पक्षलाई समेटनुपर्छ,' नेता जीवन परियारले भने।

मध्यमार्गी मितिको सम्भावना

गत १८ पुसमा तत्कालीन कार्यवाहक सभापति खड्काको सभापतित्वमा बसेको केन्द्रीय कार्यसमिति बैठकले २८-३१ वैशाखमा १५औँ महाधिवेशन गर्ने गरी कार्यतालिका ल्याएको थियो। गत माघमा सम्पन्न विशेष महाधिवेशनबाट चयन भएको गगन थापा नेतृत्वको कार्यसमितिले आगामी १६-१९ असोजमा १५औँ महाधिवेशन गर्ने गरी कार्यतालिका ल्याएको छ। महाधिवेशनको कार्यतालिका संशोधन गरी सबैको सहमतिमा नयाँ मिति तोक्नुपर्ने १४औँ महाधिवेशन पक्षधरको अडान छ। यसमा संस्थापन पक्ष पनि सकारात्मक देखिएको थापापक्षीय नेताहरूले बताएका छन्।

विशेष महाधिवेशनबाट थापाको नेतृत्वमा १३४ सदस्यीय केन्द्रीय कार्यसमिति चयन गरेको छ। त्यसमा इतर पक्षलाई समेट्ने ठाउँ रहेको प्रवक्ता चालिसे बताउँछन्। 'विशेष महाधिवेशन एउटा घटना हो, निर्वाचन भइसक्यो, कानुनी प्रक्रिया टुंगिसक्यो। विचार र अवस्था भनेको घटनाक्रमले ल्याउने हो। कमिटी विस्तार गर्ने सम्भावना पनि छँदै छ,' उनले भने। सहमहामन्त्री प्रकाश स्नेही महाधिवेशनको मितिभन्दा पार्टी एकता ठुलो भएको बताउँछन्। 'सहमतिका आधारमा महाधिवेशनको मिति केही तलमाथि हुन सक्छ। मुख्य कुरा एकताबद्ध पार्टीको हो। हामी व्यक्तिगत स्वार्थभन्दा माथि उठेर अगाडि बढेका छौं,' उनले भने। तर, १४औँ महाधिवेशन पक्षधर भने १५औँ महाधिवेशनका लागि छुट्टै कमिटी र नयाँ मिति तोकिनुपर्ने पक्षमा छन्। अन्यथा दुइटा महाधिवेशन हुने र पार्टी विभाजनको स्थिति आउन सक्ने उनीहरूको चेतावनी छ।

विमलेन्द्र निधि, नेता



हामी माग राख्दैनौं। मुख्य कुरा १५औँ महाधिवेशन कसरी गर्ने भन्ने हो। अदालतले शेरबहादुर देउवा र पूर्णबहादुर खड्काले दायर गरेको रिट खारेज गरेको हो, राजनीतिक अधिकार त हाम्रो छ नि। के गर्छौं, के गर्दैनौं भन्ने हाम्रो कुरा हो। केही दिनअघि गगन थापा र पूर्णबहादुर खड्काबिच छलफल भयो। थापाले प्रस्ताव ल्याउँछु भन्नुभएको रहेछ। प्रस्ताव आएपछि छलफल गर्छौं। उहाँहरूले कस्तो प्रस्ताव ल्याउनुहुन्छ, त्यस आधारमा अगाडिको बाटो तय हुन्छ।

देवराज चालिसे, प्रवक्ता, कांग्रेस



विधानले व्यवस्था गरेअनुसार सबैलाई समेटेर अगाडि बढ्न चाहन्छौं। प्रजातन्त्रमा फरक मत राखेकै कारण आग्रह, पूर्वाग्रह राखिँदैन। फरक विचार नभई मतको परीक्षण पनि हुँदैन। फरक मतलाई हमेसा स्वागत गर्छौं, समेट्छौं। तर, विधानले व्यवस्था गरेको प्रणाली र मर्यादाभित्र हुनुपर्छ। कमिटी विस्तार गर्ने सम्भावना पनि छँदै छ। महाधिवेशन निष्पक्ष बनाउन प्रतिबद्ध छौं। महाधिवेशनमा प्रतिस्पर्धा गर्ने र नेतृत्वमा आउने कुरा छँदै छ।

कोशीको समीक्षामा शेखर अनुपस्थित

कांग्रेसले प्रदेशगत रूपमा चुनावी समीक्षा गरिरहेको छ। बुधबार विराटनगरमा आयोजित कोशी प्रदेशस्तरीय समीक्षामा नेता शेखर कोइराला उपस्थित भएनन्। कोइराला विराटनगरमै भए पनि समीक्षामा सहभागी नभएको एक नेताले बताए। कोइराला गत २१ फागुनको निर्वाचनमा पराजित भएका थिए। कोइराला पक्षका नेताहरू सरिता प्रसाईं, मीनेन्द्र रिजाललगायत भने समीक्षामा सहभागी भएका थिए। उनले आफूपक्षीय नेताहरूलाई समीक्षामा सहभागी नहुने जानकारी पहिले नै गराएका थिए।

जबकि, सभापति गगन थापाले कोइरालालाई फोन गरेर कार्यक्रममा उपस्थिति हुन आग्रह गरेका थिए। कोइरालाले कसरी अगाडि बढ्ने भन्ने प्रस्ट नभएसम्म कार्यक्रममा सहभागी नहुने बताएका थिए। समीक्षामा शेरबहादुर देउवा पक्षका नेता ज्ञानेन्द्रबहादुर कार्की र रामहरि खतिवडा पनि सहभागी थिए। कृष्ण सिटौला पनि कार्यक्रममा सहभागी भएनन्। कांग्रेस सुदूरपश्चिम र कर्णालीको चुनावी समीक्षा भने स्थगित भएको छ। दुवै प्रदेशको समीक्षा अनिश्चितकालका लागि स्थगित गरिएको छ।

विदेशमा रहेका नेपालीका लागि रास्वपाले 'प्रोफाइल बैंक' स्थापना गर्ने

प्रवास विभागकै नेतृत्वमा केन्द्रीय कार्यालय भवन पनि निर्माण गरिने

नयाँ पत्रिका

सत्तारूढ रास्वपाले विदेशमा रहेका नेपालीको ज्ञान, सिप र अनुभवलाई संस्थागत गर्न 'प्रोफाइल बैंक' स्थापना गर्ने भएको छ। 'समर्थक भएर संसद् बदल्यौं, सदस्य भएर देश बदल्छौं' भन्ने नाराका साथ रास्वपाले यस्तो अभियान सञ्चालन गर्न लागेको हो।



दीपक बोहरा, संयोजक
प्रवास नेपाली सम्पर्क विभाग

यसले नेपालमा भित्र्याउन सकिने सकिने पुँजी तथा लगानी अवसरहरूको पहिचान, विदेशमा सिकिएका सिपलाई नेपाल फर्केर प्रयोग गर्न सकिने क्षेत्रहरूको सूचीकरण, स्टार्टअप, उद्यमशीलता र रोजगार सिर्जनाका लागि परियोजना विकास, स्वदेश फर्कने लगानीकर्ताका लागि मार्गदर्शन हुने रास्वपाको विश्वास छ। प्रोफाइल बैंक बनेपछि आइडिया बैंकको काम सुरु गरिने प्रवास नेपाली सम्पर्क विभागका संयोजक दीपक बोहराले जानकारी दिए।

रास्वपाले प्रवासमा सदस्यता विस्तार अभियान सञ्चालन गर्ने भएको छ। प्रवासलाई केन्द्रमा राखेर अभियान सञ्चालन गरिने बोहराले बताए। प्रवासमा रहेका नेपालीलाई औपचारिक रूपमा रास्वपासँग जोड्ने उद्देश्यले आगामी चरणमा कम्तीमा १० लाख सदस्य प्रवासबाट निर्माण गर्ने लक्ष्य राखिएको छ। सदस्यता केवल संख्या मात्र नभई, देशको निर्माण प्रक्रियामा प्रत्यक्ष सहभागिताको ढोका हुने रास्वपाको विश्वास छ। प्रवास विभागकै नेतृत्वमा केन्द्रीय कार्यालय भवन पनि निर्माण गरिने भएको छ। यसमा विश्वभरका प्रवासी संगठनहरूको सक्रिय सहभागिता रहने विश्वास उनको छ।

विदेशमा रहेका नेपालीलाई मतदानको व्यवस्था मिलाउन आवश्यक पहल गरिने प्रतिबद्धता पनि उनले जनाएका छन्। 'गैरआवासीय नेपालीको 'एकपटकको नेपाली सधैंको नेपाली' भन्ने भावनात्मक सम्बन्धलाई कदर गर्दै केही विशिष्ट अपवादबाहेक सिद्धान्ततः दोहोरो नागरिकताको पक्षमा उभिँदै सम्पत्तिको अधिकारमा रहेका प्रशासनिक झन्झटहरूलाई तत्काल अन्त्य गर्न रास्वपा प्रतिबद्ध छ। विदेशमा रहेका नेपालीलाई मतदानको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ,' बोहराले भनेका छन्।

नेपालका उत्पादन र सेवाहरूलाई विश्व बजारसँग जोड्न विस्तृत सूची तयार गर्ने नीति पनि विभागले लिएको छ। जसमा कृषि उत्पादन हस्तकला तथा सांस्कृतिक वस्तु, जडीबुटी तथा प्राकृतिक उत्पादन, आइटी तथा डिजिटल सेवा, पर्यटनसँग सम्बन्धित सेवा प्याकेजहरू रहनेछन्। यसका लागि 'जहाँ नेपाली, त्यहीं नेपाली उत्पादन' अभियान सञ्चालन गरिने भएको छ।

प्रवासमा रहेका नेपालीको आपत्कालीन समस्या समाधानका लागि हप्ताका सातै दिन २४सै घण्टा समन्वय प्रणाली स्थापना गरिने पनि उनले बताएका छन्। जसबाट श्रमिक र विद्यार्थीलाई सहायता, कानुनी सहयोग, अस्पताल/आपत्कालीन सहयोग, दूतावास समन्वय, अन्तर्राष्ट्रिय छवि निर्माणमा काम गरिने भएको छ। नेपालको नयाँ राजनीतिक, आर्थिक र सामाजिक सम्भावनालाई अन्तर्राष्ट्रियस्तरमा प्रस्तुत गर्न गतिविधि सञ्चालन गर्ने पनि नीति लिएको छ। अन्तर्राष्ट्रिय सेमिनार तथा संवाद कार्यक्रम, नीति बहस, थिंकट्यांक सहकार्यजस्ता कार्यक्रम गरिने भएको छ।

प्रवास नेटवर्कमार्फत नेपाललाई सुरक्षित, आकर्षक र सांस्कृतिक गन्तव्यका रूपमा प्रस्तुत गर्नसमेत काम गर्ने भएको छ। जसमा विदेशी पर्यटकलाई आकर्षित गर्ने अभियान, डिजिटल प्रमोसन, डिप्लोपा टुरिजम एम्बास्डर प्रोग्रामलगायत पर्नेछन्। 'संसारका विभिन्न देशहरूमा पसिना बगाइरहनुभएका नेपाली केवल रेमिट्यान्सका स्रोत मात्र होइनन्, नेपालको भविष्य निर्माणका सहनिर्माता पनि हुन् भन्ने मूल भावनाका साथ उहाँहरूको अनुभव, सिप, दृष्टिकोण र नेटवर्कलाई उपयोग गरी देश सुधारको वास्तविक शक्ति बनाउने उद्देश्यसहित आगामी दिनमा प्रवासलाई केन्द्रमा राखेर अभियानहरू सञ्चालन गरिनेछ,' बोहराले भनेका छन्।

संक्षेप

महान्यायाधिवक्ताको योग्यताको निवेदनउपर आज सुनुवाइ

काठमाडौं/ महान्यायाधिवक्ता नारायणदत्त कँडेलको योग्यतामाथि प्रश्न उठाउँदै दायर रिटहरू बिहीबार सुनुवाइ हुँदै छन्। बुधबार दायर तीनवटा रिटमाथि सर्वोच्च अदालतले सुनुवाइ गर्ने भएको हो। सरकारले गत २२ चैतमा कँडेललाई महान्यायाधिवक्ता पदमा नियुक्त गरेको थियो। अधिवक्ता माधवकुमार बस्नेत, अधिवक्ता शिराज बरालसमेत आठजना र अधिवक्ता दीपकराज जोशीसमेत पाँचजनाले छुट्टाछुट्टै दायर गरेको रिटमाथि सुनुवाइ हुन लागेको हो। सर्वोच्चका न्यायाधीशसरह हुनुपर्ने योग्यता कँडेलमा नभएको दाबी तीनै रिटमा गरिएको छ। तीनवटै रिटमा महान्यायाधिवक्ता कँडेलका साथै प्रधानमन्त्री बालेन्द्र शाह, प्रधानमन्त्रीको कार्यालय, कानुन मन्त्रालयलगायतलाई विपक्षी बनाइएको छ। यसअघि रिट दर्ता गर्न लैजाँदा अदालतले दरपीठ गरिदिएको थियो। इजलासबाट दर्ता हुने आदेश भएपछि बल्ल सर्वोच्चमा दर्ता भएको हो। अधिवक्ता बस्नेतले कँडेलसँग १५ वर्ष वकालत गरेको योग्यता नभएको दाबी गरेका छन्।

गीता पाण्डे मृत्यु प्रकरण छानबिन समिति गठन

बुटवल/ गर्भपतन सेवा लिन विभिन्न स्वास्थ्य संस्थामा धाउँदा-धाउँदै गीता पाण्डेको मृत्यु भएको विषयमा छानबिन गर्न समिति गठन भएको छ। प्रहरीले पाण्डे मृत्युको अनुसन्धान गर्ने क्रममा चिकित्सकसहित पाँचजनालाई पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी) निशान्त श्रीवास्तवले दुई चिकित्सकसहित पाँचजनालाई पक्राउ गरिएको बताए। प्रहरीले घटनाको अनुसन्धानका क्रममा प्रारम्भिक सोधपुछबेखि विभिन्न पक्षमा अनुसन्धान अगाडि बढाएको बताए। पाण्डे मृत्यु प्रकरणको अनुसन्धान गर्न मेडिकल काउन्सिलले पनि अनुसन्धान टोली गठन गरेको जानकारी आएको उनले बताए। प्रहरीले डा. डिबी खत्री, डा. सतिश रूपाखेती, सन्ध्या बस्नेत, नीलम घर्तीमगर र खगेन्द्र पाण्डेलाई पक्राउ गरी कारबाही प्रक्रिया अगाडि बढाएको छ। सेवा दिँदा स्वास्थ्यकर्मीले लापरबाही गरेको भन्दै प्रहरीमा किटानी जाहेरी परेको छ। पाल्पाको बगनासकाली गाउँपालिका- २ की गीता पाण्डे गर्भ जाँचका लागि श्रीमानूसहित २७ चैतमा बुटवल इँटाभट्टीमा रहेको खत्री नर्सिङ होम पुगेकी थिइन्। डाक्टरको सल्लाहअनुसार ४ वैशाखमा पुनः नर्सिङ होम पुगिन्। तर त्यस दिन चेकजाँच नभएपछि भोलिपल्ट श्रीमानूसहित आइन्। गर्भ जाँच गर्दा गर्भ असामान्य भएको भन्दै गर्भपतन गर्न सल्लाह पाएपछि सेवा लिन नर्सिङ होम र क्लिनिक धाउँदा-धाउँदै उनको ज्यान गएको थियो।

हावाहुरीप्रभावित बस्तीको घर नगरपालिकाले बनाउने

लहान/ सिराहाको लहान नगरपालिका- २१, कालाबन्जर गाउँमा शनिबार साँझ आएको हावाहुरीप्रभावित दलित बस्तीको घर नगरपालिकाले बनाइदिने भएको छ। हावाहुरीले दलित बस्तीमा कतिपयको घरको छानो उडाउनुका साथै बस्नै नसक्ने भएपछि नागरिकको सुरक्षित आवासका लागि नगरपालिकाले घर बनाइदिन लागेको हो। ह्याबिट्याट फर ह्युम्यानिटीसँगको साझेदारीमा बस्तीमा २१ वटा नयाँ घर र फुसको छाना उडेका सातवटा घरमा जस्ता हाली नयाँ घर बनाउन लागिएको नगर प्रमुख महेशप्रसाद चौधरीले बताए। चौधरीले मंगलबार हावाहुरी प्रभावित बस्ती पुगेर निरीक्षण गर्दै केही साताभित्रै निर्माण सुरु गर्ने गरी प्राविधिकले नापजाँच थालनी गरेको उनले बताए। 'नगरवासीको सुरक्षित बसोबास, शिक्षा, स्वास्थ्यलाई नगरले मुख्य प्राथमिकता दिएको छ,' उनले भने, 'वातावरणमैत्री पक्की घर बनेपछि सधैंका लागि ढुक्क हुन्छ।' भूमिहीन तथा सुकुमवासी परिवारको दीर्घकालीन सुरक्षित बसोबास र व्यवस्थापनका लागि नगरपालिका क्षेत्रमा प्राथमिकता र आवश्यकताका आधारमा दोस्रो चरणमा पाँच सय घर निर्माण गर्ने योजना अघि बढाएको उनले बताए।

फर्किए अमेरिकी सहायक विदेशमन्त्री प्रधानमन्त्री र विपक्षी नेताहरूसँग भएन भेट

कपुरको भ्रमण फलदायी भयो : अमेरिकी दूतावास

नयाँ पत्रिका

विगतका अभ्यासभन्दा फरक ढंगले भेटवार्ता सकेर अमेरिकी विदेश सहायकमन्त्री समिर पल कपुर बुधबार स्वदेश फर्केका छन्। सोमबार तीनदिने कार्य भ्रमणमा आएका कपुरले रास्वपा सभापति रवि लामिछानेबाहेक राजनीतिक दलका शीर्ष नेतासँग भेटेनन् भने प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)सँग उनको भेट भएन।

विगतमा उनीभन्दा कनिष्ठ अधिकारी नेपाल भ्रमणमा आउँदा शीर्ष नेता, प्रधानमन्त्रीदेखि राष्ट्रपतिसम्म भेट हुने गरेको थियो। यसपटक परराष्ट्रमन्त्री शिशिर खनाल र अर्थमन्त्री डा. स्वर्णिम वाग्लेबाहेक नेपाली उच्च अधिकारीसँग उनको भेट भएन। प्रधानमन्त्री बालेनले अहिलेसम्म कुनै पनि विदेशी कूटनीतिज्ञसँग द्विपक्षीय भेट गरेका छैनन्। उनले यसअघि छिमेकी भारत, चीनसहित १७ देशका राजदूतलाई सिंहदरबारमा सामूहिक भेट दिएका थिए।

उच्च कूटनीतिक अधिकारीका अनुसार अमेरिकाका तर्फबाट प्रधानमन्त्री बालेनसँग भेट्ने इच्छा राखिएको थियो। तर, प्रधानमन्त्रीको समय व्यस्तताका कारण परराष्ट्रले कपुरसँग भेटवार्ताको समय मिलाउन नसकिएको सूचना प्रवाह गरेको थियो। रास्वपा सभापति लामिछानेसँग सोमबारको भेटवार्तामा पार्टी, सरकारको प्राथमिकता, अमेरिकासँगको सम्बन्धलगायत विषयमा विस्तृतमा छलफल भएको थियो। 'रास्वपा सभापतिज्यूसँग समग्र विषयमा छलफल भयो। उहाँले पार्टी र सरकार दुवैको प्राथमिकताबारे कुराकानी गर्नुभयो। दुईजना मन्त्रीहरूसँग भेटवार्ता भइसकेपछि उहाँसँग प्रधानमन्त्रीले गर्नुपर्ने विषय केही पनि थिएन,' रास्वपाका एक नेताले भने, 'प्रधानमन्त्री भेट्नै पर्ने विषय र त्यो स्तरका अधिकारी पनि हुनुहुन्थेन। त्यसकारण अहिले जुन स्तरमा भेटवार्ता भए, त्यो फलदायी र उपयोगी भए।'



समिर पल कपुर

कपुर फर्केपछि जारी विज्ञप्तिमा अमेरिकी दूतावासले उनको भ्रमण फलदायी भएको जनाएको छ। 'उहाँले नेपालको फलदायी भ्रमण सम्पन्न गर्नुभएको छ,' अमेरिकी दूतावासले भनेको छ। दूतावासले रास्वपा सभापति लामिछाने, परराष्ट्रमन्त्री खनाल र अर्थमन्त्री वाग्लेसँगको उच्चस्तरीय भेटघाटमा कपुरले अमेरिका-नेपाल साझेदारीलाई अझ प्रगाढ बनाउने र व्यावसायिक सम्बन्ध विस्तार गर्ने विषयमा छलफल गरेको उल्लेख गरेको छ।

कपुरले आगामी 'सेलेक्ट युएसए लगानी शिखर सम्मेलन'मा सहभागी हुने नेपाली प्रतिनिधिमण्डलसँग अमेरिकी लगानीका अवसरहरूबारे विचार आदानप्रदान गरेका थिए। यसैगरी, नेपालको उदीयमान तथा गतिशील प्रविधि क्षेत्रमा थप सहकार्यका सम्भावनाहरू पहिल्याउन उनले अमेरिकी र नेपाली निजी क्षेत्रका साझेदारलाई एक ठाउँमा ल्याएको पनि दूतावासले जनाएको छ। 'उहाँले बौद्धनाथ स्तूप र पाटन दरबार क्षेत्रको भ्रमण गर्दै नेपालको समृद्ध इतिहास र संस्कृतिको अनुभव पनि लिनुभयो,' दूतावासले भनेको छ, 'यी त्यस्ता स्थलहरू हुन् जसको संरक्षणमा अमेरिकाले 'सांस्कृतिक संरक्षणका लागि राजदूत कोष'मार्फत सहयोग गर्दै आएको छ।'

सत्तारूढ दलका नेताबाहेक उच्चस्तरीय भेटघाटहरू नहुनुलाई रिक्तताका रूपमा लिन नहुने अन्तर्राष्ट्रिय एवं सामरिक मामिलाविज्ञ विनोज बस्न्यात टिप्पणी गर्छन्। 'अमेरिकाले नेपालको वर्तमान राज्य संरचनाभन्दा पर, यहाँको राजनीतिक अर्थतन्त्रको आगामी चरणलाई नियालिरहेको एउटा संकेतका रूपमा हेर्नुपर्छ,' बस्न्यातले भने, 'कम औपचारिक तर रणनीतिक रूपमा बढी सूक्ष्म अध्ययनमा आधारित भ्रमण रह्यो भन्ने मलाई लाग्छ। राजनीतिक रूपमा अलिकति अन्वेषणात्मक, आर्थिक रूपमा केन्द्रित, औपचारिक शिष्टाचारमा छनोटपूर्ण र पहुँचका हिसाबले यो बहुआयामिक प्रकृतिको देखियो।'

सीमाक्षेत्रमा जनताले पाएको सास्ती रोक्न संसदीय समितिको निर्देशन

काठमाडौं/ राष्ट्रिय सभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिले नेपाल-भारत सीमाक्षेत्रमा भन्सार जाँचका नाममा सर्वसाधारणलाई दिइएको दुःख तत्काल रोक्न सरकारलाई निर्देशन दिएको छ। बुधबार बसेको समिति बैठकले घरायसी प्रयोजनका लागि भारतबाट ल्याइएको सय रुपैयाँभन्दा बढी मूल्यका सामानमा पनि भन्सार नियम लगाएर सास्ती दिइएको भन्दै दुःख दिने काम रोक्न निर्देशन दिएको हो।

बैठकमा सांसदहरूले सीमा क्षेत्रमा भइरहेको समस्याबारे सरकारको गम्भीर ध्यानाकर्षण गराउनुपर्ने माग राखेका थिए। बैठकमा बोल्ने अधिकांश सांसदले सरकारको कामप्रति गम्भीर आपत्ति जनाएपछि समितिले सरकारलाई भन्सारको नाममा दिइने दुःख तत्काल रोक्न निर्देशन दिने निर्णय गरेको थियो।

समितिका सभापति कृष्णप्रसाद पौडेलले सीमा क्षेत्रका नागरिकको दैनिक जीवनयापन र आधारभूत आवश्यकतालाई ध्यान नदिई सरकारले भन्सारमा कडाइ गरेकोप्रति विरोध जनाए। 'जनप्रतिनिधि हुनुको नाताले हामीले जनताको दैनिकी र आवश्यकता हेर्नुपर्छ। नागरिकले जीविकोपार्जनका लागि भारतबाट केही सस्तोमा सामान ल्याएर गुजारा चलाउँदै आएका छन्। तर, सरकारले सय रुपैयाँभन्दा बढीको सामानमा भन्सार तिर्नुपर्ने व्यवस्था गरेर जनताको आधारभूत आवश्यकता र जीवनयापनलाई नै बेवास्ता गरेको छ। यो गलत छ र सच्याउनुपर्छ,' सभापति पौडेलले भने। यसअघि जसपा नेपालका वरिष्ठ नेता तथा राष्ट्रिय सभा सदस्य महन्थ ठाकुरले वक्तव्य जारी गरेर सीमाक्षेत्रमा जनतालाई सास्ती दिने कार्य रोक्न सरकारको ध्यानाकर्षण गराएका थिए। तराईका युवाहरूले पनि माइतीघर क्षेत्रमा नियमित विरोध प्रदर्शन गर्दै आएका छन्। मूल्य सस्तो हुने भएपछि सीमावर्ती भारतीय बजारमा ठुलो संख्यामा नेपालीहरू दैनिक उपभोग्य वस्तुको खरिदका लागि जाने गरेका छन्।

आरक्षपीडितको अर्धनग्न आन्दोलन

विस्थापित भएको २५ वर्षसम्म पनि पुनर्स्थापना नभएको भन्दै पीडितले जिल्ला प्रशासन कार्यालयअगाडि गरे विरोध

कञ्चनपुरमा **मोहन बिष्ट**

पुनर्स्थापनाको माग अघि सारेर गत सातादेखि आन्दोलनमा रहेका कञ्चनपुरका आरक्षपीडितले अर्धनग्न आन्दोलन गरेका छन्। बिहीबार कञ्चनपुरको महेन्द्रनगरमा प्रदर्शनसहित उनीहरूले प्रशासन कार्यालय अगाडि अर्धनग्न आन्दोलन गरेका हुन्।

विस्थापित भएको २५ वर्षसम्म पनि पुनर्स्थापना नभएको भन्दै पीडितले जिल्ला प्रशासन कार्यालयअगाडि अर्धनग्न भएर विरोध जनाएका छन्। पीडितहरूले हरेक निर्वाचनमा आफूहरूलाई आश्वासन दिने अनि पूरा नगर्ने प्रवृत्ति अहिले पनि दोहोरिएको भन्दै फरक शैलीमा विरोध गरेका हुन्।

आसैआसमा रहेका आरक्षपीडितले नयाँ सरकार बनेको तीन साता बितिसक्दा पनि आफूहरूको समस्या समाधानमा सरकारले चासो नदिएको भन्दै आन्दोलन थालेको जनाएका छन्। आरक्षपीडित संघर्ष समितिका सहसचिव कृष्णदत्त भट्टले पीडितको आवाज सरकारले नसुनेपछि अर्धनग्न आन्दोलन गर्नुपरेको बताए। उनले नयाँ सरकारले समेत आफूहरूको समस्या समाधान गर्न ढिलाइ गरेको भन्दै सरकारलाई घचघच्याउन जिल्ला सदरमुकाम महेन्द्रनगरमा प्रदर्शन, धर्नादेखि ज्ञापनपत्र



पुनर्स्थापनाको माग अघि सारेर आन्दोलनमा रहेका कञ्चनपुरका आरक्षपीडित अर्धनग्न प्रदर्शन गर्दै।

बुझाएको, तर सरकारले आफूहरूको मागप्रति बेवास्ता गरेको गुनासो गरे।

'हामी विस्थापित भएको ०५८ देखि ०८२ सम्म भएका सबै निर्वाचनमा आश्वासन मात्रै दिइयो, पूरा भएनन्,' उनले भने, 'अहिलेको सरकार र जनप्रतिनिधिसँग आशावादी छौं, यसपटक सरकारको ध्यानाकर्षण मात्रै गराएका छौं।' आरक्षपीडितका युवा अभियन्ता सुजित श्रेष्ठले वर्तमान सरकारको ध्यानाकर्षण गराउने उद्देश्यका साथ बजारमा च्याली, धर्ना देखि प्रशासनमार्फत ज्ञापनपत्र दिइएको बताए। उनले आरक्षपीडितका सन्तानसमेत ०५८ देखि आधारभूत मौलिक हकबाट वञ्चित भएको बताए।

आरक्षपीडित संघर्ष समितिका अध्यक्ष जयबहादुर रोकायाले पीडितलाई बर्सेनि आश्वासन मात्रै दिइएकाले अब न्याय नपाउँदासम्म निरन्तर आन्दोलन जारी राख्ने चेतावनी दिए। उनले यसअघि अन्य दलहरूले पनि आफूहरूको मागमा कुनै सुनुवाइ नगरेको र अहिलेका दल, सरकारले समेत उस्तै प्रवृत्ति दोहोऱ्याइरहेको दुखेसो पोखे।

कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी मदन कोइरालाले आरक्षपीडितको मागसहितका विषय केन्द्रीय सरकारसमक्ष राख्ने आश्वासन दिँदै आन्दोलनका कार्यक्रम स्थगित गरेर वार्ता, संवाददेखि छलफलका माध्यमबाट समस्याको निकासका लागि पहल आवश्यक रहेको औँल्याए। जिल्लाबाट प्रतिनिधित्व गर्ने सांसदत्रय जनकसिंह धामी, दीपकराज बोहरा र ज्ञानेन्द्रसिंह महताले संसद्मा आरक्षपीडितको मुद्दा उठान गर्ने भन्दै धैर्य गरिदिन आग्रह गर्दै आएका छन्।

कसरी घटाउने नागरिक र प्रहरीबिचको दूरी ?

समुदायसित प्रहरीको साझेदारी प्रभावकारी रूपमा गर्न सकियो भने समुदाय र स्थानीय सरकारले विश्वास गर्ने दर एकदमै उच्च हुन्छ



● मीरा चौधरी

अग्रलेख



अहिले संसारभर नै 'प्रब्लम ओरिएन्टेड पुलिसिङ'को अभ्यास भइरहेको छ। कुनै पनि घटना भयो भने तत्कालको समाधान मात्र खोज्ने होइन, कारणसमेत पत्ता लगाएर नियन्त्रणको प्रयास गर्ने पुलिसिङ आवश्यक भइसक्यो। यसको त च्याम्पियनसिप पनि हुने रहेछ कतिपय देशमा। अमेरिकाको अरिजना स्टेट युनिभर्सिटीले 'प्रब्लम ओरिएन्टेड पुलिसिङ'मा हरेक वर्ष एउटा च्याम्पियनसिप गर्दै आएको छ। जसलाई 'हर्मन गोल्डस्टेन अवार्ड' भनिन्छ। गत वर्ष नेपाल प्रहरीले पनि त्यसका लागि आवेदन दियो। सो अवार्डमा नेपाल टप ६ उत्कृष्टमा पर्न सफल भयो। अछामको मार्खु गाउँमा छाउप्रथा घटाउन नेपाल प्रहरीले समुदाय-प्रहरी साझेदारीमार्फत गरेको काम उत्कृष्ट ठहरियो।

धेरै ठाउँमा यसरी नेपाल प्रहरीले उत्कृष्ट काम गरिरहेको छ। तैपनि, समग्रमा भने प्रहरीको काम अझै प्रभावकारी हुन सकेको छैन। नागरिक र प्रहरीबिच 'ग्याप' देखिन्छ। नागरिकले पूर्ण रूपमा प्रहरीलाई विश्वास गरेको देखिँदैन। गत भदौको जेन-जी आन्दोलनमा पनि त्यस्तै देखियो। प्रहरीले नागरिकको विश्वास जित्ने र अपराध अनुसन्धान नियन्त्रण गर्ने सबैभन्दा प्रभावकारी माध्यम अहिलेका लागि प्रहरी-समुदाय साझेदारीलाई अझै सशक्त बनाउनु नै हो। यसको मुख्य उद्देश्य समुदायले प्रहरीलाई विश्वास गरोस् भन्ने हो। उद्देश्यअनुसार प्रहरी यसमा सफल हुन सकेको छैन।

लागुऔषध, दुर्घटना र लैंगिक हिंसाको भयावहता : अहिलेको मुख्य समस्या लागुऔषध दुर्व्यसन, सडक दुर्घटना र लैंगिक हिंसा हुन्। यी तीनै क्षेत्रमा प्रभावकारी काम हुन सकेको छैन। अहिले लागुऔषधको समस्या देशैभरि मुख्य बन्दै गएको छ। यसको समस्या जसरी देखिएको छ, त्यससँग जुध्ने काम भने त्यसैगरी हुन सकेको छैन। लैंगिक हिंसाको कुरा गर्दा पनि नेपाल प्रहरीमा रिपोर्ट हुने संख्या एकदमै उच्च छ। तर, त्यसको उचित सम्बोधन भइरहेको छ कि छैन ? नीतिगत तहमा यस विषयमा बहस गर्नु जरुरी छ। घरेलु हिंसा नियन्त्रण तथा सजाय ऐन, २०६८ र त्यसको नियमावलीले यो समस्याको उचित सम्बोधन गर्न खोजेको देखिन्छ। राज्यले कानुन बनाइसकेपछि त्यसअनुसार कार्यान्वयन भयो कि भएन ? यो विषयको उठान नेपाल प्रहरीले राम्रोसँग गर्नुपर्छ। कि ऐनअनुसार कामकारबाही सुरु गर्नुपर्छ, नत्र यसको समीक्षा गर्नुपर्छ। अहिलेको अवस्थामा यो कानुनको संशोधन आवश्यक छ। हामीले कानुनअनुसार कति काम गर्न सकेका छौं-छैनौं भनेर समीक्षा गर्ने समय पनि आइसकेको छ।

सडक दुर्घटनाकै कुरा गर्दा 'रेसियो र रेन्ज' बढ्दो छ। विश्व स्वास्थ्य संगठनले सन् २०३० भित्र ५० प्रतिशत घटाउनू भनेको छ। त्यहाँसम्म पुग्नका लागि पछाडि फर्केर हेर्नुपर्छ, अध्ययन गर्नुपर्छ। किन घटाउन सकिएको छैन ? सडक दुर्घटना कुनै विशेष विषयसँग मात्र जोडिँदैन, भौतिक पूर्वाधार, सचेतना, इक्विपमेन्टसँग पनि जोडिन्छ। दुईपांग्रे सवारीसाधनको दुर्घटना धेरै छ। त्यसकारण व्यवहारको पाटोमा विशेष ध्यान दिन जरुरी छ।

किन प्रभावकारी भएन ? : अवकाशपछि पनि मैले प्रहरीसँग मिलेर काम गरिरहेकी छु। 'युएनअप्स् नेपाल'मार्फत समुदाय-प्रहरी साझेदारी र लैंगिक हिंसा क्षेत्रको विषयमा प्रहरीलाई सघाइरहेकी छु। समुदाय-प्रहरी साझेदारी यस्तो कार्यक्रम हो, जसले प्रहरी र नागरिकको सम्बन्धलाई जोगाइराखेको छ। प्रमाणमा आधारित निर्णय प्रक्रियाका लागि सारा (क्यान, एनालाइसिस, रेस्पन्स र असेसमेन्ट) तरिका प्रयोग गर्न थालेका छौं। जसअन्तर्गत मधेश, लुम्बिनी र कर्णाली प्रदेशका सात पालिकामा पनि विशेष वडा चयन गरेर त्यसमा काम गरिरहेका छौं।

समुदाय-प्रहरी साझेदारी प्रहरीले प्राथमिकतामै राखेको छ। तर, पछिल्लो अनुभवले यसमा 'ग्याप' रहेको देखाउँछ। हामीले हाल जनकपुर, सिम्रौनगढ, बरहथवा, शिवराज, कोहलपुर, वीरेन्द्रनगर र भेरीगंगामा समुदाय प्रहरीमा काम गरिरहेका छौं। यसमध्ये जनकपुर, वीरेन्द्रनगर र भेरीगंगामा लागुऔषध, कोहलपुर र शिवराजमा सडक दुर्घटना तथा सिम्रौनगढमा लैंगिक हिंसा नियन्त्रणका लागि प्राथमिकता दिएर काम गरिरहेका छौं। समुदायका प्रतिनिधिबाट प्राप्त सुझावका आधारमा पहिचान गरेका समस्यामाथि काम हुँदै आएको छ। समुदायमा साझेदारी प्रभावकारी रूपमा गर्न सकियो भने समुदाय र स्थानीय सरकारले विश्वास गर्ने दर एकदमै उच्च हुन्छ। शिवराज नगरपालिकामा अध्ययन गर्दा त्यहाँ वडैपिच्छे मूल समस्या फरक छन्। वडा नम्बर ५ मा सडक दुर्घटना मुख्य समस्या देखियो भने वडा नम्बर १ मा लागुऔषध।

नागरिकको विश्वास बढाउन प्रहरीले समुदायमा आफ्ना गतिविधि बढाउनुपर्छ। लैंगिक हिंसा, लागुऔषध र सडक दुर्घटनाजस्ता समस्या एकदमै उच्च छन्। यी समस्या समाधानका लागि प्राथमिकीकरण गरेर अघि बढ्दा काम गर्न सजिलो हुन्छ। ०७५ मा समुदाय-प्रहरी साझेदारीको नयाँ अवधारणा नेपाल प्रहरीले ल्यायो। स्थानीय तहसँगको पनि साझेदारीमा अघि बढ्ने गरी यो अवधारणा आयो। यो अवधारणापत्र देशका ७५३ वटै पालिकामा पुगेको छ। सबै पालिकासँग कार्यान्वयनका लागि समझदारीपत्रमा हस्ताक्षरसमेत भएको छ। यसको संरचना जिल्लादेखि विद्यालय तहसम्म परिकल्पना गरिएको छ। जिल्लामा प्रमुख जिल्ला अधिकारी संयोजक हुन्छन् भने वडाध्यक्षसम्मलाई समेटिएको छ। तर, स्थानीय समस्या पहिचान गरेर यो संयन्त्रलाई जति सक्रिय बनाउनुपर्ने हो, त्यो हुन सकेको छैन। यसका लागि प्रहरी नै सधैं सक्रिय हुनु जरुरी छ।

> प्रहरीले नागरिकको विश्वास जित्ने र अपराध अनुसन्धान तथा नियन्त्रण गर्ने सबैभन्दा प्रभावकारी माध्यम अहिलेका लागि प्रहरी-समुदाय साझेदारीलाई अझै सशक्त बनाउनु नै हो

यस्ता समस्यामा प्रतिकार्य योजना प्रहरी एक्लैले बनाएर सम्भव हुँदैन। एकातर्फ प्रहरीसँग स्रोत-साधन छैन। अर्कातर्फ प्रहरीभन्दा अन्य निकायको अधिकार क्षेत्र जोडिन्छ। सिम्रौनगढमा अध्ययन गर्दा स्कुलका बालबालिकाले आफूहरूमाथि मौखिक दुर्व्यवहार हुने गरेको सुनाए। उनीहरू स्कुल जाने बाटामा मदिरा बिक्री हुने धेरै पसल तथा रेस्टुरेन्ट रहेछन्। त्यसको नियमन गर्ने अधिकार प्रहरीलाई छैन, पालिकालाई छ। त्यसकारण 'रेस्पोन्स प्लान'मा सबै पक्षको सहभागिता आवश्यक छ। प्रहरीले समुदायको विश्वास जित्न र स्थानीय समस्या समाधान गर्न एक्लै सक्दैन। त्यही नसक्ने भएरै समुदाय-प्रहरी साझेदारी कार्यक्रम ल्याइएको हो। सूचना प्राप्तिदेखि समुदायको सुरक्षासम्म यो महत्त्वपूर्ण छ।

प्रहरीप्रति आक्रोश र पर्दापछाडिका काम : नागरिकसँग प्रहरीको दूरी बढ्नुको एउटा कारण प्रहरीले देश र जनताका लागि कति धेरै राम्रा काम गरिरहेको छ भन्ने नागरिकले राम्रोसँग जानकारी नपाउनु हो। यसमा प्रहरीको पनि गल्ती छ। हरेक कुरामा प्रहरी नै खटिएको हुन्छ, तर यो कुरा सबै नागरिकले महसुस गर्न सकेका छैनन्।

प्रहरीको जागिरमा आकर्षण घट्दो छ भनेर टिप्पणी हुन्छ, तर मलाई भने त्यस्तो लाग्दैन। विभिन्न कारणले प्रहरी कर्मचारीले राजीनामा दिइरहेका छन्। तर, राजीनामा दिनेभन्दा आउन खोज्नेको संख्या अझै पनि धेरै छ। समाजमा प्रहरीप्रति आकर्षण र सम्मान कम भएको छैन। जेन-जी आन्दोलनमा प्रहरीमाथि आक्रोश देखियो। यो विश्वासकै कमीको परिणाम हो। प्रहरीले जुन समुदायका लागि काम गरिरहेको हो, उसलाई तपाईंका लागि काम गरिरहेको हो भनेर बुझाउन नसकेसम्म आक्रोश भोगिरहनुपर्छ। जनताले विश्वास गर्ने वातावरण बढाउनुपर्छ।

प्रहरीमाथि हस्तक्षेपका कुरा पनि सुनिन्छन्। नेतृत्व लिनेले कतैबाट प्रभावित नभई निर्णय गर्ने हो भने दबाब र हस्तक्षेप गौण हुन्छ। कुनै निर्णय गर्दा कतैबाट प्रभावित नहुने अधिकार तपाईंलाई छ। तर, प्रभावित नहुनका लागि जे-जे चाहिन्छ, त्यसका निम्ति संगठनले व्यक्तिलाई संरक्षण दिनुपर्छ। आधारभूत तालिमदेखि नै यी कुरा सिकाउँदै लैजानुपर्छ। रणनीति भन्ने कुरा व्यक्तिले गर्ने नै होइन, संगठनलाई कसरी लैजाने भनेर लिडरले निर्णय गर्नुपर्छ। प्रमाणमा आधारित निर्णयका लागि त्यही किसिमको स्रोत-साधन पनि आवश्यक छ।

राम्रोसँग 'कम्युनिटी इंगेजमेन्ट' हुने हो भने आधा समस्या त्यहीं समाधान हुन्छन्। त्यही हो विश्वास भनेको। सेवा पाउने व्यक्तिले तपाईंले राम्रो काम गरिरहेको छ भन्ने कुरा महसुस गर्नुपऱ्यो। तथ्यांकका आधारमा समस्या पहिचान गरी प्राथमिकीकरण गर्न जरुरी छ। प्रहरीको व्यवहारको विषयमा वेला-वेलामा प्रश्न उठ्छ। कति प्रहरीले यस्तो व्यवहार गरेको छ, नागरिकसँग त्यो सूचना कसरी लिने र त्यसलाई विश्लेषण गरेर कसरी अघि बढ्ने भन्ने निर्क्योल गर्नुपर्छ। प्रहरीलाई आफ्नो जिम्मेवारीबारे प्रस्टसँग बताउन जरुरी छ।

जेन-जी आन्दोलनका क्रममा भिड नियन्त्रणमा प्रहरी चुक्यो भनेर प्रश्न उठिरहेको छ। सिद्धान्तअनुसार प्रहरीलाई तालिम जरुरी छ। तालिम भनेको एकपटक गऱ्यो, अनि वर्षौं चुप लागेर बस्ने भन्ने हुँदैन। मैले युएन मिसनमा 'फर्म्ड पुलिस युनिट'को 'कमान्डर' भएर पनि काम गरें। त्यहाँ संयुक्त राष्ट्र संघको मापदण्ड के हो त भनेर पनि बुझें। फिल्डमा सोचेजस्तो हुँदैन। तर, धेरै अवस्थामा तपाईंको 'ह्यान्डलिङ प्रोपर' हुनैपर्छ। बल प्रयोगमा चरणबद्ध प्रक्रिया छन्, त्यसलाई अनुसरण गर्नुपर्छ। त्यसका लागि नियमित तालिमको आवश्यकता छ। यसमा प्रहरीले तत्कालै नयाँ योजना बनाउनुपर्छ।

आगामी दिनमा नयाँ खालका सुरक्षा चुनौतीको जोखिम छ। विद्युतीय अपराधको कुरा छ। त्यसका लागि हामीसँग तयारी के छ त ? प्रहरी अबको प्राथमिकताबारे प्रस्ट हुनुपर्छ। समुदायका कुरालाई सुन्नुपर्छ। भूगोल, समुदायअनुसार समस्या फरक छन्। त्यही समस्या पहिचान गरेर काम गर्न जरुरी छ।

प्रभावकारी रूपमा लाग्ने हो भने प्रहरीले छिट्टै 'ट्रस्ट' गर्न भन्ने मलाई लाग्छ। जेन-जी आन्दोलनकै कुरा गर्दा प्रहरीको कार्यालय जलाए, तर सबैभन्दा छिटो तिनै कार्यालय जनताले नै बनाए। सबैलाई प्रहरीको साथ चाहियो। जनसमुदायको सहयोग प्रहरीमा लामो समयदेखि चल्दै आएको छ। प्रहरीले प्राथमिकता तय गर्नुपर्छ। स्रोतसाधन कम छ भनेर गुनासो गरेर मात्र होइन, तथ्यसहित जान सकियो भने यो समस्या पनि हल हुन्छ।

खाँचो नयाँ रणनीतिको : एउटा विवाहित जोडीले घर बनाउनेदेखि बच्चा जन्माउनेसम्मका अनेक योजना बनाउँछ। हरेक मान्छेको योजना हुन्छ। समुदायसँग काम गर्ने प्रहरीले पनि आफ्नो नीति बनाउन जरुरी छ। त्यो लहडको भरमा बनाउने होइन। जहिले पनि पुलिसिङसँग अगाडि बढ्नुपऱ्यो। संगठनको नयाँ रणनीति आवश्यक छ। कुनै दिन जेन-जी आन्दोलनको परिकल्पनासम्म गरिएको थिएन। आगामी दिनमा कस्ता समस्या आउन सक्छन्, त्यसलाई कसरी ट्याकल गरेर अघि बढ्ने भन्ने योजना चाहिन्छ।

(चौधरी नेपाल प्रहरीकी अवकाशप्राप्त एआइजी हुन्)

३ प्रश्न

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक **मिलन श्रेष्ठ**लाई



राजनीतिमा नैतिकताको महत्त्व कति हुन्छ ?

राजनीतिमा नैतिकताको ठुलो महत्त्व हुन्छ। आममतदाताको विश्वास जितेर आउने जनप्रतिनिधिको विश्वसनीयताका लागि पनि वैधानिकता र नैतिकताको ठुलो महत्त्व हुन्छ। वैधानिकताले जनप्रतिनिधिका काम-कारबाही वैधानिक छन् कि छैनन् भन्ने पाटोलाई प्रस्ट पार्छ भने नैतिकताले चाहिँ व्यक्तिको नैतिक आचरणलाई बुझाउँछ। नैतिकता सम्बन्धित व्यक्तिको व्यक्तित्वमा अनुभूति हुनुपर्छ। नैतिकता कतै लेखिएको हुँदैन। 'कमन सेन्स' भएका व्यक्तिले कसैको काम, कारबाही र व्यवहारलाई राम्रो ठाने भने उसको नैतिकता राम्रो भएको मानिन्छ। राजनीतिमा सफल हुन नैतिकता अपरिहार्य हुन्छ। नेल्सन मन्डेला, महात्मा गान्धी, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारीलगायत नेतालाई जनताले त्यसै माया गरेका होइनन्। नैतिक तागतले नै उनीहरूलाई माथि उठाएको हो।

छोटो समयमै दुईजना मन्त्रीले राजीनामा दिनुले के सन्देश दिएको छ ?

राजनीतिमा यसको सकारात्मक मात्र नभई नकारात्मक सन्देश पनि जान सक्छ। यसअघि यति छोटो समयमा मन्त्रीहरूले पद छाड्नुपर्ने गरी प्रश्न उठेको थिएन। अहिले जसरी मन्त्रीहरूले राजीनामा दिनुभयो, त्यसले बालेन सरकारलाई फाइदा र बेफाइदा दुवै गर्न सक्छ। नैतिक प्रश्न उठिसकेपछि त्यसको जिम्मेवारीबोध गरी छानबिनलाई सघाउन राजीनामा गरिएको हो भने त्यसले सरकारलाई फाइदा पुग्छ। सरकार थप बलियो बन्छ। तर, 'पावर सिक्वेन्स'का कारण राजीनामा आएको हो भने यसले फाइदा गर्दैन।

यस घटनाले भावी राजनीतिमा कस्तो प्रभाव पार्न सक्छ ?

आफूमाथि उठेका प्रश्नको प्रस्टीकरण दिएर जनतालाई बुझाउन सक्ने पर्याप्त ठाउँ हुँदाहुँदै पनि यसरी राजीनामा दिन थालियो भने भोलि प्रधानमन्त्रीदेखि रास्वपा सभापतिसम्मका नेतामाथि पनि प्रश्न नउठ्लान् भन्न सकिन्न। त्यतिखेर पनि यसैगरी राजीनामा दिनुपर्ने अवस्था आउन सक्छ। तर, जेसुकै भए पनि भविष्यमा कसैलाई मन्त्री नियुक्त गरिँदै गर्दा उसको 'ब्याकग्राउन्ड' हेरेर 'क्लिन' मान्छेलाई ल्याउने नजिर भने बस्न सक्छ।

प्रेरक प्रसंग

गुरु र राजाको स्थान

एक राजा खासै पढेलेखेका थिएनन्। उनलाई शिक्षा प्राप्त गर्ने निकै ठुलो रहर थियो। त्यसैले, उनले देशभर नाम चलेकामध्ये एक गुरुलाई दरबारमै आएर आफूलाई पढाउने काममा नियुक्त गरे।

तोकिएको मिति र समयदेखि गुरुले आफ्नो काम सुरु गरे। उनी हरेक दिन दरबार जान्थे र एक घण्टासम्म राजालाई पढाएर फर्किन्थे। यो क्रम निरन्तर चलिरहेकै थियो। तर, यसबाट राजालाई भने कुनै फाइदा भइरहेको थिएन। जतिसुकै कोसिस गरे पनि उनले केही पनि सिक्न सकिरहेका थिएनन्। देशभरकै चर्चित गुरु भएकाले उनले गुरुको योग्यता र क्षमतामाथि प्रश्न गर्न पनि सकेनन्। तर, आफूले केही सिक्न पनि सकेनन्। उनले पढ्न थालेको झन्डै तीन महिना बितिसकेको थियो।

एक दिन उनले दरबारमा रानीसित यस विषयमा सल्लाह पनि गरे। रानीले यसबारे गुरुसितै सोध्न राजालाई सुझाव दिइन्। अर्को दिन दरबारमा गुरु आइपुग्नासाथ राजाले प्रश्न गरे- गुरुदेव हजुरजस्तो महान् गुरुसित पढ्दा पनि मैले तीन महिनासम्म केही पनि सिक्न सकिरहेको छैन। के म सिक्न योग्य नै छैन हो ? आखिर मैले किन सिक्न सकिरहेको छैन ? गुरुले जवाफ दिए- यसको कारण स्पष्ट छ महाराज ! तपाईं यहाँ सिक्नभन्दा पनि राजाको रवाफ देखाउन आउनुभएको हो कि जस्तो देखिनुहुन्छ। किनकि, तपाईं स्वयं उच्च सिंहासनमा बस्नुहुन्छ र मलाई तल्लो स्थानमा बसाउनुहुन्छ। तर, जबसम्म तपाईंको गुरुका रूपमा रहन्छु, त्यतिखेरसम्म मेरो आसन तपाईंको भन्दा उच्च हुनुपर्थ्यो र तपाईंको आसन तल हुनुपर्थ्यो। यो कुरा मैले तपाईं राजा भएको हुनाले भन्न पनि सकिरहेको थिइनँ।

राजालाई आफ्नो भूलको महसुस भयो। उनले तत्काल अध्ययनका लागि छुट्टै कोठा तयार गर्न लगाए। त्यहाँ उनले गुरुलाई उच्च आसनमा बसाए र आफू भने तल्लो स्थानमा बसेर शिक्षा ग्रहण गर्न थाले। उनको मिहिनेत र शिक्षा प्राप्तिको भोकले उनी कम समयमै विद्वान् बन्न सफल भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

आत्मसमीक्षा गरून् वाम शक्तिले

कुनै वेला ६४ प्रतिशतभन्दा बढी शक्ति आर्जन गरेका कम्युनिस्ट पार्टीले यसपटकको निर्वाचनमा जम्मा १५ प्रतिशत मत पाएको देखिनुले जनतामा कम्युनिस्ट पार्टीहरूप्रतिको विश्वास खण्डित भएको संकेत गरेको छ। कम्युनिस्ट पार्टीले आफूलाई वैचारिक रूपमा रूपान्तरण र नेतृत्वमा पुस्तान्तरण गर्न नचाहँदा उनीहरू जमेको फोहोर पोखरीजस्ता भएका छन्। एउटै नेता वर्षौंसम्म नेतृत्वमा रहँदा पार्टी जीवन ठप्प भएको छ। त्यसैले, अब वामपन्थीहरूले आत्मसमीक्षा गरी सुधारको बाटो समातून्।

● **सुम्निमा राई**, ठिमी, भक्तपुर

एमाले नेतृत्वलाई प्रश्न

यतिखेर विभिन्न प्रश्नको घेरामा परेको छ एमाले नेतृत्व। पार्टी नेतृत्वमा पुस्तान्तरणको माग उठिरहेको समयमा महाधिवेशन गराएर नेतृत्वमा थप शक्तिशाली बनेर उदाएका अध्यक्ष केपी शर्मा ओली पछिल्लो निर्वाचनमा भएको पराजयपछि गम्भीर प्रश्नको घेरामा छन्। यतिखेर त एमालेको प्रचार सामग्रीमा उनको फोटोसमेत राख्न छाडिएछ। के अब एमाले रूपान्तरण र पुस्तान्तरणको बाटो हिँड्न लागेको हो ? के एमालेले गएको निर्वाचनमा आफूहरूबाट भएको कमजोरी सच्याउन लागेको हो ?

● **गोपाल मरासिनी**, त्रिपुरेश्वर, काठमाडौं

कम्पनीको ध्यानाकर्षण सम्बन्धमा

०८३ वैशाख ७ मा नयाँ पत्रिकामा साढे पाँच अर्बमा सम्झौता भएको तामाकोशी पाँचौं जलविद्युत् आयोजनाको ठेक्का दुई सातामै विवाद भन्ने शीर्षकमा प्रकाशित समाचारप्रति यस कम्पनीको ध्यानाकर्षण भएको छ। वित्तीय प्रस्ताव नखोल्दै दिएको उजुरीमा कानुनी राय लिई सार्वजनिक खरिद ऐनबमोजिम कारबाही गरी १३ मार्च २०२६ मा बोलपत्रदातालाई मूल्यांकन कार्यमा त्रुटि नरहेको जानकारी गराइएको एवं ऐनबमोजिम सात दिनको म्याद दिएर २२ मार्च २०२६ मा दुवै बोलपत्रदाताको उपस्थितिमा वित्तीय प्रस्ताव खोलिएको र प्राविधिक प्रस्तावमा पेस भएका कागजात योग्य रहेको छ।

ठेक्का प्राप्त कम्पनी एचजेएचईले भियतनाममा कार्य गरेको कागजात पेस गरेको छ, जुन बोलपत्र कागजातको मापदण्डअनुरूप छ। बोलपत्रको प्रावधानमा वार्षिक कारोबार दुई करोड १४ लाख डलर हुनुपर्ने भनिएकामा सोभन्दा बढी नै रहेको देखिन्छ। ठेक्का प्राप्त गर्ने कम्पनीले नेपाली बैंकको जमानत पेस गरेको हुँदा काउन्टर ग्यारेन्टी आवश्यक नरहेको स्पष्ट पार्न चाहन्छौं। ठेक्कासँग सम्बन्धित कुनै विषयलाई थाती नराखी पूर्वनिर्धारित कार्यक्रमबमोजिम कर्मचारीहरू तालिममा सहभागी हुन विदेश भ्रमणमा गएका हुन्। ठेक्कामा प्राधिकरणको उच्च नेतृत्वको चलखेल भएको सम्बन्धमा कम्पनीको प्रचलित विनियमअनुसार बोलपत्रसम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस कम्पनीका प्रबन्ध सञ्चालकमा नै निहित रहेको हुँदा उक्त दाबी निराधार रहेको छ।

अर्थिक मूल्यांकनमा दुई बोलपत्रदाताले कबोल गरेको रकममा करिब ८१ करोडको भिन्नता रहेको छ, जसमा एचजेएसीले लागत अनुमानभन्दा ३.८६ प्रतिशत कम कबोल गरी सफल भएको हो। बोलपत्रदाताको आशयको सूचना प्रकाशित भएपश्चात् बोलपत्र पेस गर्ने कुनै पनि बोलपत्रदाताबाट पुनरावलोकनका लागि पुनरावलोकन समितिमा उजुरी नआएकाले नियमानुसार ठेक्का सम्झौता गरिएको हो।

लट १ को कार्यसमेत प्रभावित हुने अवस्था आएको र एकपटक पहिले पनि उक्त ठेक्का प्रक्रिया रद्द भई पुनः बोलपत्र आह्वान गरिएको उल्लिखित ठेक्काको प्रचलित ऐन, नियम, विनियम, बोलपत्रका सर्तको अधीनमा रही उजुरी वा दाबीका लागि पर्याप्त समय दिई प्राविधिक रूपमा योग्य र आर्थिक प्रस्तावमा सारभूत रूपमा प्रभावग्राही न्यूनतम मूल्यांकित बोलपत्रदातासँग ठेक्का सम्झौता भएको हो। तसर्थ, सो दाबीमा पनि कुनै सत्यता नरहेको स्पष्ट पारिन्छ।

श्रीराम कुमार यादव, प्रबन्ध निर्देशक
तामाकोशी जलविद्युत् कम्पनी लिमिटेड

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

महिलामाथि महिलाबाटै विभेदको अर्थ

पितृसत्तात्मक मूल्यले गहिरो जरा गाडेको हुनाले नै महिलाले महिलामाथि निगरानी र अनुशासन कायम राख्न खोज्छन्



देश/विदेश

● निष्ठा गौतम

यसै साताको सुरुमा म महिला आरक्षण विधेयकबारे छलफल गर्न राष्ट्रिय टेलिभिजन प्यानलमा सहभागी भएकी थिएँ। कार्यक्रम सुरु हुनुअघि र पछि 'ग्रिन रुम'मा सबैभन्दा रोचक र विचारोत्तेजक लाइन बोलिएका थिए। विभिन्न राजनीतिक सम्बद्धता र प्रवृत्ति प्रदर्शन गर्ने मध्यम उमेरका महिलाले राजनीति र नीतिबाट अन्य विषयमा द्रुत गतिमा विषयान्तर गरे। उनीहरूले आफ्ना साना भतिजीहरूले पार्टीका लागि कसरी लुगा लगाइरहेका हुन्छन् देखि प्राथमिक विद्यालयमा 'निर्दोषिता' कसरी हराउँदै गइरहेको छ भन्नेसम्मका प्रसंग उठे। 'अश्लीलता', शारीरिक हाउभाउ, बोलीचाली, 'मेरो शरीर, मेरो अधिकार'जस्ता युवतीसँग सम्बन्धित विषयमा पनि अनौपचारिक चर्चा भए।

एउटा उपयोगी सुरुवात बिन्दु भनेको पितृसत्तात्मक सौदाबाजीको अवधारणा हो, जुन डेनिज कान्डियोटीले व्यक्त गरेका छन्। हामी किन हाम्रा छोरी, भतिजी, उनीहरूका साथी र अन्य युवतीलाई अश्लील टिप्पणी गर्न हतारिन्छौं ? त्यसो त पाका महिलाले युवतीका पोसाक र उनीहरूको यौनजन्य हाउभाउको आलोचना गर्नु नौलो होइन। हरेक समाजमा यस्ता घटना सुनिन्छन्। तर, यो पाखण्ड वा आन्तरिक रूपमा महिलाद्वेषभन्दा बढी केही होइन। पुस्तौंदेखि महिलाले रुढिवादलाई पुरस्कृत गर्ने र विचलनलाई दण्ड दिने प्रणालीबाट गुज्रनुपरेको छ।

विशेषगरी, कडा लैंगिक मापदण्डअन्तर्गत धेरै वृद्ध महिलाका लागि विनम्रता र यौन संयम केवल सद्गुण मात्र थिएनन्, बरु बाँच्ने रणनीति थिए। पोसाक र शिष्टाचारमार्फत संकेत गरिएको सम्मानको अर्थ सुरक्षा, विवाहयोग्यता र सामाजिक वैधता हुन सक्छ। लैंगिक मापदण्डको पालना सीमित विकल्पभित्र गणना गरिएको वार्ता थियो। जब युवतीले पारदर्शी पोसाक लगाएर यौन स्वायत्तता उपयोग गर्दै पोसाकसम्बन्धी पुराना मापदण्डलाई अस्वीकार गरेको देखिन्छ, तिनीहरूले पाका महिलालाई बेवास्ता गर्ने जोखिम मोलेको भाष्य बन्छ।



यहींबाट तनाव उत्पन्न हुन्छ। नारीवादी सिद्धान्तकारले लामो समयदेखि तर्क गर्दै आएका छन् कि सामाजिक प्रगति असमान छ र यसले प्रायः पुस्तागत विसंगति सिर्जना गर्छ। र, कतिपय अवस्थामा विसंगतिको खाडल उत्पन्न गरेको पनि हुन सक्छ। आधुनिक युवतीले पहिलेका नारीवादी संघर्षबाट प्राप्त लाभको फाइदा उठाउन सक्छन्। उनीहरूले विस्तारित अधिकार, परिवर्तनशील सांस्कृतिक दृष्टिकोण पूर्ण रूपमा अनुभव नगरी बढी शारीरिक स्वायत्तताको आनन्द लिन्छन्। थप रूपमा, नारीवादी सिद्धान्तले महिलाका लागि दोहोरो यौन बन्धनलाई निरन्तर प्रकाश पारेको छ।

युवतीलाई वाञ्छनीय हुन प्रोत्साहित गरिन्छ र साथसाथै यौनजन्य व्यवहारका लागि दण्डित पनि गरिन्छ। यी विरोधाभास पार गरिसकेपछि वृद्ध महिलाले युवतीको खुलापनलाई आफ्नो बेइज्जती, उत्पीडन र प्रतिष्ठामा क्षति पुऱ्याउने कार्यका रूपमा हेर्न सक्छन्। वृद्धाहरूको भाषा लगभग सधैं न्यायपूर्ण हुन्छ, तर अन्तर्निहित डर प्रायः जीवित अनुभवमा आधारित हुन्छ। एकताको सट्टा नैतिक प्रहरीमार्फत उनीहरूले किशोरी र युवतीलक्षित चेतावनी प्रणाली सक्रिय पार्छन्।

तर, आन्तरिक रूपमा महिलाद्वेषलाई बहाना नबनाऔं। पितृसत्तात्मक मूल्यले यति गहिरो जरा गडेको छ कि महिलाले महिलामाथि निगरानी र अनुशासन कायम राख्न खोज्छन्। सामाजिक नियन्त्रणबारे विद्वान् मिसेल फुकोका विचार यहाँ उपयोगी छन्। उनको भनाइमा शक्ति केवल संस्थामार्फत मात्र होइन, बरु आफू र अरूको निगरानी गर्ने व्यक्तिमार्फत पनि सञ्चालन हुन्छ। यो केवल द्वेषका बारेमा मात्र होइन।

लेखक सिमोन डे बुभोइर र अरू केही विद्वान्ले नारीत्व प्रायः युवावस्था, सुन्दरता र यौन इच्छासँग जोडिएको उल्लेख गरेका छन्। पितृसत्तात्मक संस्कृतिमा बुढ्यौलीले प्रायः दृश्यता र मूल्य गुमाउँछ। वृद्ध महिलालाई पूर्ण रूपमा अवमूल्यन गर्ने प्रणालीको सामना गर्नुभन्दा युवा महिलालाई नैतिक रूपमा कमजोर भनेर फैसला गर्न सजिलो छ। वर्ग, जाति र सांस्कृतिक सन्दर्भले महिलाले कसरी प्रतिबन्ध र स्वतन्त्रता दुवै अनुभव गर्छन् भन्ने कुरालाई आकार दिन्छ। बढी रुढिवादी वा अनिश्चित सामाजिक सेटिङमा मापदण्डबाट तय गर्दा त्यसले गम्भीर जोखिम ल्याउन सक्छ। तसर्थ, जोखिम निम्तिनुअघि नै उचित कदम चाल्दा समाज र महिला दुवैलाई फाइदा हुन्छ।

नारीवादी सिद्धान्तले हानिकारक व्यवहारलाई बहाना गर्दैन, बरु यसले महिलाबिच अन्तरपुस्तागत एकताका लागि अवसर प्रदान गर्छ। यो महिलाको समान भविष्यका लागि आवश्यक पनि छ।

(गौतम लेखक तथा प्राज्ञिक व्यक्तित्व हुन्)
हिन्दुस्तान टाइम्सबाट

टिक्न कठिन इजरायल–लेबनान युद्धविराम

हिजबुल्लाहलाई निःशस्त्रीकरण गर्ने इजरायलको अप्राप्य लक्ष्यले लेबनानमा द्वन्द्व जुनसुकै वेला पुनः सुरु हुने खतरा छ

गत अप्रिल १४ मा वासिंटनले इजरायल र लेबनानबिच सन् १९९३ पछिको पहिलो प्रत्यक्ष वार्ता आयोजना गऱ्यो । 'ऐतिहासिक अवसर'को रूपमा स्वागत गरिएको यो बैठक मध्यपूर्वमा प्रमुख क्षेत्रीय उथलपुथलबिच सम्पन्न भएको थियो । इरानमाथि अमेरिका र इजरायलले आक्रमण सुरु गरेपछि इजरायलले छिमेकी लेबननामा अलग आक्रमण सुरु गरेको थियो । त्यही आक्रमण रोक्ने सम्बन्धमा भएको वार्ताको उद्देश्य युद्ध रोक्ने मात्र नभई लेबननालाई 'अब्राहम सम्झौता'को हिस्सेदारी पनि बनाउने रहेको छ । वार्ताको प्रतिफलस्वरूप हाललाई युद्धविराम भएको छ । अमेरिका लेबनानलाई 'अब्राहम सम्झौता'मा सहभागी गर्न सफल पनि होला । तर पनि यस भेगमा द्वन्द्व अन्त्य हुने सम्भावना भने न्यून छ ।

वार्ताको पहिलो दिनपछि जारी वक्तव्यले लेबनानको वर्तमान अवस्थाका लागि इरान, लेबनानी सरकार र हिजबुल्लाहलाई दोष दिएको छ । प्रायः अमेरिकाको मध्यस्थतामा हुने वार्तामा यस्तै इजरायलमैत्री भाषा प्रयोग हुने गर्छ । जबकि, द्वन्द्वमा इजरायली भूमिका चालक शक्ति रहने गरेको छ । संलग्न सबै पक्षलाई जिम्मेवार ठहऱ्याइएन भने यस्तो कूटनीतिक प्रयास सफल हुँदैन । कुनै पनि वार्तामा मध्यस्थकर्ताले तटस्थ भूमिका खेल्नुपर्ने विश्वास गरिन्छ । तर, इजरायल जोडिएका हरेक वार्तामा अमेरिकाको भूमिका त्यति तटस्थ देखिँदैन ।

इजरायलले आफू हिजबुल्लाहसँग लडिरहेको दाबी गर्छ, तर उसले सो समूहमा उल्लेख्य संख्या रहेको सिया अझ अधिकांश लेबनानी नागरिकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निसाना बनाइरहेको छ । यस निष्कर्षमा पुग्नु हिजबुल्लाह वा इरानको समर्थन वा प्रतिरक्षा गर्नु होइन । लेबनानी राज्य लामो समयदेखि १५ वर्षे गृहयुद्ध (सन् १९७५ देखि १९९० बिच चलेको) र त्यसपछि शक्तिका लागि प्रतिस्पर्धा गरिरहेका युद्ध सरदारको स्वास्थ्यबाट पीडित छ । सबै संलग्न पक्षबाट मानव अधिकार उल्लंघन भएको यस द्वन्द्वकै अवधिमा हिजबुल्लाह र अन्य गैरराज्य मिलिसियाको उदय भएको थियो । लेबनान कहिल्यै पनि यस विगतबाट बाहिरिने सकेन ।

१५ वर्षे गृहयुद्धबाट उदाएको सबैभन्दा बलियो शक्ति हिजबुल्लाह थियो । तिनले धम्की, हत्या र कैयौं अवैध माध्यमबाट आफ्नो शक्ति कायम राखेका छन् । तिनले लेबनानी राज्यको सामान्य असफलतामा ठुलो योगदान पुऱ्याइरहेको छ । तिनले इजरायलविरुद्ध समय-समयमा चाल्ने हिंसात्मक कदमले अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघनसमेत हुने गरेको छ । तिनमा उत्तरी इजरायलमा नागरिक र नागरिक पूर्वाधारलाई अन्धाधुन्ध मिसाइल आक्रमण गर्ने युद्ध अपराध पनि समावेश छ । यस्तोमा



हिजबुल्लाह आफैंमा निर्दोष समूह भने होइन ।

त्थापि, लेबनानको वास्तविकता के हो भने हिजबुल्लाह त्यहाँको प्रमुख राजनीतिक शक्ति हो । अहिले संसद्मा तिनको १४ जना सांसद छन्, जो ६१ जनासम्म सांसद रहेको गठबन्धनका हिस्सा हुन् । यसले देशमा नीति निर्देशन गर्न सक्छ र गर्छ । सन् २०२२ मा भएको पछिल्लो संसदीय चुनावअघिसम्म यसको संसद्मा बहुमत थियो । त्यसपछि बहुमत गुमाए पनि पार्टी र यसका राजनीतिक सहयोगीले साझा र विशुद्ध हिजबुल्लाह मतदाता सूचीबाट ६ लाखभन्दा बढी मत प्राप्त गरे । यी मतदाता लेबनानी जनसंख्याको अभिन्न अंग हुन् । यो वास्तविकतालाई बेवास्ता गर्न वा मेटाउन सकिँदैन ।

यहींनेर लेबनानी र इजरायली राज्यबिचको प्रत्यक्ष वार्तामार्फत स्थायी शान्तिको लक्ष्यको मुख्य समस्या छ- लेबनानको एक ठुलो अनुपातले प्रत्यक्ष रूपमा हिजबुल्लाह र सशस्त्र प्रतिरोधलाई समर्थन गर्छ । यो गतिशीलतालाई बेवास्ता गरेर दिगो शान्ति हासिल हुँदैन । वास्तवमा, इजरायलद्वारा पछिल्लो समय चलाइएको सैन्य अभियानले हिजबुल्लाह र यसका समर्थकलाई सशस्त्र युद्धको औचित्य पुष्टि गर्न सहज हुने भएकाले समूहको आधारलाई थप बलियो बनाउने सम्भावना छ । यसले तीन दशकअघिको गृहयुद्धबाट निको हुन नसकेको देशको घाउ थप चर्किनेछ । यस वास्तविकताले जारी वार्तामा राज्यहरूको भिन्न स्वार्थलाई व्याख्या गर्न सघाउँछ ।


जारी वार्तामा लेबनानको ध्यान लगभग पूर्ण रूपमा युद्धविराम हासिल गर्नेमा केन्द्रित रहेको देखिन्छ । यस दिशामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अप्रिल १६ मा १० दिने युद्धविरामको घोषणा गरे । तर, हिजबुल्लाहलाई नामेट पारिछाड्ने इजरायली ध्यानले यो युद्धविराम चाँडै टुट्नेछ । उता वासिंटनले भने ट्रम्पले अघि सारेको 'अब्राहम सम्झौता'मा लेबनानको सहभागितालाई जितका रूपमा व्याख्या गर्ने आशा गरेको छ ।

अन्य सबै कुरामा वासिंटन इजरायली राज्यको अधिकतमवादी उद्देश्यको पक्षमा बलियो गरी उभिएको छ । जबकि, हिजबुल्लाह र इजरायलबिच सन् २०२४ मा भएको युद्धविरामपछि अहिलेसम्म १५ हजार इजरायली मारिएका छन् । बरु उसले बेइरुतमाथि हिजबुल्लाहलाई निःशस्त्रीकरण गर्न दबाब दिएकोदिएकै छ । जबकि, यस्तो क्षमता बेइरुत सरकारसँग छैन । यस्तोमा सबैभन्दा चिन्ताजनक कुरा हिजबुल्लाहलाई निःशस्त्रीकरण गर्ने लक्ष्य हासिल गर्न अर्को गृहयुद्ध आवश्यक भएको धारणा बढ्दै गएको देखिन्छ ।

यो जटिल द्वन्द्वको एक मात्र समाधान जमिनको यथार्थलाई स्विकार्ने कूटनीतिक प्रयास हो । एक पक्षको चाहना र अधिकतमवादी मागमा आधारित वार्ताले तत्काल युद्धविरामजस्तो सफलता दिए पनि दिगो शान्ति दिँदैन । गृहयुद्धलाई बढावा दिन सक्ने कुनै पनि परिणामलाई सम्बद्ध कुनै पनि अधिकारीले अस्वीकार गर्नुपर्छ । मध्यपूर्वले धेरै दुःख र युद्ध देखिसकेको छ । वास्तविक शान्ति थप युद्धबाट आउनेछैन, त्यसले खाली अर्को चरणको लडाइँका लागि आघात मात्र बढाउनेछ ।

(विदेश नीति विश्लेषक अलेक्ज्यान्डर ल्याङलोइसको नेसनल इन्ट्रेस्टमा छापिएको आलेख)

इतिहासमा आज अप्रिल २३



सन् २००५ : युट्युबका सहसंस्थापक जअड् करिमले युट्युबमा पहिलो भिडियो 'अपलोड' गरे । करिमले सान डियागो चिडियाखानामा खिचेको सो भिडियो 'मि एट् द जू (चिडियाखानामा म)' शीर्षकमा अझै हेर्न सकिन्छ ।

सन् १७८९ : अमेरिकी राष्ट्रपति बनेपछि जर्ज वासिंटन न्युयोर्कस्थित फ्रांकलिन हाउसमा बस्न थाले, जुन अमेरिकी राष्ट्रपतिको पहिलो आवासीय भवन थियो ।

सन् १८४९ : रुसी लेखक फ्योदोर दोस्तोएभ्स्की उदारवादी र समाजवादी विचार फैलाएको आरोपमा पक्राउ परे ।

सन् १८९६ : विश्वको पहिलो चलचित्र न्युयोर्क सहरको 'कोस्टर एन्ड बायल्स म्युजिक हल'मा सर्वसाधारणका लागि पनि हेर्न मिल्ने गरी प्रदर्शनमा आयो ।

सन् १९२० : मुस्तफा केमल अतातुर्कको नेतृत्वमा टर्किस राष्ट्रिय महासभाको पहिलो बैठक अंकारामा बस्यो । सभाले सुस्तान छैटौंको शासनलाई अमान्य घोषित गऱ्यो । यस महासभाले टर्कीमा गणतन्त्रको जग बसायो ।

सन् १९५० : कम्युनिस्टसँगको गृहयुद्ध हारेपछि हेनान केन्द्रित चियाङ राष्ट्रवादी चिनियाँ सरकार ताइबान सऱ्यो ।

सन् १९६७ : सोभियत संघको 'सोयुज प्रथम'मा अन्तरिक्ष गएका भ्लादिमिर कोमारोभ पृथ्वीमा फर्किने क्रममा प्यारासुट नखुल्दा मारिए । कोमारोभको निधन अन्तरिक्ष उडानका क्रममा भएको पहिलो मानव मृत्यु हो ।


सन् १९८४ : वैज्ञानिकले नयाँ महामारीको रूपमा देखा परेको 'एड्स' लगाउने भाइरसको नाम 'एचटिएलभी-तृतीय (ह्युम्यान टी-सेल लिम्फोट्रोपिक भाइरस)' नामकरण गरे । पछि यसको नाम बदलेर हालको 'एचआइभी' राखियो ।

सन् १९९१ : सोभियत संघले संविधान संशोधन गरेर १५ गणराज्यले चाहेमा अलग हुन सक्ने अधिकार प्रदान गऱ्यो ।

सन् १९९३ : इथोपियाबाट अलग हुने-नहुने प्रश्नमा इरिट्रियामा तीनदिने जनमतसंग्रह सुरु भयो । अप्रिल २७ मा सार्वजनिक मतपरिणाममा ९८.८३ प्रतिशतले अलग हुने पक्षमा मत दिए ।

सन् २०१९ : विश्व स्वास्थ्य संगठनले मलेरियाविरुद्धको पहिलो खोप मलाबीका बालबालिकालाई दिन सुरु गऱ्यो ।

ट्रम्पले युद्धविराम लम्ब्याएलगत्तै इरानले कब्जामा लियो स्ट्रेट अफ हर्मुजमा दुई जहाज



तेहरान/ संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँग युद्धविराम बढाउने घोषणा गरेको केही घण्टापछि इरानले स्ट्रेट अफ हर्मुजमा दुई विदेशी व्यावसायिक जहाज कब्जामा लिएको छ । कब्जा गरिएको जहाजलाई इरानले आफ्नो तटमा लगेको छ । इरानी सरकारी मिडियाका अनुसार इरानको 'इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी)'ले ती जहाजले समुद्री नियम उल्लंघन गर्दै समन्वयविना रणनीतिक जलमार्गमा प्रवेश गरेको आरोप लगाएको छ ।

ओमानको सागरमा अमेरिकाले इरानी व्यावसायिक जहाज कब्जा गरेपछि आइआरजिसीले चेतावनी दिएको केही समयपछि उसले पनि विदेशी जहाज कब्जामा लिएको हो । यसअघि इरानी समाचार एजेन्सी आइआरएनएले वासिंटनमाथि युद्धविराम उल्लंघन गरेको र इरानी जहाजमाथि गोली हानेर यसको 'नेभिगेसन प्रणाली' बन्द गरेको आरोप लगाएको छ ।

ट्रम्पले युद्धविराम अवधि बढाए

उता ट्रम्पले इरानसँग युद्धविरामको समय थपेका छन् । दुई साताको युद्धविरामको समयसीमा बुधबार सकिँदै थियो । यसअघि ट्रम्पले युद्धविरामको समय नथप्ने र अमेरिकी सेना 'अघि बढ्न तयार रहेको' बताए । तर, अन्तिम समयमा आफ्नो सामाजिक सञ्जाल 'ट्रुथ सोसल' एकाउन्टमा लेख्दै ट्रम्पले इरानको सरकार अहिले 'गम्भीर रूपमा विभाजित' रहेको र एकीकृत अडान प्रस्ताव गर्न समय चाहिने भएकाले यो निर्णय गरिएको बताए । 'हामीलाई इरानको देशमाथि हाम्रो आक्रमण त्यतिवेलासम्म रोक्न भनिएको छ, जबसम्म उनीहरूका नेता र प्रतिनिधि एकीकृत प्रस्ताव ल्याउन सक्दैनन्,' उनले लेखे । इरानी बन्दरगाहहरूमा अमेरिकी नौसेनाले लागू गरेको नाकाबन्दी भने नहट्ने ट्रम्पले बताए ।

सेन्ट्रल फाईनान्स लिमिटेडको कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८३/०१/१०, बिहीबार

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको कर्जाको भाखा भित्र तिर्नुपर्ने साँवा, ब्याज, किस्ता रकम भुक्तानी नगरी बसेकोले भाखा नाघेको रकम भुक्तानी गर्न पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफ्ले लिएको कर्जा र सोमा लागेको ब्याज तथा हर्जना समेत तुरुन्त चुक्ता भुक्तानी गर्नुहोला भनी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना समेत चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री तथा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानीकर्ता तथा सबैलाई जानकारी गराईन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस वित्तीय संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा तपाईले कर्जा लिदाको बखत यस वित्तीय संस्थामा गरिदिएको लिखत अनुसार तपाईको घरघरानाको चल अचल श्री सम्पत्तिबाट समेत असुल उपर गर्नका लागि आवश्यक कानुनी कारवाहीहरु अगाडि बढाउने व्यहोरा समेत जानकारी गराईन्छ । साथै तपसिलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सि.नं.	ऋणी तथा जमानी दिनेहरूको विवरण	
	कुपण्डोल शाखा	
१.	**दुर्गा प्रसाद तिमिल्सिना** ना.प्र.प.नं. : १६६२०, अछाम जारी मिति : २०५६/१०/२० बाबुको नाम : शिरी प्रसाद तिमिल्सिना बाजेको नाम : नन्दाखर तिमिल्सिना ठेगाना : अछाम जिल्ला, शान्तडा, गा.वि.स वडा नं.२, हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं ४, इमाडोल	**व्यक्तिगत धनजमानी दिने** **१. केशव कुमारी कार्की** ना.प्र.प.नं. : २२४४/१०७८८, सिन्धुली जारी मिति : २०५५/०९/०६ बाबुको नाम : रिपु मर्दन कार्की बाजेको नाम : विर्ख बहादुर कार्की ठेगाना : सिन्धुली जिल्ला, कमलामाई गा.वि.स वडा नं. ७, हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं ४, इमाडोल
२.	**ब्रजेश अधिकारी** ना.प्र.प.नं. : ९७८१, काठमाण्डौं जारी मिति : २०५३/११/१६ बाबुको नाम : मोहन प्रसाद अधिकारी बाजेको नाम : शिवहरी अधिकारी ठेगाना : काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ३४ हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. २४ **व्यक्तिगत धनजमानी दिने** **१. शान्ता अधिकारी** ना.प्र.प.नं. : १४०३, काठमाण्डौं जारी मिति : २०५५/०४/२६ बाबुको नाम : कृष्ण मुरारी गौतम पतिको नाम : मोहन प्रसाद अधिकारी ससुराको नाम : शिवहरी अधिकारी ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३४, हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. २४	**२. फाल्गुन कुमारी दाहाल** ना.प्र.प.नं.: ३४३५, काठमाण्डौं जारी मिति : २०६०/०६/१३ बाबुको नाम : देव नारायण दाहाल पतिको नाम : ब्रजेश अधिकारी ससुराको नाम : मोहन प्रसाद अधिकारी ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ९, हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. २४ **३. मोहन प्रसाद अधिकारी** ना.प्र.प.नं. : २७२०२१०/३७५७, काठमाण्डौं जारी मिति : २०६७/०९/१२ बाबुको नाम : शिवहरी अधिकारी बाजेको नाम : डोरनाथ अधिकारी ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३४, हाल ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं. २४
३.	**तारा कुमारी खड्का** ना.प्र.प.नं. : ३८७५३०३४, धनुषा जारी मिति : २०५१/१२/१४ बाबुको नाम : पूर्ण सिंह क्षेत्री पतिको नाम : घनश्याम खड्का ससुराको नाम : मानबहादुर खड्का ठेगाना : सलाही जिल्ला, जव्दी, न.पा./गा.वि.स. वडा नं.०४, हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २८	**व्यक्तिगत धनजमानी दिने** **१. सात्विक खड्का** ना.प्र.प.नं. : १९२०९४/६६, सलाही जारी मिति : २०६७/०१/२६ बाबुको नाम : घनश्याम खड्का बाजेको नाम : मानबहादुर खड्का ठेगाना : सलाही जिल्ला, लालबन्दी न.पा./गा.वि.स. वडा नं. ०७, हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २८
४.	**रमिला थापा** ना.प्र.प.नं. : ६९८२२३१५, सलाही जारी मिति : २०४५/०१/१२ बाबुको नाम : गजेन्द्र बहादुर थापा पतिको नाम : ओम राज बस्नेत ससुराको नाम : चित्र बहादुर बस्नेत ठेगाना : सलाही जिल्ला, कालिन्जोर गा.वि.स. वडा नं. ६, हाल काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ३ **व्यक्तिगत धनजमानी दिने** **१. ओम राज बस्नेत** ना.प्र.प.नं. : १९१०७७/४१, सलाही जारी मिति : २०६६/०४/१३ बाबुको नाम : चित्र बहादुर बस्नेत बाजेको नाम : वृष बहादुर बस्नेत ठेगाना : सलाही जिल्ला, लौकठ गा.वि.स. वडा नं.९, हाल काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ३	**२. आशीश बस्नेत** ना.प्र.प.नं. : १९१०७७/३०९ जारी मिति : २०६९/१२/१९, सलाही बाबुको नाम : ओम राज बस्नेत बाजेको नाम : चित्र बहादुर बस्नेत ठेगाना : सलाही जिल्ला, लौकठ गा.वि.स. वडा नं.९, हाल काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ३ **३. सुश्री देवी पुरी** ना.प्र.प.नं. : ८२६/२७६६, सुनसरी जारी मिति : २०४६/०२/०५ बाबुको नाम : रमनाथ पुरी ससुराको नाम : भिम प्रसाद होमागाई पतिको नाम : खोक नाथ होमागाई ठेगाना : सुनसरी जिल्ला, इटहरी न.पा. वडा नं. ९, हाल काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ३ **४. खोकनाथ होमागाई** ना.प्र.प.नं. : ११८९, काभ्रे जारी मिति : २०४५/०२/२६ बाबुको नाम : भिम प्रसाद होमागाई बाजेको नाम : नन्दी केशर होमागाई ठेगाना : काभ्रेपलान्चोक जिल्ला, च्यासिङ्खर्क गा.वि.स. वडा नं. ७, हाल काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ३
५.	**सानु रत्न शाक्य** ना.प्र.प.नं. : २६३७, ललितपुर जारी मिति : २०४१/०६/१२ बाबुको नाम : जोग रत्न शाक्य बाजेको नाम : जोगबिर शाक्य ठेगाना : ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १६ **व्यक्तिगत धनजमानी दिने** **१. शान्ती बज्राचार्य** ना.प्र.प.नं. : २/६२९, ललितपुर जारी मिति : २०४४/१२/२५ बाबुको नाम : गणेश राज बज्राचार्य पतिको नाम : सानु रत्न शाक्य ससुराको नाम : जोग रत्न शाक्य ठेगाना : ललितपुर जिल्ला ल.पु.म.न.पा.वडा नं. १८, हाल ललितपुर जिल्ला ल.पु.म.न.पा.वडा नं. १६	**२. सचिन शाक्य** ना.प्र.प.नं. : २८-०१-७१-०४२६६, ललितपुर जारी मिति : २०७१/०७/३० बाबुको नाम : सानु रत्न शाक्य बाजेको नाम : जोग रत्न शाक्य ठेगाना : ललितपुर जिल्ला ल.पु.म.न.पा.वडा नं. १६ **३. समीर शाक्य** ना.प्र.प.नं. : २८-०१-७७-०४४८५, ललितपुर जारी मिति : २०७७/१२/१९ बाबुको नाम : सानु रत्न शाक्य बाजेको नाम : जोग रत्न शाक्य ठेगाना : ललितपुर जिल्ला ल.पु.म.न.पा.वडा नं. १६
	नारायणगढ शाखा	
६.	**शोभा परियार** ना.प्र.प.न. : ८८८४/०६३, चितवन जारी मिति : २०६३/०२/१९ बाबुको नाम : केहर सिंह दमै पतिको नाम : मनि राम परियार ठेगाना : चितवन जिल्ला गुन्जनगर गा.वि.स. वडा नं. ०५, हाल चितवन जिल्ला भ.म.न.पा. वडा.नं. १८ **व्यक्तिगत धनजमानी दिने** **१. मनि राम परियार** ना.प्र.प.नं. : ४४१, चितवन जारी मिति : २०४५/०१/१३ बाबुको नाम : देउ राम परियार बाजेको नाम : सुगर दमै ठेगाना : चितवन जिल्ला गुन्जनगर गा.वि.स. वडा.नं. ०१, हाल चितवन जिल्ला भ.म.न.पा. वडा.न. १८	**२. अनु परियार** ना.प्र.प.नं. : ३५-०१-७५-११५११, चितवन जारी मिति : २०७५/१२/११ बाबुको नाम : मनि राम परियार बाजेको नाम : देउ राम परियार ठेगाना : चितवन जिल्ला भ.म.न.पा. वडा.नं. १८

सि.नं.	ऋणी तथा जमानी दिनेहरूको विवरण	
	भिमान शाखा	
७.	**सार्कु माझी** ना.प्र.प.नं. : १२२२/१३६८, सिन्धुली जारी मिति : २०५१/१२/१७ बाबुको नाम : पने माझी बाजेको नाम : अहिमान माझी ठेगाना : जिल्ला सिन्धुली, साबिक हत्पते गा.वि.स वडा नं. ०७, हाल दुधौली न.पा वडा नं. १ **संस्थागत धनजमानी दिने** **१. सबिना माझी** ना.प्र.प.नं. : ३८१७७, सिन्धुली जारी मिति : २०६१/०७/१६ बाबुको नाम : सुबि माझी पतिको नाम : सार्कु माझी ससुराको नाम : पने माझी ठेगाना : जिल्ला सिन्धुली, साबिक हत्पते गा.वि.स वडा नं. ७, हाल दुधौली न.पा वडा नं. १	**२. सरोज माझी** ना.प्र.प.नं. : २०-०१-७१-०२९३३, सिन्धुली जारी मिति : २०७१/०७/१० बाबुको नाम : सार्कु माझी बाजेको नाम : पने माझी ठेगाना : जिल्ला सिन्धुली, साबिक हत्पते गा.वि.स वडा नं. ७, हाल दुधौली न.पा वडा नं. १ **२. सरू माझी** ना.प्र.प.नं. : २०-०१-७८-०८५९९, सिन्धुली जारी मिति : २०७८/१०/०४ बाबुको नाम : कुल बहादुर श्रेष्ठ पतिको नाम : सरोज माझी ससुराको नाम : सार्कु माझी ठेगाना : जिल्ला सिन्धुली, दुधौली न.पा वडा नं. १
८.	**कल्पना टेलरिङ सेन्टर, प्रो. कल्पना बुर्जा मगर** घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर महोत्तरी दर्ता नं : ७१२०/६८-०७७/०७८ दर्ता मिति : २०७७/०६/०६ स्थायी लेखा नं. : १२१९३४३७० मिति : २०७७/०६/१५ ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास नगरपालिका वडा नं.०१ । **संस्थागत धनजमानी दिने** **१. कल्पना बुर्जा मगर** ना.प्र.प.नं. : २०३०५४/६८३, सिन्धुली जारी मिति : २०६३/११/१२ बाबुको नाम : खड्ग बहादुर बुर्जा मगर बाजेको नाम : राम बहादुर बुर्जा मगर ठेगाना : जिल्ला सिन्धुली, कमलामाई न.पा वडा नं. ८ **व्यक्तिगत धनजमानी दिने** **१. सन्तोष कुमार पाटा मगर** ना.प्र.प.नं. : १८३०७४/३५१, महोत्तरी जारी मिति : २०६३/११/०३ बाबुको नाम : दल बहादुर पाटा मगर बाजेको नाम : धन बहादुर पाटा ठेगाना : जिल्ला महोत्तरी, बर्दिबास न.पा वडा नं. ३ **२. दल बहादुर पाटा** ना.प्र.प.नं. : १०५३, महोत्तरी जारी मिति : २०४०/०८/१९ बाबुको नाम : धन बहादुर पाटा बाजेको नाम : सनमान पाटा ठेगाना : जिल्ला महोत्तरी, २५ नं. बहादुरगंज गा.पा वडा नं. ३	**२. दही कुमारी पाटा** ना.प्र.प.नं. : ०४९२४९६४, महोत्तरी जारी मिति : २०४६/०२/०१ बाबुको नाम : राम बहादुर सुसल्डि ससुराको नाम : धन बहादुर पाटा पतिको नाम : दल बहादुर पाटा ठेगाना : जिल्ला महोत्तरी, बर्दिबास न.पा वडा नं. ३ **३. किरण कुमार पाटा** ना.प्र.प.नं. : १८३०७४/३७४, महोत्तरी जारी मिति : २०६३/११/०३ बाबुको नाम : दल बहादुर पाटा बाजेको नाम : धन बहादुर पाटा ठेगाना : जिल्ला महोत्तरी, बर्दिबास न. पा वडा नं. १ **४. सन्दिप पाटा** ना.प्र.प.नं. : १८१०७४/२३३, महोत्तरी जारी मिति : २०६७/०४/२१, बाबुको नाम : दल बहादुर पाटा बाजेको नाम : धन बहादुर पाटा ठेगाना : जिल्ला महोत्तरी, बर्दिबास न. पा वडा नं. ३
	लालबन्दी शाखा	
९.	**नाग देव पासवान** ना.प्र.प.नं. : ६६४८०१८९, सलाही जारी मिति : २०५६/१२/०६ बाबुको नाम : राज लाल पासवान बाजेको नाम : नथुनी पासवान ठेगाना : जिल्ला सलाही साविक नेत्रगंज गा.वि.स वडा नं.१, हाल लालबन्दी न.पा. वडा नं. २ **व्यक्तिगत धनजमानी दिने** **१. पुनिया देवी दुसाधिन** ना.प्र.प.नं. : ३३६७/५३४, सलाही जारी मिति : २०४५/४६टोली पतिको नाम : राजलाल पासवान ससुराको नाम : नथुनी पासवान ठेगाना : जिल्ला सलाही साविक नेत्रगंज गा.वि.स वडा नं.१, हाल लालबन्दी न.पा. वडा नं. २	**२. राज लाल पासवान** ना.प्र.प.नं. : ९४८१२२८१, धनुषा जारी मिति : २०३५/३/८ बाबुको नाम : नथुनी पासमान बाजेको नाम : ठीठर पासवान ठेगाना : जिल्ला धनुषा साविक ठाडी झिक्का गा.वि.स वडा नं. ८, हाल लालबन्दी न.पा. वडा नं. २ **३. प्रमिला देवी पासवान** ना.प्र.प.नं. : १९३०९७/८१६, सलाही जारी मिति : २०६३/१२/२५ पतीको नाम : नागदेव पासवान ससुराको नाम : राज लाल पासमान ठेगाना : जिल्ला सलाही साविक नेत्रगंज गा.वि.स वडा नं. १, हाल लालबन्दी न.पा. वडा नं. २
१०.	**सुखल दास तत्मा** ना.प्र.प.नं. : १७३२, रौतहट जारी मिति : २०६०/०९/२० बाबुको नाम : सुकदेव दास तत्मा बाजेको नाम : रामलाल दास तत्मा ठेगाना : रौतहट जिल्ला साविक रमौली बैरिया गा.वि.स. वडा नं. ८, हाल बृन्दावन न.पा. वडा नं. ५ **व्यक्तिगत धनजमानी दिने** **१. रामकली देवी** ना.प्र.प.नं. : ३०७६, रौतहट जारी मिति : २०६१/०२/०५ बाबुको नाम : पिरित दास तत्मा पतिको नाम : सुकदेव दास तत्मा ससुराको नाम : रामलाल दास तत्मा ठेगाना : रौतहट जिल्ला साविक रमौली बैरिया गा.वि.स. वडा नं.८, हाल बृन्दावन न.पा. वडा नं. ५	**२. रूपिया देवी** ना.प्र.प.नं. : ३२२०९६/१५५५, रौतहट जारी मिति : २०६६/०९/२१ बाबुको नाम : जगत नारायण तत्मा पतिको नाम : सुखल दास तत्मा ससुराको नाम : सुकदेव दास तत्मा ठेगाना : रौतहट जिल्ला रमौली बैरिया गा.वि.स. वडा नं. ८ हाल बृन्दावन न.पा. वडा नं. ५

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रिय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १० वैशाख ०८३

सुदूरपश्चिममा १८ हजार १४९ मेगावाटको सम्भावना, तर उत्पादन १७७ मेगावाट मात्रै

अन्तरदेशीय विद्युत् व्यापारका लागि सुदूरपश्चिम रणनीतिक क्षेत्र, तर उच्च हिमाली तथा पहाडी क्षेत्र हुँदा भौतिक पूर्वाधारको पहुँच विस्तार गर्न चुनौती

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सुदूरपश्चिम प्रदेशमा विद्युत्को उत्पादन सम्भावना धेरै देखिए पनि उत्पादन नै भने अत्यन्त कम रहेको पाइएको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले तयार गरेको एक तथ्यांकअनुसार सुदूरपश्चिममा १८ हजार एक सय ४९ मेगावाट विद्युत् उत्पादन गर्न सकिने देखिएको छ। तर, हाल उक्त प्रदेशमा एक सय ७७ मेगावाटका ११ परियोजना मात्रै सञ्चालनमा रहेको तथ्यांक छ।

मुलुकभर ४१ सय मेगावाटभन्दा बढी विद्युत् उत्पादन हुने गर्छ। त्यसको तुलनामा पनि सुदूरपश्चिमको हिस्सा अत्यन्त न्यून देखिएको हो। समग्रमा ऊर्जा विकासमा सुदूरपश्चिम प्रदेश पछाडि परेको इप्पान कार्यसमिति सदस्य सुमन जोशीले बताइन्। 'सुदूरपश्चिममा पाँच हजार मेगावाटभन्दा धेरै क्षमताका ६१ आयोजना विभिन्न चरणमा छन्। त्यसमा ११ आयोजना बनाउन मिल्ने अवस्थामा छन्, जसको क्षमता ११ सय १७ मेगावाट छ। तर, उक्त आयोजनामा पनि प्रसारणलाइनको अभाव छ। प्रसारणलाइनको निर्माण भएन भने अझै वर्षौंसम्म सुदूरपश्चिममा थप आयोजना बन्ने सम्भावना छैन,' उनले भनिन्।

सुदूरपश्चिममा १० हजार आठ सय मेगावाटको कर्णाली चिसापानी, पाँच हजार ६ सय मेगावाटको पश्चेश्वर, आठ सय मेगावाटको पश्चिम सेती, चार सय ५० मेगावाटको एसआर-६ जस्ता ठुला जलविद्युत् आयोजना निर्माणका योजनामा छन्। महाकाली, कर्णाली र सेती नदी बाह्रै महिना राम्रो ऊर्जा दिने नदीअन्तर्गत पर्छन्। तर, अथाह सम्भावना भएर पनि सुदूरपश्चिम ऊर्जा विकासमा पछाडि परेको सदस्य जोशीले बताइन्।

'न्यूनतम पूर्वाधार नभएकाले सुदूरपश्चिममा आयोजना बनाउन लगानीकर्ता आकर्षित नभएका हुन्। किनभने, यसले लागत धेरै बढाउँछ,' उनले भनिन्, 'सुदूरपश्चिममा आयोजनाको बिजुली बोक्ने एउटा मात्रै प्रसारणलाइन छ।'

बुधबार काठमाडौंमा सुदूरपश्चिममा जलविद्युत् उत्पादन सम्भावना र चुनौती विषयक छलफलमा इप्पान अध्यक्ष गणेश कार्कीले विद्युत् उत्पादनमा सुदूरपश्चिम पछाडि परेको बताए। 'नेपालका सबैभन्दा ठुला जलविद्युत् आयोजना सुदूरपश्चिममै छन्। तर, उत्पादनमा निकै पछाडि परेको छ,' उनले भने, 'हामीले अहिले उत्पादन गर्‍यौं भने भारत र बंगलादेशमा निर्यात गर्ने अवसर छ। ढिलो गर्‍यौं भने जलविद्युत्को विकल्पमा अर्को ऊर्जा विकास हुन सक्छ। हाम्रो समय जलस्रोतको धनी भनेर पानी हेर्दा-हेर्दै बितेर जानेछ।'

यस्तै, राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको सिइओ सागर श्रेष्ठले सुदूरपश्चिममा प्रसारणलाइन बनाउने विषयमा जोड दिएको बताए। 'हुम्लादेखि सुरु हुने प्रसारणलाइन बझाङसम्म पुऱ्याउने एउटा योजना छ। बझाङदेखि दैजी र दोधारा ल्याउने अर्को योजना छ। पश्चिम सेतीबाट दोधारासम्म प्रसारणलाइन बनाउन एउटा कम्पनी स्थापना गरेका छौं,' उनले भने। पूर्वऊर्जासचिव अनुपकुमार उपाध्यायले विद्युत् उत्पादनमा निजी क्षेत्रलाई थप प्रोत्साहन गर्नुपर्ने बताए।



दार्चुलामा सञ्चालित ४० मेगावाटको माथिल्लो चमेलिया आयोजना

यस्ता छन् चुनौती

इप्पानले सुदूरपश्चिममा ऊर्जा विकास गर्न पूर्वाधार तथा भौगोलिक समस्या भएको बताएको छ। उच्च हिमाली तथा पहाडी क्षेत्र हुँदा भौतिक पूर्वाधारको पहुँच विस्तार गर्न चुनौती भएको कार्यपत्रमा उल्लेख छ। त्यसले गर्दा विद्युत् परियोजनाको लागतसमेत बढेको इप्पानको भनाइ छ। लामो दूरीको प्रसारणलाइन जडान गर्नुपर्ने हुँदा पनि खर्च धेरै लाग्ने देखिएको छ।

यसैगरी सडक, प्रसारणलाइन, अस्पताल, विमानस्थलजस्ता भौतिक तथा सामाजिक पूर्वाधारको अवस्था पनि कमजोर भएका कारण चुनौती थपिएको बताइएको छ। यसैगरी, त्यहाँ दक्ष जनशक्तिको पनि अभाव भएको इप्पानले बताएको छ।

■ भारतमा विद्युत् निर्यात गर्ने छोटो दूरी

अन्तरदेशीय विद्युत् व्यापारका लागि सुदूरपश्चिम रणनीतिक क्षेत्र हुन सक्ने देखिएको छ। सुदूरपश्चिमबाट भारतको उत्तर खण्ड र उत्तर प्रदेश राज्यनजिक छन्। जुन विद्युत् व्यापारका लागि आर्फैंमा ठुलो क्षेत्र हो। साथै, त्यहाँबाट भारतमा विद्युत् निर्यात सबैभन्दा छोटो दूरीमा पनि पर्छ। जसले गर्दा अन्तरदेशीय प्रसारणलाइन पनि कम लागतमा बनाउन सकिन्छ। त्यसैले अन्तरदेशीय विद्युत् व्यापारका लागि सुदूरपश्चिम सहज क्षेत्र हुने इप्पानको भनाइ छ।

छलफलमा यस्तै सुदूरपश्चिम प्रदेशका पूर्वाधारमन्त्री जगदीश पालले सुदूरपश्चिममा ऊर्जा विकास गर्न संघ सरकारको ध्यान जान आवश्यक रहेको बताए। 'सुदूरपश्चिमका जलविद्युत् आयोजना बनाउन भनी विदेशीहरू आउँदै-छोड्दै गरेको हामीले देखेका छौं। अब स्वदेशी लगानीकर्ता फर्केको देख्नुपरोस्। त्यसका लागि सरकारले ध्यान देओस्,' उनले बताए। यस्तै, सुदूरपश्चिम प्रदेश सभाका सदस्य पदमबहादुर शाहीले वनसम्बन्धी कानुन परिमार्जन गर्न आवश्यक रहेको बताए। 'अब भाषण मात्र नगरौं। वनले काम रोकेको छ भने त्यो कानुन परिमार्जन गरौं। प्रदेशलाई कानुन बनाउने अधिकार छैन। संघले बनाओस्, हामी पनि बनाउँछौं,' उनले भने।

सांसद हरिमोहन भण्डारीले पश्चिम सेतीलगायतका आयोजना निर्माण अघि बढाउन वर्तमान सरकार अग्रसर हुने बताए। सांसद जनकराज गिरीले आगामी आवमा १,९०२ मेगावाटको फुकोट कर्णाली परियोजना बनाउनुपर्ने माग अघि सारे। यस्तै, सांसद गणेश विकले जनताले पाउने लाभको विषयमा पनि छलफल गर्नुपर्ने बताए। 'पश्चिम सेती बनेमा यति रुपैयाँ आउँछ मात्रै भनेर हुँदैन। जनताले के पाउँछन् ? उनीहरूलाई कसरी पुनर्स्थापित गर्ने भन्ने कुरा पनि बहसमा आउनुपर्छ,' उनले बताए।

यस्तै, अर्का सांसद जगत जोशीले जलविद्युत् निर्माणका लागि आवश्यक कानुन संशोधन तथा निर्माण गर्न पहल गर्ने बताए। अर्की सांसद रत्नाकुमारी थापाले बेतन कर्णाली र माथिल्लो कर्णाली आयोजना बन्दा कर्णाली र सुदूरपश्चिम प्रदेश लाभान्वित हुने बताइन्। यसैगरी, सांसद कृपाराम रानाले सुदूरपश्चिमको विद्युत् उत्पादनबाटै नेपाललाई धनी बनाउन सकिने दाबी गरे।

यसैगरी, राष्ट्रिय सभा सदस्य गरिमा शाहले पर्यावरण पनि जोगिने गरी पूर्वाधार आयोजना निर्माण गर्नुपर्ने बताइन्। यस्तै, राष्ट्रिय सभा सदस्य रेणु चन्दले राष्ट्रिय निकुञ्ज ऐन संशोधनको प्रक्रियामा रहेको बताइन्। अर्का राष्ट्रिय सभा सदस्य नारायणदत्त मिश्रले विद्युत् उत्पादनको काम गण्डकी प्रदेशभन्दा उता जान नसकेकोमा गुनासो गरे। राष्ट्रिय सभा सदस्य नारायणदत्त भट्टले ऊर्जा आयोजनामा पनि सरकारी निकायकै अवरोध भएको स्वीकार गरे।

६८ बहुवर्षीय आयोजनालाई स्रोत सहमति दिन सिफारिस



नयाँ पत्रिका

राष्ट्रिय योजना आयोगले तीन मन्त्रालयका ६८ बहुवर्षीय आयोजनाका लागि साढे ६० अर्ब रुपैयाँबराबरको स्रोत सहमति दिन अर्थ मन्त्रालयसमक्ष सिफारिस गरेको छ। आयोगले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका १३ वटा, सहरी विकास मन्त्रालयका ५३ वटा र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका दुईवटा बहुवर्षीय आयोजनाका लागि कुल ६० अर्ब ५१ करोड ५१ लाख ९७ हजार रुपैयाँको स्रोत सहमति दिन अर्थ मन्त्रालयसमक्ष सिफारिस गरेको हो।

भौतिक मन्त्रालयले हुलाकी सडक, डुम्रे बेँसीसहर-चामे मनाङ सडक, कालीगण्डकी करिडोर, तमोर करिडोर, मिर्चैया कटारी घुर्मी सडक, खाँदबारी किमाथांका सडक, काठमाडौं उपत्यका मेट्रो रेलको विस्तृत अध्ययनलगायतका बहुवर्षीय आयोजनाका लागि ४४ अर्ब ३३ करोड ६१ लाख ५० हजार रुपैयाँ स्रोत सहमतिका लागि आयोगमा पत्राचार गरेको थियो। आयोगले बहुवर्षीय आयोजनाको स्रोत सहमतिसम्बन्धी मापदण्ड, २०८२ अनुसार ती आयोजनालाई सहमति दिन अर्थ मन्त्रालयसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो।

त्यस्तै, सहरी विकास मन्त्रालयअन्तर्गतका संखुवासभा र भोजपुर जोड्ने अरुण पुल, पाल्पा-गुल्मी जोड्ने सातमुरेलगायतका पुल तथा सडकका लागि सात अर्ब ६३ करोड ६३ लाख रुपैयाँ स्रोत सहमति दिन सिफारिस गर्ने निर्णय गरेको हो।



त्यस्तै, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले महाकाली सिँचाइ आयोजना तेस्रो चरणअन्तर्गतका लागि तीन अर्ब ३१ करोड १८ लाख रुपैयाँ र सिक्टा सिँचाइ आयोजनाका लागि पाँच अर्ब २३ करोड आ लाख ९० हजार रुपैयाँबराबरको स्रोत सहमतिका लागि सिफारिस गर्ने निर्णय भएको आयोगले जनाएको छ।

सल्यानको आधुनिक बसपार्क सञ्चालनमा

सल्यानमा **दीपक शर्मा**

शारदा नगरपालिकाको गौरवको आयोजनाका रूपमा निर्माण गरिएको आधुनिक बसपार्क सञ्चालनमा आएको छ। सल्यानको प्रमुख व्यापारिक केन्द्र श्रीनगरमा निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको आधुनिक बसपार्कको बुधबार शारदा नगरपालिकाका मेयर प्रकाश भण्डारीले उद्घाटन गरेका हुन्। मेयर भण्डारीले नगरको गौरवको आयोजनाले समग्र जिल्लाको प्रतिनिधित्व गरेको बताए।

'पहिले बसपार्क अव्यवस्थित हुँदा सकडकै गाडी पार्किङ गर्नुपर्ने अवस्था थियो,' उनले भने, 'यसले बजारको सौन्दर्य पनि हराएको थियो। परिणामतः अहिले श्रीनगर बसपार्क आधुनिक, व्यवस्थित र सुविधासम्पन्न पूर्वाधारका रूपमा स्थापित भएको छ।'

बसपार्क सञ्चालन भएसँगै बजार क्षेत्रका सडक तथा फुटपाथमा अव्यवस्थित रूपमा सञ्चालन हुँदै आएका पसल तथा व्यवसायलाई



समेत बसपार्कभित्र व्यवस्थापन गरिएको छ। बसपार्क सञ्चालनको सम्पूर्ण जिम्मेवारी टेन्डर प्रक्रियामार्फत शारदा नगरपालिका-२ स्थित जय बागेश्वरी कन्स्ट्रक्सन एन्ड सप्लायर्सले पाएको छ। सम्झौताअनुसार उक्त कम्पनीले शारदा नगरपालिकालाई वार्षिक ५२ लाख रुपैयाँ राजस्व बुझाउनेछ। बसपार्क करिब सात हजार वर्गमिटर क्षेत्रफलमा सरकारी, पर्ती-ऐलानी जग्गामा निर्माण गरिएको छ।

संघीय सरकार, कर्णाली प्रदेश सरकार र शारदा नगरपालिकाको साझेदारीमा ५ करोड ६० लाखको लागतमा निर्माण गरिएको यो आयोजना नगरपालिकाको प्राथमिकतामा रहेको गौरवको आयोजना हो।

बसपार्क परिसरमा दुई वटा ३४ कोठे व्यापारिक भवन, ३५ स्टल र ३४ सटर सहित विभिन्न संरचना निर्माण गरिएका छन्। बसपार्क सञ्चालनमा आएसँगै श्रीनगर बजारको अव्यवस्थित पार्किङ समस्या पनि क्रमशः समाधान हुँदै गएको छ। यसले सहरी व्यवस्थापन सुधार्नुका साथै स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको
गैह बैंकिङ्ग सम्पत्तिको रूपमा रहेको धितो बिक्री सम्बन्धी गोप्य बोलपत्र आह्वान
(प्रकाशित मिति : २०८३/०१/१०)

यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्तिको रुपमा रहेको तपशिलमा उल्लेखित घर/जग्गाहरु बढाबढ मूल्यमा बिक्री गरिने भएको हुनाले उक्त घर/जग्गाहरु खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनमा कार्यालय समयभित्र यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग, काठमाण्डौ स्थित कार्यालय वा नजिकको शाखा कार्यालयमा आईपुग्ने गरी के कति दररेटमा उक्त घर/जग्गाहरु लिन कबुल गरेको हो सो खुलाई शर्त बन्देजहरुको अधिनमा रही सो सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक सबैलाई आह्वान गरिन्छ। उक्त अवधिभित्र पर्न आएका बोलपत्रहरु स्थानीय निकायका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, बोलपत्रदाता वा बोलपत्रदाताको आधिकारिक प्रतिनिधिहरुको रोहबरमा तल उल्लेखित मिति, समय र स्थानमा खोलिने छ ।

तपशिल

बैंकिङ्ग सम्पत्तिको विवरण

यस बैंकको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, बसामाडी वडा नं. २ स्थित कि.नं. ४५१, ४५२ र ८१४ को क्षेत्रफल क्रमशः ०-१२-३, ०-५-० र ०-३-१८ बिगाहा भएका घर/जग्गा तथा टहराहरु तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ बैशाख १६ गते बुधवार ।
बोलपत्र खोलिने मिति : २०८३ बैशाख १७ गते बिहीवार ।
समय : दिउँसो २:०० बजे ।
स्थान : नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग, काठमाण्डौ ।

बोलपत्र फाराम यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाण्डौबाट रु. १,०००/- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) तिरी खरिद गर्न सकिनेछ। अन्य सम्पूर्ण शर्तहरु बोलपत्र फाराममा समावेश गरिएको छ।

विस्तृत जानकारीको लागी यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं. ३४१२
फोन नं : ५३४२५३०, ५३२८२२९, EXT. No. ३९९
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

कम्पनी रजिस्ट्रारमा एआई कल सेन्टर

काठमाडौं/ कम्पनी रजिस्ट्रारको कार्यालयले कृत्रिम बौद्धिकता (एआई)मा आधारित कल सेन्टर सञ्चालनमा ल्याएको छ। कार्यालयले कम्पनी रजिस्ट्रारले प्रदान गर्ने सेवा तथा कार्यालयका बारेमा जानकारी दिन 'एआई बेस कल सेन्टर' सञ्चालनमा ल्याएको हो। कार्यालयले '९७०००४४१४ मा कल गर्नुहोस् र कम्पनी प्रशासनका विषयमा सूचना र जानकारी प्राप्त गर्नुहोस्' भन्ने नारासहित बुधबारदेखि कल सेन्टर सञ्चालनमा ल्याएको हो। यो सेवा चौबिसै घण्टा उपलब्ध हुने बताइएको छ।

कल सेन्टरले कम्पनी प्रशासन, कार्यालयले प्रदान गर्ने सेवा र यसको प्रक्रिया, कागजातलगायत कार्यालयका कर्मचारीहरूको एक्स्टेन्सन नम्बरसहित सबै विषयमा जानकारी दिने कार्यालयले जनाएको छ। 'कम्पनी दर्ता तथा दर्तापश्चात्का क्रियाकलापमा यसले सहायता प्रदान गर्छ,' कार्यालयको विज्ञप्तिमा उल्लेख छ, 'सेवाग्राहीलाई सम्बन्धित सबै विषयका सूचना जानकारी उपलब्ध गराउन सक्ने गरी क्रमशः ज्ञान थप गर्दै परिष्कृत र परिमार्जन गरिँदै लगिनेछ।'

साना किसानलक्षित अनुदान कार्यक्रम लागू गर्न सुझाव

काठमाडौं/ खाद्यका लागि कृषि अभियानले सरकारको राष्ट्रिय प्रतिबद्धतापत्र र आगामी बजेटमार्फत साना, भूमिहीन र महिला किसानलाई उत्पादनमा आधारित अनुदानमा प्राथमिकता दिन सुझाव दिएको छ। एक दशकदेखि अर्गानिक र रैथाने कृषि प्रणालीको पक्षमा पैरवी गर्दै आएको अभियानले वास्तविक किसानको वर्गीकरण गरी किसान पेन्सन, किसान क्रेडिट कार्ड, बिमा र सहुलियत ऋणको भरपर्दो व्यवस्था गर्न पनि सुझाव दिएको छ।

अभियानले पत्रकार सम्मेलनमा रासायनिक खेती प्रणालीबाट क्रमशः रूपान्तरण हुन स्पष्ट कार्ययोजना लागू गर्नुपर्ने बताएको छ। अभियानका संयोजक उद्धव अधिकारीले प्रांगारिक खेती प्रवर्द्धनमा सरकारले जोड दिनुपर्ने बताए। 'अहिले सबै बालीको ६०-७० प्रतिशतसम्म हाइब्रिड बिउहरू प्रयोग हुन्छन्। त्यसले रासायनिक मल नै खोज्छ,' उनले भने। गाउँदेखि सहरसम्म रैथाने बालीको स्वाद फर्काउन जरुरी रहेको पनि उनले बताए।

पुराना योजना अलपत्र, तर पहुँचका आधारमा नयाँ आयोजना थप्दै सुदूरपश्चिम सरकार

भौतिक मन्त्रालयअन्तर्गत १४७ बहुवर्षीय आयोजना निर्माणाधीन, चालू आवमा ७१ वटा थप्न अर्थले दियो सहमति

धनगढीमा **तेजराज भट्ट**

बजेट अभावमा निर्माणाधीन बहुवर्षीय योजनाहरूको कार्यान्वयन फितलो रहँदा सुदूरपश्चिम सरकारले पहुँचका आधारमा भने हरेक वर्ष बहुवर्षीय योजना थप्दै लगेको पाइएको छ। यसले एकातिर सरकारले धान्नै नसक्ने गरी आर्थिक दायित्व थपिँदै छ भने अर्कोतिर निर्माणाधीन योजनाहरू बजेट अभावमा समयमै सम्पन्न हुन सकेका छैनन्।

न्यून बजेट विनियोजन र ठेकेदारको लापरबाहीले बहुवर्षीय योजनाहरू ढिलासुस्ती मात्र होइन, कतिपय अलपत्र अवस्थामै छन्। तर, सुदूरश्चिम सरकारले चालू वर्ष मात्र ७४ वटा नयाँ बहुवर्षीय योजना थपेको छ।

आर्थिक मामिला मन्त्रालयले भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतका सडक, पुल, झोलुंगे पुल, भवन र सिँचाइका ७१ वटा योजनालाई बहुवर्षीयमा राख्न गत साता स्रोत सहमति दिएको छ। त्यस्तै, आन्तरिक मामिला तथा कानुन मन्त्रालयअन्तर्गत प्रहरीका भवन निर्माणका तीनवटा योजनाले अर्थबाट बहुवर्षीयको स्रोत सहमति पाएका छन्। यी सबै योजनाको लागत अनुमान पाँच अर्ब ३२ करोड रहेको आर्थिक मामिला मन्त्रालयका उपसचिव अर्जुन खड्काले जानकारी दिए।

नयाँ थपिएका अधिकांश बहुवर्षीय योजनाको निर्माण अवधि आर्थिक वर्ष ०८४/८५ सम्म छ। यी योजनाका लागि सरकारले चालू वर्षमा करिब साढे ९३ करोड रुपैयाँ बजेट विनियोजन भएको छ। उपसचिव खड्काका अनुसार आगामी वर्ष दुई अर्ब १३ करोड विनियोजन गर्नुपर्ने स्टिमेट छ।

स्रोत सहमति दिएका बहुवर्षीय योजनाको लागत स्टिमेट र निर्माण अवधिसहित कुन वर्ष कति बजेट विनियोजन गर्ने भनेर तोकिएको हुन्छ। तर, नयाँ योजना थपिँदै जाँदा निर्माणाधीन योजनामा सरकारले



स्टिमेटअनुसार बजेट विनियोजन गर्न सकेको छैन। जसले गर्दा ठेक्कामा गइसकेका अधिकांश बहुवर्षीय योजनाको काम सुस्त छ।

प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत यस आर्थिक वर्षमा थपिएकाबाहेक एक सय ४७ वटा बहुवर्षीय योजना निर्माणाधीन अवस्थामा छन्। त्यसमध्ये गत आर्थिक वर्षमा ८५ वटा बहुवर्षीय योजनाको स्रोत सहमति दिइएको थियो। गत वर्ष थपिएका योजनाका लागि मात्र अनिवार्य विनियोजन हुनुपर्ने सर्तअनुसार यस वर्ष दुई अर्ब २८ करोड बजेट विनियोजन हुनुपर्ने थियो। जबकि, एक सय ४७ बहुवर्षीय योजनाका लागि सरकारले यस वर्ष दुई अर्ब ५२ करोड विनियोजन गरेको छ।

आवश्यकताअनुसार बजेट विनियोजन नहुँदा र ठेकेदारले काम नगर्दा ०७६ सालमै ठेक्का लागेका बहुवर्षीय योजनाहरू अझै सम्पन्न भएका छैनन्। ०७७ सालसम्म ठेक्का लागेर हालसम्म पनि सम्पन्न हुन नसकेका योजनाको संख्या मात्रै तीन दर्जन छन्। समयमै काम नहुँदा म्याद थपेर ठेक्काको अवधि भने लम्ब्याउँदै लगिएको छ।

बहुवर्षीय योजनाअन्तर्गत सुदूरपश्चिम सरकारले प्रदेश गौरवकै सडकमा पर्याप्त बजेट विनियोजन गर्न सकेको छैन। सरकारले आर्थिक वर्ष ०७६/७७ को बजेटमार्फत प्रदेशका नौवटै जिल्लाका एक-एक सडकलाई बहुवर्षीय योजनामा राखेर प्रदेश गौरवका सडकका रूपमा अगाडि बढाएको थियो। तर, आवश्यकताअनुसार बजेट विनियोजन नहुँदा तथा कतिपय ठाउँमा ठेकेदारले काम नगर्दा तीमध्ये कुनै पनि सडकको काम अहिलेसम्म पूरा भएको छैन। केही सडकको अझै ट्र्याकसमेत खोल्न बाँकी छ।

राजनीतिक पहुँचका आधारमा बहुवर्षीय नयाँ योजनाहरू बर्सेनि थपिँदै जाँदा बजेट अभावले पुराना योजना सम्पन्न गर्न समस्या भएको मन्त्रालयका अधिकारीहरू बताउँछन्। 'बहुवर्षीय योजना यति भए कि मन्त्रालयले पाउने बजेटले दायित्व धान्ने नसकिने अवस्था छ,' भौतिक मन्त्रालयका एक अधिकारीले भने, 'पर्याप्त बजेट विनियोजन गरेर चालू योजना पूरा गर्नेतर्फ प्राथमिकता दिनुपर्ने हो। तर, राजनीतिक 'इन्ट्रेस्ट'का आधारमा योजना थपिँदै जाँदा बजेटको कमीले न पुराना सम्पन्न हुने स्थिति छ, न नयाँ।'

भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रगति विवरणअनुसार हाल कार्यान्वयनमा रहेका एक सय ४७ बहुवर्षीय योजनामध्ये ५० प्रतिशतभन्दा बढी भौतिक प्रगति भएका योजनाको संख्या ५८ छन्। आधा दर्जन योजनाको काम हालै सम्पन्न भएको छ भने डेढ दर्जनभन्दा बढी योजना सम्पन्न हुने चरणमा छन्।

एक सय ४७ बहुवर्षीय योजनाको लागत स्टिमेट २० अर्ब २६ करोड ५८ लाख रहेकोमा यस वर्षको अर्धवार्षिक समीक्षा अवधिसम्म सात अर्ब ९१ करोड २५ लाख रुपैयाँ भुक्तानी भएको मन्त्रालयले जानकारी दिएको छ। यी आयोजनाको १२ अर्ब ३५ करोड दायित्व बाँकी छ। पर्याप्त बजेट विनियोजन हुन नसक्दा कार्यान्वयनमा रहेका कतिपय बहुवर्षीय योजना निर्माणमा ढिलाइ भइरहेको मन्त्रालयका इन्जिनियर योगेन्द्रबहादुर अधिकारीले बताए। 'कार्यान्वयनमा रहेका बहुवर्षीय योजनामा बजेट अभाव छ। कुनैमा ठेकेदारले काम गरेनन्,' उनले भने, 'नयाँ योजनाहरू प्राथमिकतामा पर्दा पुराना योजना कार्यान्वयनमा समस्या भएको हो।'

मन्त्रालयका प्रवक्ता सिनियर डिभिजनल इन्जिनियर सुबिक श्रेष्ठले आगामी बजेटमा मन्त्रालयले नयाँ योजना राख्ने नसक्ने गरी बहुवर्षीय योजनाको दायित्व रहेको बताए। 'योजना आयोगको नीतिअनुसार बहुवर्षीय योजनाका लागि बजेट विनियोजन गर्ने हो, खानेपानीतर्फको त एउटा पनि योजना राख्न सकिने स्थिति छैन। सडक र पुलतर्फ पनि त्यस्तै छ,' उनले भने, 'बजेट अभावले कतिपय बहुवर्षीय योजनाको काम प्रभावित छ।' मन्त्रालयका अनुसार यस वर्ष थपिएका बहुवर्षीय केही योजना भने पुरानै योजनाको नयाँ खण्ड पनि छन्।

नबिलको सिपमूलक वित्तीय साक्षरता तथा उद्यमशीलता तालिम



काठमाडौं/ नबिल बैंक लिमिटेडले कृषि व्यवसायमा संलग्न जनशक्तिलाई लक्षित गरी मुलुकका विभिन्न १६ ग्रामीण स्थानमा सिपमूलक वित्तीय साक्षरता तथा उद्यमशीलता विकास तालिम सुरु गरेको छ। जुम्लाको सिँजा गाउँपालिकामा यही वैशाख ९ गते बुधबारदेखि सुरु भएको तालिम चालू आर्थिक वर्षभित्र थप १५ स्थानमा सञ्चालन गरिने बैंकले जनाएको छ।

बैंकले कोशी, मधेश, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका स्थानीय तहसँगको सहकार्यमा तालिम सञ्चालन गर्न लागेको हो। कृषिमा आधारित व्यवसाय सञ्चालन गरिरहेका र गर्न चाहने करिब पाँच सय व्यक्तिलाई लक्षित गरी तालिम सञ्चालन गर्न लागिएको बैंकको भनाइ छ।

नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले तालिममा सहभागीलाई बचत, बजेट निर्माण, ऋण व्यवस्थापन, बिमा, लगानीका विकल्पलगायतका विषयमा प्रयोगात्मक ज्ञान प्रदान गरिने बताए।

'सहभागीलाई वित्तीय साक्षरतामा सशक्त बनाउने, बेरोजगारी घटाउने, नयाँ व्यवसाय गर्न प्रोत्साहन गर्ने तथा उद्यमशीलता विकासमार्फत दिगो आर्थिक वृद्धि प्रवर्द्धन गर्न तालिम सञ्चालन गरिएको हो,' उनले भने।

बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत ग्रामीण क्षेत्रमा रहेका व्यक्तिलाई आत्मनिर्भर बनाउन प्रोत्साहन गर्ने उद्देश्यले तालिम सञ्चालन गर्न लागेको हो।

तालिममा ग्रामीण भेगका किसानको रुचि पहिचान गरी सोहीअनुरूप उनीहरूलाई आत्मनिर्भर बनाउन आवश्यक जानकारी र सिप उपलब्ध गराइनेछ। सहभागी हुनेले बाख्रापालन, बंगुरपालन, भैंसीपालन, च्याउ खेती, तरकारी खेतीलगायतका विषयमा प्राविधिक ज्ञानका साथै व्यावसायिक अवसर पहिचान गर्ने, बजारीकरण तथा वित्तीय व्यवस्थापनलगायतका विषयमा ज्ञान र सिप प्राप्त गर्नेछन्।

सिजीले ल्यायो अत्याधुनिक र शक्तिशाली रेन्जको डेजर्ट कुलर



काठमाडौं/ इलेक्ट्रोनिक्स ब्रान्ड सिजीले गर्मी मौसमलाई लक्षित गर्दै डेजर्ट कुलर श्रेणीअन्तर्गत 'फ्रोस्टलाइन' सार्वजनिक गरेको छ। कम्पनीको नयाँ वार्षिक अभियान 'एक्स्पिरियन्स लाइफ विथ सिजी'अन्तर्गत ल्याइएको यस नयाँ रेन्जले उपभोक्तालाई प्रभावकारी चिसोपन र सहज जीवनशैली प्रदान गर्ने लक्ष्य राखेको जनाइएको छ।

बढ्दो माग र आधुनिक घरको आवश्यकतालाई ध्यानमा राखी डेजर्ट कुलर पोर्टफोलियोमा फ्रोस्टलाइन रेन्च थपेको जनाएको छ। यसमा ११० लिटर र ९५ लिटर क्षमताका ठुला ट्यांकी भएका मोडेल समावेश छन्, जसले बारम्बार पानी भर्ने झन्झट कम गर्छ। त्यस्तै, ७५ लिटर र ५५ लिटर क्षमताका मोडेल साना तथा मध्यम कोठाका लागि उपयुक्त हुने र यसले बिजुली पनि कम खपत गर्ने कम्पनीको भनाइ छ।

नयाँ सिरिजमा डबल बल बेरिङ मोटर, आइस च्याम्बर, एड्भान्स्ड हनिकम्ब प्याड तथा शक्तिशाली एयर थ्रोजस्ता प्रविधि समावेश गरिएको कम्पनीले जनाएको छ। यी सुविधाले लामो समयसम्म टिकाउ, शान्त र प्रभावकारी कुलिङ सुनिश्चित गर्ने अपेक्षा गरिएको छ।

ज्योति विकासको वृक्षारोपण




काठमाडौं/ ज्योति विकास बैंक लिमिटेडले सातैवटा प्रदेशमा वृक्षारोपण गरेको छ। बैंकले विभिन्न स्थानमा कार्यक्रम गरी १७ सयवटा बिरुवा रोपेको जनाएको छ। यो कार्यक्रम बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत स्थापना गरेको 'हाम्रो विकास प्रवर्द्धन कोष'मार्फत गरेको बताइएको छ।

बैंकका अनुसार प्रत्येक प्रदेशमा दुई सय ५० वटा बिरुवा रोपिएको छ। यस पहलमार्फत वातावरणीय सन्तुलन कायम रहने र स्थानीय समुदायमा हरियाली विस्तार, स्वच्छ वातावरणको संरक्षण तथा जनस्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्ने लक्ष्य बैंकले लिएको छ। रोपिएका बिरुवाले दीर्घकालमा स्वच्छ हावाको आपूर्ति, पारिस्थितिक सन्तुलनको संरक्षण तथा दिगो जीवनशैलीको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुर्‍याउने बैंकको विश्वास छ।

यस बैंकले १७औँ वार्षिकोत्सवका अवसरमा लुम्बिनी वर्ल्ड पिस फोरमसँग सहकार्य गरी देशव्यापी वृक्षारोपण गर्ने घोषणा गरेको थियो। उक्त घोषणाबमोजिम वृक्षारोपण गरिएको हो। बैंकले आगामी दिनहरूमा पनि यस्ता प्रभावमुखी सामाजिक पहललाई निरन्तरता दिँदै जाने बताएको छ। बैंकले खुद मुनाफाबाट विविध सामाजिक कार्य गर्दै आइरहेको छ। नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षाका लागि बैंकले ७० वटा न्यानो नानीमार्फत वार्षिक करिब २६ सय शिशुको जीवन रक्षा गर्दै आएको बैंकले जनाएको छ।

नेसनल लाइफ र ग्रान्डीबिच सम्झौता



काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र ग्रान्डी इन्टरनेसनल हस्पिटलबिच मेडिकल सेवामा छुट दिनेबारे सम्झौता गरिएको छ। कम्पनीले आफ्ना प्रस्तावकलाई आवश्यक पर्ने मेडिकल रिपोर्ट तथा कर्मचारीलाई सहुलियत दरमा स्वास्थोपचार सेवा उपलब्ध गराउने गरी सम्झौता गरेको हो।

सम्झौतापत्रमा कम्पनीका सिइओ सुरेशप्रसाद खत्री र ग्रान्डीका मेडिकल डाइरेक्टर डा. विनोद बिजुक्छे तथा चिफ अपरेटिङ अफिसर अमृत खन्नालगायतको उपस्थिति थियो। कम्पनीको बिमालेख खरिद गर्न चाहने प्रस्तावकले मेडिकल जाँच सहुलियत दरमा गर्न पाउनेछन्। साथै, कम्पनीका कर्मचारीलाई १० प्रतिशत छुट उपलब्ध गराउने सम्झौतापत्रमा उल्लेख छ।

घट्यो सुनको मूल्य

काठमाडौं/ बुधबार सुनको भाउ तोलामा आठ सय रुपैयाँले घटेको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार बुधबार सुन प्रतितोला तीन लाख पाँच सय रुपैयाँमा किनबेच भयो। मंगलबार तीन लाख एक हजार तीन सय रुपैयाँमा कारोबार भएको थियो। यस्तै, मंगलबार पाँच हजार एक सय ६० रुपैयाँमा कारोबार भएको चाँदी बुधबार तोलामा पाँच हजार एक सय ३० रुपैयाँमा किनबेच भएको हो।

माईग्रेशन सर्टिफिकेट हरायो

मिति २०८२/१२/२३ गते तारकेश्वरबाट नेपालटारतर्फ जाँदै गर्दा मेरो नाममा रहेको कक्षा १२ को NEB बाट जारीभएको Migration Certificate हराएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त प्रमाणपत्र भेट्टाउने महानुभावले नजिकको प्रहरी चौकी वा तल दिइएको सम्पर्क नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ।

नाम : मनास गजुरेल
सिम्बोल नं. : २२७००४८२
रजिष्ट्रेशन नं. : ८१३२७००३०४५४
सम्पर्क नं. : ९८०८३४५१०१

सामान्य घट्यो सेयर बजार

काठमाडौं/ नेपाल स्टक एक्सचेन्ज (नेप्से) बुधबार सामान्य अंकले घटेको छ। उक्त दिन बजार २.९५ अर्थात् ०.१० प्रतिशतले घटेर नेप्से परिसूचक २८०४.१७ विन्दुमा बन्द भएको हो। मंलबार पाँच अर्ब ७७ करोड ४३ लाख रुपैयाँको सेयर कारोबार भएकामा बुधबार सात अर्ब ८१ करोड ३९ लाखको धितोपत्र किनबेच भएको छ। उक्त दिन नेप्सेमा सूचीकृत तीन सय ४२ कम्पनीको सेयर किनबेच भयो। जसमा एक सय २१ कम्पनीको मूल्य बढेको छ भने एक सय ३८ कम्पनीको घटेको छ। त्यस्तै, १० कम्पनीको मूल्य स्थिर छ।

१३ वटा उपसमूहमध्ये बैंकिङ, फाइनान्स, इन्भेस्टमेन्ट, उत्पादन तथा प्रशोधन र निर्जीवन बिमाको सूचक बढेको छ। सबैभन्दा धेरै घट्नेमा होटेल तथा टुरिजम समूह छ। यो समूहको परिसूचक १९९ अंकले घट्यो। उत्पादन तथा प्रशोधनको सर्वाधिक २९.८० अंकले बढेको छ। उक्त दिन चार कम्पनीको मूल्य १५ प्रतिशतले बढेको हो।

कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा राखिने बारेको कृषि विकास बैंक लि, शाखा सामाखुशीको ३५ दिने सूचना

(सूचना प्रकाशन मिति : २०८३/०१/१० गते)

कृषि विकास बैंक लिमिटेड, शाखा सामाखुशीबाट तपसिल बमोजिमको व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी कर्जाको साँवा, व्याजलगायतका बुझाउनुपर्ने रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण रकम बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि बैंकलाई बुझाउनुपर्ने सम्पूर्ण रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि तथा प्रचलित ऐन नियम बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राइटर/साझेदार/सञ्चालकहरूसमेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपसिल

१. **कर्जा ग्राहकको नाम**: एम.आर. पोल्ट्री फर्म (प्रो. राजाराम घिमिरे) मिसिल नं. २५८९ **ग्राहक संख्या** : १०६१०८३

कर्जा ग्राहकको नाम	ठेगाना	फर्म दर्ता र मिति	उद्देश्य	साँवा रकम रू.	मिति २०८२।१२।२५ सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
एम.आर. पोल्ट्री फर्म (प्रो. राजाराम घिमिरे)	सा. तारकेश्वर नगरपालिका ७, काठमाडौं।	४६९८९/१४९०, मिति २०७२/१२/१६	पशुपंक्षी कर्जा	२५,००,०००/-	१,६०,०००/-	२६,६०,०००/-

फर्मको दर्ता नं. ४६९८९/१४९०, मिति २०७२/१२/१६, **दर्ता भएको कार्यालय**: घरेलु तथा साना उद्योग विभाग
पान नं. ६०४०१३४५९, मिति २०७२/१२/१५, आन्तरिक राजस्व कार्यालय, बालाजु।
प्रोपाइटरः राजाराम घिमिरे, ना.प्र.नं. २७३०३४।१५२७, जारी जिल्लाः काठमाडौं, जारी मितिः २०६३।१०।१८
बाबुको नामः विष्णुप्रसाद घिमिरे, बाजेको नामः खिलनाथ घिमिरे

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय
गौशाला, काठमाडौं।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मितिः २०८३/०१/१०

यस बैंकको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋण कर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋण कर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा,ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्डनो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सुचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणी फर्मको नाम र ठेगाना

नाम : जयसवाल ट्रेडर्स एण्ड सप्लायर्स
रजिष्टर्ड ठेगाना : लुम्बिनी सास्कृतिक न.पा.-१५, रुपन्देही
रजिष्ट्रेसन नं. : ३९०२८/०७३ (श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देही)
रजिष्ट्रेसन मिति : २०७३/११/०१
पान नं. : ६०५७३७४२२

फर्मको प्रोप्राईटरको नाम र ठेगाना

श्री बाहोरन कलवार/श्रीमती गंगा देवी कलवार को नाती, श्री धनपति कलवार/श्रीमती पावर्ति कलवारीन को छोरा, श्रीमती सुभावति कलवारीन को पति, रुपन्देही जिल्ला, खुदावगर गा.वि.स.-०७ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, मायादेवि ग.पा.-०४, बस्ने श्री **हरिराम कलवार** (ना.प्र. नं.१२३८३, जारी मिति २०३४/१०/२१, प्रतिलिपि मिति २०७१/०४/१४, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री धनपति कलवार/श्रीमती पावर्ति कलवारीन को नाती, श्री हरिराम कलवार/श्रीमती सुभावति कलवारीन को छोरा, श्रीमती माया कलवार को पति, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला कम्हरीया गा.वि.स.वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने श्री **प्रदिप कुमार जैसवाल** (ना.प्र.प.नं.३७७४, जारी मिति २०६१/०२/१२, प्रतिलिपि मिति २०६५/१२/०९, जि.प्र.का.रुपन्देही)
२. श्री मोतीलाल कलवार/श्रीमती सुमित्रा कलवार की नातीनी, श्री तिर्थराम कलवार/श्रीमती रूकमणी कलवार की छोरी, श्री प्रदीप कुमार जैसवाल की पत्नी, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला कम्हरिया गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने श्रीमती **माया कलवार** (ना.प्र. नं. ३७१०७०/१०६३६, जारी मिति २०६६/१२/२२, श्री जि.प्र.का. रुपन्देही)

२. ऋणीको नाम र ठेगाना

श्री धनपति कलवार/श्रीमती पावर्ति कलवारीन को नाती, श्री हरिराम कलवार/श्रीमती सुभावति कलवारीन को छोरा, श्रीमती माया कलवार को पति, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला कम्हरीया गा.वि.स.वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने श्री **प्रदिप कुमार जैसवाल** (ना.प्र.प.नं.३७७४, जारी मिति २०६१/०२/१२, प्रतिलिपि मिति २०६५/१२/०९, श्री जि.प्र.का.रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री मोतीलाल कलवार/श्रीमती सुमित्रा कलवार की नातीनी, श्री तिर्थराम कलवार/श्रीमती रूकमणी कलवार की छोरी, श्री प्रदीप कुमार जैसवाल की पत्नी, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला कम्हरिया गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने श्रीमती **माया कलवार** (ना.प्र. नं. ३७१०७०/१०६३६, जारी मिति २०६६/१२/२२, जि.प्र.का. रुपन्देही)
२. श्री बाहोरन कलवार/श्रीमती गंगा देवी कलवार को नाती, श्री धनपति कलवार/श्रीमती पावर्ति कलवारीन को छोरा, श्रीमती सुभावति कलवारीन को पति, रुपन्देही जिल्ला, खुदावगर गा.वि.स.-०७ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, मायादेवी ग.पा.-०४, बस्ने श्री **हरिराम कलवार** (ना.प्र. नं.१२३८३, जारी मिति २०३४/१०/२१, प्रतिलिपि मिति २०७१/०४/१४, जि.प्र.का. रुपन्देही)

३. ऋणीको नाम र ठेगाना

श्री मोतीलाल कलवार/श्रीमती सुमित्रा कलवार की नातीनी, श्री तिर्थराम कलवार/श्रीमती रूकमणी कलवार की छोरी, श्री प्रदीप कुमार जैसवाल की पत्नी , लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला कम्हरिया गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने श्रीमती **माया कलवार** (ना.प्र.नं. ३७१०७०/१०६३६, जारी मिति २०६६/१२/२२, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री धनपति कलवार/श्रीमती पावर्ति कलवारीन को नाती, श्री हरिराम कलवार/श्रीमती सुभावति कलवारीन को छोरा, श्रीमती माया कलवार को पति, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला कम्हरीया गा.वि.स.वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने श्री **प्रदिप कुमार जैसवाल** (ना.प्र.प.नं.३७७४, जारी मिति २०६१/०२/१२, प्रतिलिपि मिति २०६५/१२/०९, जि.प्र.का.रुपन्देही)
२. श्री बाहोरन कलवार/श्रीमती गंगा देवी कलवार को नाती, श्री धनपति कलवार/श्रीमती पावर्ति कलवारीन को छोरा, श्रीमती सुभावति कलवारीन को पति, रुपन्देही जिल्ला, खुदावगर गा.वि.स.-०७ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, मायादेवी ग.पा.-०४, बस्ने श्री **हरिराम कलवार** (ना.प्र. नं.१२३८३, जारी मिति २०३४/१०/२१ प्रतिलिपि मिति २०७१/०४/१४, जि.प्र.का. रुपन्देही)

४. ऋणी कम्पनीको नाम र ठेगाना

नाम : श्री बुद्ध फुड प्रोसेसिङ प्रा. लि.
रजिष्टर्ड ठेगाना : लुम्बिनी सास्कृतिक न.पा.-१०, रुपन्देही
रजिष्ट्रेसन नं. : ३१०७९८/०७९/०८० (श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर)
रजिष्ट्रेसन मिति : २०७९/१२/२७
पान नं. : ६१०४८४४९८

ऋणी कम्पनीको सञ्चालक तथा जमानीकर्ताहरु नाम र ठेगाना

१. श्री गौरी प्रसाद थारु/श्रीमती फुल्लादेवी थरुनी को नाती, श्री लोकमान थारु/श्रीमती प्रेम कुमारी थरुनीको छोरा, श्रीमती मिरा थारुको पति, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ३ बस्ने श्री **मदन मोहन थारु** (ना.प्र.प.नं.३७१०२३/३३२६०, जारी मिति २०६३/११/१३, प्रतिलिपि मिति २०८०/१२/०७, श्री जि.प्र.का. रुपन्देही)
२. श्री धनपति कलवार/श्रीमती पावर्ति कलवारीनको नाती, श्री हरिराम कलवार/श्रीमती सुभावति कलवारीनको छोरा, श्रीमती पिङकी जैसवाल को पति, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला कम्हरिया गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, लु सा. न पा न.पा. वडा नं. १० बस्ने श्री **सरोज कुमार जैसवाल** (ना.प्र.प.नं. ३७-०१-७१-०३६४७, जारी मिति २०७१/०४/१४, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री गौरी प्रसाद थारु/श्रीमती फुल्लादेवी थरुनीको नाती, श्री नाथु प्रसाद थारु/श्रीमती शान्ति देवी थारुको छोरा, श्रीमती निसा कुमारी थारुको पति, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला हाटी फर्साटिकर गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ३ बस्ने श्री **जिवन प्रसाद थारु चौधरी** (ना.प्र.प.नं. ३७१०३०/३/१८२७६, जारी मिति २०६३/११/२३, जि.प्र.का. रुपन्देही)
२. श्री लोकमान थारु/श्रीमती प्रेम कुमारी थरुनीकी बुहारी, श्री भानुभक्त थारु/श्रीमती घनेश्वरी थरुनीकी छोरी, श्री सुदर्शन थारुकी पत्नी, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला ओमसतिया गा.पा वडा नं. ३ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ३ बस्ने श्रीमती **मिना कुमारी चौधरी** (ना.प्र.प.नं. ९०९४४, जारी मिति २०६३/०७/०२, प्रतिलिपि मिति २०७९/०६/१५, जि.प्र.का. रुपन्देही)
३. श्री हरी प्रसाद थारु/श्रीमती दुखती थारुकी नातीनी, श्री सोमनाथ थारु/श्रीमती चन्द्रवती थारुकी छोरी, श्री मदन मोहन थारुकी पत्नी, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला हाटी फर्साटिकर गा.वि.स वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ३ बस्ने श्रीमती **मिरा थारु** (ना.प्र.प.नं. ३७१०१८/३८५९३, जारी मिति २०६६/०२/१८, जि.प्र.का. रुपन्देही)
४. श्री नाथु प्रसाद थारु/श्रीमती शान्ति देवी थारुकी बुहारी, श्री भोला प्रसाद थारु/श्रीमती रामरती थरुनीकी छोरी, श्रीमान जिवन प्रसाद थारु चौधरीकी पत्नी, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला हाटी फर्साटिकर गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ३ बस्ने श्रीमती **निसा कुमारी थारु** (ना.प्र.प.नं. ३७-०१-६९-०२१०४, जारी मिति २०६९/०८/२५, जि.प्र.का. रुपन्देही)

५. श्री गौरी प्रसाद थारु/श्रीमती फुल्लादेवी थरुनी बुहारी, श्री सर्बजित प्रसाद थारु/श्रीमती राजरानी थरुनीकी छोरा/छोरी, श्री लोकमान थारुकी पत्नी, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला हाटी फर्साटिकर गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ३ बस्ने श्रीमती **प्रेम कुमारी थरुनी** (ना.प्र.प.नं. ३८/७१९५, जारी मिति २०४६/०३/१८, जि.प्र.का. रुपन्देही)
६. श्री गौरी प्रसाद थारु/श्रीमती फुल्लादेवी थरुनीकी बुहारी, श्री सर्बजित प्रसाद चौधरी (थारु)/श्रीमती राजरानी थरुनीकी छोरी, श्री नाथु प्रसाद थारुकी पत्नी, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला हाटी फर्साटिकर गा.वि.स.वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ३ बस्ने श्रीमती **शान्ति देवी थारु** (ना.प्र.प.नं. ३८/७३१९, जारी मिति २०४६/०३/१९, जि.प्र.का. रुपन्देही)
७. श्री गौरी प्रसाद थारु/श्रीमती फुल्लादेवी थरुनीको नाती, श्री लोकमान थारु/श्रीमती प्रेम कुमारी थरुनीको छोरा, श्रीमती मिना कुमारी चौधरीको पति, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला हाटी फर्साटिकर गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ३ बस्ने श्री **सुदर्शन थारु** (ना.प्र.प.नं. २७४६७, जारी मिति २०६१/१०/१८, जि.प्र.का. रुपन्देही)
८. श्री अयोध्या कलवार/श्रीमती सोनमती कलवारकी नातीनी, श्री हरिचन्द्रुद्ध्य जैसवाल (कलवार)/श्रीमती शिव कुमारी जैसवालको छोरी, श्री सरोज कुमार जैसवालको पत्नी, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं.६ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक न.पा. वडा नं.१० बस्ने श्रीमती **पिङकी जैसवाल** (ना.प्र.प.नं.३६-०१-७५-००५३८, जारी मिति २०७५/०१/३०, जि.प्र.का नवलपरासी)

५. ऋणीको नाम र ठेगाना

श्री धनपति कलवार/श्रीमती पावर्ति कलवारीनको नाती, श्री हरिराम कलवार/श्रीमती सुभावति कलवारीनको छोरा, श्रीमती पिङकी जैसवाल को पति, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला कम्हरिया गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, लु सा.न पा न.पा. वडा नं. १० बस्ने श्री **सरोज कुमार जैसवाल** (ना.प्र.प.नं.३७-०१-७१-०३६४७, जारी मिति २०७१/०४/१४, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताको नाम र ठेगाना

श्री अयोध्या कलवार/श्रीमती सोनमती कलवारकी नातीनी, श्री हरिचन्द्रुद्ध्य जैसवाल (कलवार)/श्रीमती शिव कुमारी जैसवालको छोरी, श्री सरोज कुमार जैसवालको पत्नी, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं.६ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक न.पा. वडा नं.१० बस्ने श्रीमती **पिङकी जैसवाल** (ना.प्र.प.नं.३६-०१-७५-००५३८, जारी मिति २०७५/०१/३०, जि.प्र.का नवलपरासी)

६. ऋणी फर्मको नाम र ठेगाना

नाम : समरिन क्लोथ सेन्टर
रजिष्टर्ड ठेगाना : लुम्बिनी सास्कृतिक न.पा.-१०, रुपन्देही
रजिष्ट्रेसन नं. तथा : ४९३५५/०७७/७८ (श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य, आपूर्ति उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देही)
रजिष्ट्रेसन मिति : २०७७/०९/१९
पान नं. : ६१४७०१९८८

फर्मको प्रोप्राईटरको नाम र ठेगाना

श्री हुकुमदर पठान/श्रीमती खातुनी पठानकी नातीनी, श्री नसिवदार पठान/श्रीमती साहिरुन निसाकी छोरी, श्री रहीसूद्दिन मूसलमानकी, पत्नी, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला मधूवनी गा.वि.स. वडा नं.१ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा वडा नं. १० बस्ने श्रीमती **अमिरुन निसा मुसलमान** (ना.प्र. नं.३७१०५१/२६४५१, जारी मिति २०६६/१०/२७, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री नसीबुल मुसलमान/श्रीमती वदरुन निसा मुसलमानको नाती, श्री रहीसुद्दिन मूसलमान/श्रीमती अमिरुन निसा मुसलमानको छोरा, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा वडा नं. १० स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा वडा नं. १० बस्ने श्री **ग्यासुद्दीन खान** (ना.प्र.नं. ३७३०५१/१६, जारी मिति २०७०/०१/२९, प्रथम प्रतिलिपि मिति २०७७/०३/१९, जि.प्र.का. रुपन्देही)
२. श्री सोहरत मुसलमान/श्रीमती साजीरुन निसा मुसलमानको नाती, श्री नसिबुल मुसलमान/श्रीमती वदरुन निसा मुसलमानको छोरा, श्रीमती अमिरुन निसा मुसलमानको पति लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला मधुवनी गा.वि.स.वडा नं. १ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. १० बस्ने श्री **रहीसुद्दीन मुसलमान** (ना.प्र.नं. ३७३०५१/७५, जारी मिति २०६३/११/१८, प्रथम प्रतिलिपि मिति २०६८/०८/०६, जि.प्र.का. रुपन्देही)
३. श्री नसीबुल मुसलमान/श्रीमती वदरुन निसा मुसलमानको नाती, श्री रहीसुद्दिन मूसलमान/श्रीमती अमिरुन निसा मुसलमानको छोरा, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा.वडा नं. १० स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १० बस्ने श्री **हसमुद्दीन मुसलमान खाँ** (ना.प्र. नं. ३७-०१-७६-००९३४, जारी मिति २०७६/०१/१३, प्रथम प्रतिलिपी मिति २०७८/०७/१७, जि.प्र.का. रुपन्देही)
४. श्री रहीसुद्दिन मूसलमान/श्रीमती अमिरुन निसा मुसलमानकी बुहारी, श्री सफीउल्लाह मूसलमान/श्रीमती खाल्दा मुसलमानकी छोरी, श्री ग्यासुद्दिन खानको पत्नी लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १० स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा.वडा नं. १० बस्ने श्रीमती **हकिकुन निसा** (ना.प्र. नं. ३७१०४८/२९५९८, जारी मिति २०६७/११/०१, प्रथम प्रतिलिपी मिति २०७९/०२/२७, जि.प्र.का. रुपन्देही)

७. ऋणीको नाम र ठेगाना

श्री हुकुमदर पठान/श्रीमती खातुनी पठानकी नातीनी, श्री नसिवदार पठान/श्रीमती साहिरुन निसाकी छोरी, श्री रहीसूद्दिन मूसलमानकी, पत्नी, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला मधूवनी गा.वि.स. वडा नं.१ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा वडा नं. १० बस्ने श्रीमती **अमिरुन निसा मुसलमान** (ना.प्र. नं. ३७१०५१/२६४५१, जारी मिति २०६६/१०/२७, जि.प्र.का. रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री नसीबुल मुसलमान/श्रीमती वदरुन निसा मुसलमानको नाती, श्री रहीसुद्दिन मूसलमान/श्रीमती अमिरुन निसा मुसलमानको छोरा, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा वडा नं. १० स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा वडा नं. १० बस्ने श्री **ग्यासुद्दीन खान** (ना.प्र.नं. ३७३०५१/१६, जारी मिति २०७०/०१/२९, प्रथम प्रतिलिपि मिति २०७७/०३/१९, जि.प्र.का. रुपन्देही)
२. श्री सोहरत मुसलमान/श्रीमती साजीरुन निसा मुसलमानको नाती, श्री नसिबुल मुसलमान/श्रीमती वदरुन निसा मुसलमानको छोरा, श्रीमती अमिरुन निसा मुसलमानको पति लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला मधुवनी गा.वि.स.वडा नं. १ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. १० बस्ने श्री **रहीसुद्दीन मुसलमान** (ना.प्र.नं. ३७३०५१/७५, जारी मिति २०६३/११/१८, प्रथम प्रतिलिपि मिति २०६८/०८/०६, जि.प्र.का. रुपन्देही)
३. श्री नसीबुल मुसलमान/श्रीमती वदरुन निसा मुसलमानको नाती, श्री रहीसुद्दिन मूसलमान/श्रीमती अमिरुन निसा मुसलमानको छोरा, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा.वडा नं. १० स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १० बस्ने श्री **हसमुद्दीन मुसलमान खाँ** (ना.प्र. नं. ३७-०१-७६-००९३४, जारी मिति २०७६/०१/१३, प्रथम प्रतिलिपी मिति २०७८/०७/१७, जि.प्र.का. रुपन्देही)
४. श्री रहीसुद्दिन मूसलमान/श्रीमती अमिरुन निसा मुसलमानकी बुहारी, श्री सफीउल्लाह मूसलमान/श्रीमती खाल्दा मुसलमानकी छोरी, श्री ग्यासुद्दिन खानको पत्नी लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १० स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा.वडा नं. १० बस्ने श्रीमती **हकिकुन निसा** (ना.प्र. नं. ३७१०४८/२९५९८, जारी मिति २०६७/११/०१, प्रथम प्रतिलिपी मिति २०७९/०२/२७, जि.प्र.का. रुपन्देही)

८. ऋणीहरुको नाम र ठेगाना

१. श्री पछु कलवार/श्रीमती पराही कलवारको नाती, श्री जोखन प्रसाद कलवार/श्रीमती शान्ती देवी कलवारको छोरीा, श्रीमती सरोज कुमारी जैसवाल को, पति, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला वगहा गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ०१ बस्ने श्री **मनोज कुमार कलवार** (ना.प्र.नं. ३७१०२२/३६०५१, जारी मिति २०६५/०२/०९ प्रतिलिपि मिति २०६८/०२/१३, जि.प्र.का. रुपन्देही)
२ .बोधीराम जैसवाल/श्रीमती खुस्बु जेसवालकी नातीनी, श्री टुवर कलवार/श्रीमती चन्द्रावती जैसवालकी छोरी, श्री मनोज कुमार कलवारकी पत्नी, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला वगहा गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ०१ बस्ने श्रीमती **सरोज कुमारी जैसवाल** (ना.प्र.नं. ३७१०२२/४५०५३, जारी मिति २०६८/०३/१०, जि.प्र.का. रुपन्देही)

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
बिहीबार १० वैशाख ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका

पुरुष र महिला क्रिकेट टोलीले निकाले मिश्रित नतिजा



अन्तिम दुई बलअघि महिला टोली विजयी

नेपालले शीर्ष स्थानमा रहेको रुवान्डालाई दुई बलअघि हराएको हो । पहिलो ब्याटिङ गरेको रुवान्डाले घरेलु मैदानमा उत्कृष्ट ब्याटिङ प्रदर्शन गर्न सकेन । नेपालको कसिलो बलिङका अगाडि निरीह देखिएको रुवान्डाका खेलाडीले १९.४ ओभरमा सबै विकेट गुमाएर ८८ रनको योगफल खडा गऱ्यो । प्रत्युत्तरमा नेपालले लक्ष्य पछ्याउँदा खराब ब्याटिङ प्रदर्शन गरेको थियो । नेपालले १९.४ ओभरमा आठ विकेटको क्षतिमा ८९ रन बनाउँदै महत्त्वपूर्ण जित निकाल्यो । नेपालको जितमा अन्तिम ओभरमा रचना चौधरीले तीन रन बनाइन् ।

ओपनर सम्झना खड्का र विन्दु रावलले सुरुवात उत्कृष्ट गरेका थिए । उनीहरूले पहिलो विकेटका लागि ८.५ ओभरमा ५१ रनको साझेदारी गर्दै जितको आधार बनाएका थिए । विन्दुले २१ बलमा एक चौकाको सहयोगमा १० रन जोडिन् । सम्झनाले उपकप्तान पूजा महतोसँग दोस्रो विकेटका लागि २३ रनको साझेदारी गरी नेपाललाई १२.४ ओभरमा ७४/२ को स्थितिमा राखिन् । रुवान्डाविरुद्ध सम्झना अर्धशतकीय इनिङ्स खेल्न दुई रनले चुकिन् । उनले ४२ बलमा सर्वाधिक ४८ रन जोड्दा सात चौका प्रहार गरिन् ।

१२ रनको अन्तरमा ६ विकेट गुम्यो

ओपनर सम्झना र विन्दु आउट भएपछि नेपालको ब्याटिङ एकैपटक कमजोर भयो । ७४-२ को बलियो स्थितिमा रहेको नेपाल ८६-८ को नाजुक स्थितिमा पुग्यो । नेपालले स्कोर बोर्डमा थप १२ रन जोड्दा ६ विकेट गुमाएको थियो । इनिङ्सको १८.६ ओभरमा नेपालले आठौँ विकेटका रूपमा पूर्वकप्तान रुविना क्षेत्रीलाई गुमाएको थियो । अधिल्लो खेलमा म्यान अफ दी म्याच भएकी रुविना यसपटक दुई रनमै सीमित भइन् । उनले १३ बलको सामना गरिन् । मध्यक्रमको ब्याटिङ कोल्याप्स हुँदा नेपालमाथि रुवान्डाले उत्कृष्ट पुनरागमन गरेको थियो ।

तर, अन्तिम ओभरमा रचनाकुमारीले धैर्यपूर्वक ब्याटिङ गरी नेपाललाई जित दिलाइन् । उनले १९औँ ओभरमा आवश्यक तीन रन बनाएकी थिइन् । उपकप्तान पूजाले २० बलमा १३ रन बनाइन् । कप्तान इन्दु बर्माले एक, कविता कुँवरले शून्य, कविता जोशीले एक तथा रुवि पोडारले एक रन बनाएका थिए । रुवान्डाको बलिङमा गिओभानिसले चार ओभरमा एक मेडन राखी १४ रन खर्चेर तीन विकेट लिइन् । हेनरिटी इसिम्वेले १८ रनमा दुई विकेट र ग्लेसेले दुई ओभरमा एक मेडनसहित एक रन खर्चेर दुई विकेट हात पारेका थिए ।

नेपालको कसिलो बलिङ

बलियो ब्याटिङमा मानिएको रुवान्डामाथि नेपाली बलरले सुरुदेखि नै दबाब बनाएका थिए । इनिङ्सको १.३ ओभरमा नेपालले रुवान्डाको पहिलो विकेट लिएको थियो । नेपालले रुवान्डालाई १९.४ ओभरमा अलआउट गऱ्यो । यसक्रममा रचनाकुमारी चौधरीले तीन ओभरमा १२ रन खर्चेर तीन विकेट लिइन् । कविता कुँवर र पूजाले समान दुई विकेट हात पारे । मनीषा उपाध्याय र रिया शर्माले पनि समान एक विकेट लिए ।

रुवान्डाको ब्याटिङमा अलिस कुञ्वेले सर्वाधिक १७ रन बनाउन ३१ बलमा एक चौका प्रहार गरिन् । विकेटकिपर मेर्भेली वासेले २० बलमा १५ रन बनाइन् । पुछारका क्लासेसले २० बलमा १३ रन जोडिन् ।

नयाँ पत्रिका

नेपाली राष्ट्रिय पुरुष र महिला क्रिकेट टोलीले बुधबार अन्तर्राष्ट्रिय खेलमा मिश्रित नतिजा निकालेका छन् । एकै दिन फरक दुई अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालले जित र हार सामना गऱ्यो । महिला टोलीले रुवान्डामौ चलिरहेको आइसिसी च्यालेन्ज कपमा लगातार दोस्रो जित हात पारेको थियो । त्रिवि क्रिकेट मैदानमा नेपालको पुरुष 'ए' टोली भने ओमानसँग एकदिवसीय खेलमा ७० रनले हारेको छ ।

> अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपालको सिनियर महिला टोलीले च्यालेन्ज कपमा रुवान्डालाई दुई विकेटले हराउँदा पुरुष 'ए' टोली भने ओमानसँग ७० रनले पराजित

च्यालेन्ज कप टी-२ मा नेपालले लगातार दुई खेलमा जित निकाल्दा आयोजक रुवान्डालाई दुई विकेटले हराएको थियो । दुई जितपछि नेपालले तीन खेलमा ४ अंक बनाएको छ । यसअघि नेपाल पहिलो खेलमा अमेरिकासँग पराजित भएको थियो ।

दोस्रो खेलमा नेपालले इटालीमाथि सानदार जित निकाल्यो । रुवान्डाले चार खेलमा दुई जितसहित ४ अंक जोडेको छ । रुवान्डाले पहिलो खेलमा इटालीलाई नतिजा सुम्पिएको थियो । त्यसपछि रुवान्डाले अमेरिका र भानुआटुलाई पाखा लगायो । नेटरन रेटका आधारमा रुवान्डा शीर्ष स्थानमा छ । नेपाल दोस्रो र इटाली तेस्रो स्थानमा छन् । नेपालले अब चौथो खेल भानुआटुसँग खेल्ने आइसिसीले जनाएको छ । एसोसिएट राष्ट्रहरूको महिला क्रिकेट विकासका लागि अन्तर्राष्ट्रिय क्रिकेट परिषद्ले यस सिजनदेखि च्यालेन्ज कप सुरुवात गरेको हो । पहिलो संस्करणमा नेपाल, रुवान्डा, इटाली, भानुआटु र अमेरिकाले प्रतिस्पर्धा गरिरहेका छन् ।

ओमानसँग नेपाल 'ए' ७० रनले पराजित



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नेपालको पुरुष 'ए' टोलीले माथिल्लो मूलपानी क्रिकेट मैदानमा ओमानसँगको अभ्यास एकदिवसीय खेलमा ७० रनको हार सामना गरेको छ । पहिले ब्याटिङ गरेको ओमानले ५० ओभरमा नौ विकेट गुमाएर २८० रन बनाएको थियो । प्रत्युत्तरमा २८१ रनको लक्ष्य पछ्याएको नेपाल ४४.४ ओभरमा २१० रनमा अलआउट भयो । ओमानका लागि मुजिबुर अलीले ब्याटिङमा सर्वाधिक ७२ रन तथा बलिङमा सकिल अहमदले तीन विकेट लिएका थिए ।

नेपालको ब्याटिङमा ईशान पाण्डे र कप्तान अनिल शाहले अर्धशतकीय इनिङ्स खेल्दा पनि जित दिलाउन सकेनन् । ईशानले ५२ र कप्तान अनिलले ५० रन बनाए । यसैगरी, देव खनालले ४३ र तृतराज दासले ३१ रन बनाए । नेपाल एक समयमा १७७-२ को बलियो अवस्थामा थियो । तर, मध्यक्रम ब्याटिङ फितलो भएपछि नेपालले थप ३३ रनमा आठ विकेट गुमाउँदा ओमानसँग ७० रनको हार सामना गऱ्यो । ओमानका लागि मुजिबुर अली र नदीम खानले समान दुई विकेट लिए ।

यसअघि ओमानका कप्तान जतिन्दर सिंहले ५८ रन बनाए । हासिर दाफेदारले ४६ र आशिष ओडेराले २७ रन जोडे । नेपाल 'ए'का आकाश चन्दले नौ ओभरमा ३१ रन दिएर चार विकेट लिए । सन्तोष यादवले दुई विकेट हात पारे । साहब आलम, रसिद खान, शेर मल्लको नाममा समान एक विकेट रहे । विश्वकप लिग २ शृंखलाको तयारीमा रहेको नेपालले एक्सपोजरका लागि ओमानसँग अभ्यास एकदिवसीय खेलको आयोजना भएको हो ।

चन्द्रगढी महिला गोल्डकपको सेमिफाइनलमा पुलिस

> खेलको १४औँ मिनेटमा नियमित गोलरक्षक उषा नाथले रातो कार्ड पाएपछि १० खेलाडीमा सीमित नेपाल पुलिसले भारतको रानीलक्ष्मीबाईलाई ५-१ ले हरायो



झापामा चिरञ्जीवी घिमिरे

१० खेलाडीमा सीमित भएको नेपाल पुलिस क्लब बुधबार पहिलो संस्करणको चन्द्रगढी महिला गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ । झापाको भद्रपुर रंगशालामा भारतीय टिम रानीलक्ष्मीबाई फुटबल एकेडेमीविरुद्ध ५-१ को सानदार जित निकाल्दै पुलिसले अन्तिम चारको स्थान पक्का गरेको हो । पुलिसले भारतीय टोलीविरुद्ध पुनरागमन जित निकालेको हो । पुलिसको जितमा रेखा पौडेल, मीना देउवा, सम्झना लावती, अमृता जैशी र पूजा रानाले समान एक गोल गरे । जितसँगै पुलिसले अब फाइनल प्रवेशका लागि अर्को विभागीय टोली त्रिभुवन आर्मीसँग प्रतिस्पर्धा गर्नेछ ।

खेलको १४औँ मिनेटमा पुलिस १० खेलाडीमा सीमित भयो । अनुभवी गोलरक्षक उषा नाथले डिबक्सबाहिर आएर बल समातेकी थिइन् । रेफ्री ज्ञानबहादुर मोक्तानले गोलरक्षक उषालाई सिधै रातो कार्ड देखाए । बाँकी ७० मिनेट पुलिसले १० खेलाडीमा प्रतिस्पर्धा गऱ्यो । उषाको गल्तीमा पुलिसविरुद्ध रानीलक्ष्मीबाईले डिबक्सअगाडि फ्रिकिक प्राप्त गऱ्यो । रानीलक्ष्मीबाईले प्राप्त डाइरेक्ट फ्रिकिकमा गोल गर्दै १-० को अग्रता लियो ।

रानीलक्ष्मीबाईकी कप्तान बिनी कुमारीले डिबक्सनजिकैबाट गरेको प्रहार बललाई पुलिसकी वैकल्पिक गोलरक्षक सपना राईले हातबाट फुत्काइन् । त्यसपछि हेमन्ती कुमारीले डिबक्सभित्र सहजै हेडिङ गोल गरिन् । रानीलक्ष्मीबाईले आफ्नो अग्रता मध्यान्तरअगाडि नै गुमाएको थियो । पुलिसले ३८औँ मिनेटमा बराबरी गोल फर्कायो । स्ट्राइकर रेखाले पुलिसलाई १-१ को स्थितिमा पुऱ्याइन् । मीना देउवाले दिएको लामो पासमा डिबक्समा अनमार्क रहेकी रेखाले हेडिङ गोल गरेकी हुन् ।

मध्यान्तरपछि पुलिस आक्रामक

पुलिसले दोस्रो हाफको सुरुमै आक्रामक खेल प्रदर्शन गऱ्यो । दोस्रो हाफको पहिलो मिनेटमै पुलिसकी कप्तान अमृता जैशीले टोलीलाई २-१ का लागि गोल गरिन् । पूजा रानाको कर्नर बललाई रानीलक्ष्मीबाईकी गोलरक्षक रूपाली कुमारीले पन्च गरेकी थिइन् । तर, उनले राम्रोसँग बल क्लियर गर्न सकिनन् । त्यसपछि अमृताले फर्स्ट टचमै गोल गरिन् । खेलको ४७औँ मिनेटमा पुलिसले तेस्रो गोल थप्यो । पुलिसकी सम्झनाले ३-१ को अग्रता दिलाइन् । पूजा रानाको लामो पासमा डिबक्समा अनमार्क रहेकी सम्झनाले गोल गरेकी हुन् ।

खेलको ६२औँ मिनेटमा मीनाले ४-१ को अग्रता दिलाइन् । मैदानको मध्यभागबाट आएको बललाई डिबक्समा रेखाले मीनालाई पास दिइन् । त्यसपछि मीनाले सहजै गोल गरिन् । खेलको खेलको अन्तिम इन्जुरी समयमा पूजा रानाले गोल गर्दै टोलीलाई ५-१ को सानदार जित दिलाइन् ।

पहिलो हाफमा भारतीय टिम रानीलक्ष्मीबाईले पनि उत्कृष्ट खेल प्रदर्शन गऱ्यो । नेपालको विभागीय टिम पुलिसको डिफेन्समाथि दबाबमा राख्यो । तर, दोस्रो हाफमा पुलिसले आक्रामक खेल खेल्दा रानीलक्ष्मीबाई कमजोर देखियो ।

नेपाल पुलिसकी पूजा रानाले खेलकै म्यान अफ दी म्याच हुँदै ११ हजार रुपैयाँ पुरस्कार पाइन् । बिहीबार अन्तिम क्वार्टरफाइनल खेल नेपाल एपिएफ फुटबल क्लब र संकटा फुटबल क्लबबिच हुनेछ ।

खेल संक्षेप

काठमाडौंलाई गौरीशंकर सुपर लिग

काठमाडौं/ क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौंले गौरीशंकर सुपर लिग यू-१७ पुरुष क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । बुधबार भएको फाइनलमा एन्जलस स्पोर्टस् एकेडेमीलाई ३६ रनले पराजित गर्दै काठमाडौंले उपाधि हात पारेको हो । पहिले ब्याटिङ रोजेको काठमाडौंले २० ओभरमा सबै विकेट गुमाउँदै १०५ रन बनायो । काडमाडौंका दिनेश बोहराले १० बलमा दुई चौका र तीन छक्काको मद्दतमा सर्वाधिक २७ रन बनाए । बलिङतर्फ एन्जलसका धिराज यादव र प्रह्लाद गौतमले समान दुई विकेट लिए । लक्ष्य पछ्याएको एन्जलस १८.२ ओभरमा ६९ रनमै समेटियो । एन्जलसका लागि विशाल ऐयरले सर्वाधिक २१ रन बनाए । काठमाडौंका दिनेशले बलिङमा पनि घातक प्रदर्शन गर्दै चार ओभरमा १२ रन खर्चेर तीन महत्त्वपूर्ण विकेट लिए । प्रतियोगिताका म्यान अफ दी सिरिज एन्जलसका सन्दीप साउद र उत्कृष्ट ब्याट्समयान एन्जलसकै जोय थापा भएका छन् ।



ज्ञानसंस्कारलाई बास्केटबल उपाधि

काठमाडौं/ नागर्जुन र ज्ञानसंस्कारले अन्तरकलेज श्री बाई श्री बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन् । नागर्जुन पुरुष र ज्ञानसंस्कार महिलामा च्याम्पियन बनेका हुन् । टोखा नगरपालिकाको सामाखुसीस्थित ज्ञानसंस्कार इन्टरनेसनल स्कुलको कोर्टमा बुधबार भएको पुरुष फाइनलमा नागर्जुनले केएमसीलाई २१-१७ ले पराजित गऱ्यो । सिर्जनशील स्पोर्टस् क्लबद्वारा आयोजित प्रतियोगिताको महिला उपाधि भिडन्तमा ज्ञानसंस्कारले बौद्ध चिल्ड्रन हेभेनलाई १७-११ ले हरायो । पुरुषमा ८४ तथा महिलामा ३४ टोलीको सहभागिता रहेको प्रतियोगिता संयोजक पूर्ण न्यौपानेले जनाएका छन् ।

अन्तरविद्यालय फुटबल हुने

काठमाडौं/ काठमाडौं महानगरपालिका- ७ को आयोजनामा चौथो वडाध्यक्ष अन्तरविद्यालय फुटबल प्रतियोगिता १७ वैशाखदेखि सुरु हुने भएको छ । प्रतियोगितामा १६ भन्दा बढी टोलीको सहभागिता रहने आयोजक वडा नं. ७ का अध्यक्ष विमलकुमार होडाले जनाएका छन् । सेभेन 'ए' साइडस्वरूपको नकआउट प्रतियोगिताको विजेताले ३० हजार र उपविजेताले १५ हजार रुपैयाँ पाउनेछन् । विधागत उत्कृष्ट चार खेलाडीले जनही दुई हजार पाँच सय नगद पुरस्कार पाउनेछन् । २२ वैशाखसम्म चल्ने प्रतियोगिता चन्द्रविनायक पार्क, चाबहिल मैदानमा हुनेछ । गत संस्करणको उपाधि मनास्लुले जितेको थियो ।

तीव्र गतिका बलर खोज्न वर्ल्डलिंकको अभियान

काठमाडौं/ वर्ल्डलिंक कम्युनिकेसन्स लिमिटेडले उदीयमान तीव्र गतिका बलरको पहिचान र विकास गर्ने उद्देश्यले 'बिट द स्पिड सिजन ३' को घोषणा गरेको छ । ग्रासरुट क्रिकेटलाई सुदृढ बनाउने लक्ष्यसहित सुरु भएको यो अभियान तेस्रो वर्षमा प्रवेश गरेको वर्ल्डलिंकले जनाएको छ । गत सिजनका विजेता हिक्मत महराले एक लाख रुपैयाँसहित 'जस्ट क्रिकेट एकेडेमी'मा प्रशिक्षणको अवसर पाएका थिए । उनी सुदूरपश्चिम रोयल्सबाट आइकनिक प्लेयरका रूपमा छनोट भई नेपाल प्रिमियर लिगको पहिलो खेलमै विकेट लिएर चर्चामा आएका थिए । किरण चन्दले प्रोमिसिङ ट्यालेन्टका रूपमा छनोट भई काठमाडौं गोर्खाजको डेभलपमेन्ट स्क्वाडमा स्थान बनाएका थिए ।

पथरीलाई हराउँदै मच्छिन्द्र फाइनलमा



इलाम/ पथरी- ११ लाई ५-२ ले हराउँदै मच्छिन्द्र फुटबल क्लबले इलाममा चलिरहेको तेस्रो इलाम गोल्डकपको फाइनलमा स्थान पक्का गरेको छ । ठुलो टुँडिखेलमा बुधबार भएको खेलमा मच्छिन्द्रलाई जित दिलाउन मिलन चाम्लिङ, शौरभ लिम्बू, अविनाश स्याङ्तान र श्याम मुर्मूले गोल गरेका थिए । पहिलो हाफमा २-१ को अग्रता बनाएको मच्छिन्द्रले दोस्रो हाफमा थप तीन गोल गरेको थियो । प्रतियोगिताको दोस्रो सेमिफाइनलमा रोलिङ क्लब धुलाबारी र न्युरोड टिम (एनआरटी)को सामना गर्नेछ ।

नेपाल, भुटान र श्रीलंका एउटै समूहमा

काठमाडौं/ नेपालले साफ महिला च्याम्पियनसिपको समूह चरणमा पुनः एकपटक भुटान र श्रीलंकालाई नै प्रतिद्वन्द्वीका रूपमा पाएको छ । दक्षिण एसियाली फुटबल महासंघले बुधबार भारतको गोवास्थित मार्गाओ सहरमा २५ मेदेखि ७ जुनसम्म हुने च्याम्पियनसिपका लागि 'ड्र' सार्वजनिक गरेको हो । साबिक उपविजेता नेपाल, भुटान र श्रीलंका समूह 'ए'मा छन् । दुईपटकको साबिक विजेता बंगलादेशले समूह 'बी'मा छ । बंगलादेशले भारत र माल्दिभ्सको सामना गर्नेछ । सन् २०२२ को छैटौँ र २०२४ को सातौँ संस्करणमा नेपालले पहिलो चरणमा भुटान र श्रीलंकासँग खेलेको थियो । यी दुवै संस्करण काठमाडौंमा भएको थियो । अघिल्लो संस्करण नेपालले आफ्नो समूहमा माल्दिभ्ससँग पनि खेलेको थियो । यसपालि भने माल्दिभ्स अर्को समूहमा परेको छ । एकल राउन्ड रोबिन लिगपछि समूहका शीर्ष दुई टोलीले सेमिफाइनलमा आफ्नो स्थान बनाउनेछन् । प्रतियोगिताका लागि अखिल नेपाल फुटबल संघ (एन्फा)ले मंगलबार ३५ सदस्यीय टोली घोषणा गरेको थियो ।

यसअघि राष्ट्रिय खेलकुद परिषद्ले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई तीन महिनाको निलम्बन गरेपछि नेपालको सहभागिता अन्योलमा परेको थियो । तर, एन्फाले दक्षिण एसियाली फुटबल महासंघसँग छलफल गर्दै टोली घोषणा गरेको हो । प्रतियोगिताको तयारीका लागि प्रारम्भिक बन्द प्रशिक्षण आगामी २७ अप्रिलदेखि सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सुरु हुनेछ । महिला टोलीका मुख्य प्रशिक्षक नवीन न्यौपानेले अघिल्लो संस्करणमा उपाधिनजिक पुगेर विमुख भएको बताएका छन् । तर, यसपटक नेपाललाई उपाधि जित्ने लक्ष्यका साथ प्रशिक्षणमा खेलाडीलाई राख्ने उनको योजना छ ।

प्रिमियर लिगको पूर्वविजेता लेस्टर अब तेस्रो डिभिजनमा

एजेन्सी

इंग्लिस प्रिमियर लिगमा १० वर्षअघि लेस्टर सिटीको छुट्टै पहिचान थियो । १० वर्षअघि लेस्टर प्रिमियर लिग विजेता थियो । त्यो पनि कुनै पनि खेलमा हारको सामना नगरी उसले इंग्लिस प्रिमियर लिग उपाधि इतिहासमै पहिलोपटक उचाल्दा विश्व फुटबलका विश्लेषकहरू चकित परेका थिए । उत्कृष्ट प्रदर्शन जारी राख्दै लेस्टरले सन् २०१७ को युरोपियन च्याम्पियन्स लिगको क्वार्टरफाइनलमा स्थान बनायो । च्याम्पियन्स लिगको क्वार्टरफाइनल खेल्दा लेस्टर भाग्यले नभएर मिहिनेतका कारण प्रिमियर लिगमा सफलता चुमेको विज्ञहरूले बताए ।

सन् २०२१ मा उसले एफए कप जित्यो । तर, एफए कपपछि लेस्टर ओरालो लागेको छ । अब फर्केर पनि पुरानै स्थितिमा पुग्ने देखिँदैन । यसका लागि धेरै मिहिनेत र लगानी हुनुपर्छ । लेस्टरको चर्चा यसरी किन भइरहेको छ ? प्रश्न उठ्नु स्वाभाविक हो । दश वर्षअघिको प्रिमियर लिग र पाँच वर्षअघि एफए कपजस्तो प्रतिष्ठित उपाधि जितेको उही लेस्टर अब इंग्लिस प्रिमियर लिगको तेस्रो डिभिजनमा झर्ने पक्का भइसकेको छ ।

सन् २०१६ को सिजनमा फुटबल जगत्लाई जसरी लेस्टरले स्तब्ध पाऱ्यो त्यसरी नै उसले अब अप्रत्याशित नतिजा व्यहोर्दा सन् २०२६/२७ सिजनमा तेस्रो डिभिजन (लिग वन)मा खेल्ने भएको छ । मंगलबार राति हल सिटीसँग २-२ को बराबरी खेलेसँगै लेस्टर रेलिगेसनमा पर्ने पक्का भएको हो । अब लेस्टरले ब्रोम्लीजस्तो सामान्य क्लबसँग भिड्नेछ । जसले आफ्नो १३४ वर्षको इतिहासमा १३२ वर्ष तल्लोस्तरको (नन-लिग) फुटबल मात्र खेलेको छ ।

गर्विलो इतिहास बोकेको लेस्टरको यो दुर्दशा हुनुका पछाडि एउटै मात्र कारण थियो- क्लबका प्रभावशाली मालिक भिचाई श्रीवद्धनप्रभाको हेलिकोप्टर दुर्घटनामा भएको निधन । भिचाईको निधन क्लबका लागि अपूरणीय क्षति बन्यो । उनका छोराले क्लबको जिम्मेवारी सम्हाले पनि सही दिशातर्फ लान सकेनन् । लेस्टरले तीन वर्षभित्र सातजना प्रशिक्षक फेरिसकेको छ । यसले पनि क्लबको खेल्ने शैली र पहिचान नै हरायो ।



> अपराजित रहँदै सन् २०१६ को इंग्लिस प्रिमियर लिगमा च्याम्पियन बनेको लेस्टर सिटी तेस्रो डिभिजनमा पुग्यो

सात करोड १० लाख पाउन्ड घाटामा

'बी' डिभिजनमा झरेपछि लेस्टरले आर्थिक संकट सामना गरेको छ । एक किसिमले लेस्टर अहिले इतिहासकै गम्भीर आर्थिक संकटमा छ । सन् २०२४/२५ को सिजनमा मात्रै क्लबले सात करोड १० लाख पाउन्डभन्दा बढीको घाटा व्यहोरेको थियो । आर्थिक नियम उल्लंघन गरेका कारण यसै सिजन क्लबको ६ अंकसमेत काटिएको थियो । त्यसमाथि पनि धेरै पारिश्रमिक लिने खेलाडी र बैंकको ऋणले क्लबलाई थप आर्थिक दबाबमा पारेको बिबिसीले जनाएको छ ।

लेस्टरको यो अवस्था देखेर समर्थक पनि मर्माहत छन् । केही दिनअघि पोर्ट्समाउथसँगको हारपछि इंग्ल्यान्डका अन्तर्राष्ट्रिय खेलाडी ह्यारी विंक्सले समर्थकसँग भनाभन गरेका थिए । 'हामीले असम्भव सपना देख्यौं र पूरा पनि गऱ्यौं,' लेस्टरका समर्थकले भने, 'तर, अहिलेको यो पतन एकदमै पीडादायी छ ।' समर्थकले लेस्टरको गर्विलो र खराब अवस्थाको साक्षी बन्दा सुख र दुःख सामना गरेको बताए ।

नियमित प्रशिक्षक परिवर्तनको प्रभाव

सन् २०२२ मा प्रिमियर लिगमा आठौँ स्थानमा पुगेपछि र कन्फरेन्स लिगको सेमिफाइनलपछि प्रशिक्षक ब्रेन्डन रोजर्सले क्लबमा केही परिवर्तन गर्नुपर्ने चेतावनी दिएका थिए । कोभिड- १९ ले भिचाईको स्वामित्वमा रहेको किङ पावरमा ठुलो असर पारेको थियो । सन् २०२२/२३ सिजनमा यसको अवसर देखियो । लेस्टरले सुरुका आठ खेलसम्म जित निकाल्न सकेन । प्रशिक्षक रोजर्सले लेस्टरले ४० अंक पुऱ्याउने लक्ष्यमा ध्यान दिनुपर्ने बताए । लेस्टरले २०२० र २०२१ मा लगातार दुई सिजन अन्तिम दिन च्याम्पियन्स लिगमा स्थान गुमाएको थियो ।

टोलीमा जेमी वार्डी, जेम्स म्याडिसन र युरी टिलेमान्सजस्ता अन्तर्राष्ट्रिय खेलाडी थिए । तर, २०२३ अप्रिलमा क्लब तल्लो तीनमा हुँदा रोजर्सलाई बर्खास्त गरियो । त्यसपछि आएका एस्टन भिल्ला र नर्विचका पूर्वप्रशिक्षक डिन स्मिथले पनि क्लबलाई बचाउन सकेनन् । रोजर्सपछि तीन वर्षमा लेस्टरले सात प्रशिक्षक परिवर्तन गऱ्यो । डिन स्मिथपछि एन्जो मारेस्का आएका थिए । स्टिभ कुपर अनि रुड भान निस्टेलरोयले लेस्टर सम्हाले पनि टोलीलाई माथिल्लो लेभलमा पुऱ्याउन सकेनन् । लेस्टरका पूर्वडिफेन्डर ग्यारी रोवेट नियुक्तिपछि प्रदर्शन झन् खस्किएको ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com